# समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना अन्तर्गत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना-अतिरिक्त सहयोग
आयोजना कार्यान्वयन इकाई
हरिहरभवन, ललितपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना अन्तर्गत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

*(नेपाल सरकार सचिव स्तरिय निर्णयानुसार मिति २०७५/१०/०४ मा स्वीकृत)*


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना-अतिरिक्त सहयोग
आयोजना कार्यान्वयन इकाई
हरिहरभवन, ललितपुर

२०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषय सूची


समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना तथा कृषि विकास कार्यक्रम सञ्चालन प्रकृया .................... १

१. कृषक समूह गठन तथा पुनर्गठन कार्यक्रम .................... ८

२. सिप विकास तथा जनचेतना अभिबृद्धि (तालिम तथा गोष्ठि) कार्यक्रम .................... १४

 २.१ स्थलगत घुम्ती कृषक तालिम .................... १४

 २.२ उप आयोजना स्तर कार्यक्रम तर्जुमा गोष्ठी .................... १७

 २.३ उप आयोजना स्तरीय कृषक गोष्ठी .................... २०

 २.४ उप आयोजनास्तर मौसमी/सिजनल योजना तर्जुमा गोष्ठि .................... २०

३. प्रदर्शन कार्यक्रम .................... २१

 ३.१ उत्पादन प्रदर्शन कार्यक्रम (खाद्यान्न, दाल र तेलहनबाली) .................... २१

 ३.२ उत्पादन प्रदर्शन कार्यक्रम (वेमौसमी तरकारी बाली) .................... २४

 ३.३ उत्पादन प्रदर्शन कार्यक्रम (बियाँद्वारा बीउ आलु) .................... २५

 ३.४ नतिजा प्रदर्शन कार्यक्रम (खाद्यान्न, दाल र तेलहन बाली) .................... २६

 ३.५ हरियो मल नतिजा प्रदर्शन कार्यक्रम .................... ३०

 ३.६ नतिजा प्रदर्शन कार्यक्रम (आलु बाली) .................... ३१

 ३.७ बाली चक्र (Cropping Pattern) प्रदर्शन कार्यक्रम .................... ३५

 ३.८ तरकारी प्याकेज प्रदर्शन कार्यक्रम .................... ३६

 ३.९ प्लाष्टिक टनेलमा थोपा सिंचाइ प्रदर्शन कार्यक्रम .................... ३७

 ३.१० सुक्ष्मतत्व प्रयोग प्रदर्शन कार्यक्रमः .................... ३९

 ३.११ सुक्ष्म जैविक मल प्रयोग प्रदर्शन कार्यक्रम .................... ४०

 ३.१२ गोठेमलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदर्शन) कार्यक्रम .................... ४०

४. उन्नत बीउ कीट वितरण कार्यक्रम .................... ४३

५. बाली कटानी (क्रप कटिङ्ग) कार्यक्रम .................... ४५

६. प्रस्तावका आधारमा सञ्चालन गरिने व्यावसायिक कृषि विकास कार्यक्रम .................... ४७

 ६.१ युवा लक्षित कार्यक्रम .................... ४७

 ६.२ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम .................... ५९

७. व्यावसायिक कृषि विकास कार्यक्रम .................... ६९

 ७.१ बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम .................... ६९

 ७.२ बीउ उत्पादन/बीज बृद्धि कार्यक्रम (खाद्यान्न बाली) .................... ७९

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं


८. माटो परिक्षण सेवा कार्यक्रमः........ ८२
९. आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम........ ८६
१०. अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ/स्प्रेयर/सीड विन/हर्मेटिक व्याग/प्लाष्टिक सिट)........ ८८
११. कृषि उत्पादन सामग्री ढुवानी कार्यक्रम........ ९५
१२. उप– आयोजना प्रोफाइल तयारी कार्यक्रम........ ९५
१३. एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला कार्यक्रम (ICWM-FFS)........ १०१

परिशिष्ट १ सिंचाई नभई नहुने बालीहरूको महत्वपुर्ण अवस्थाहरू........ ११६
परिशिष्ट २ वार्षिक कार्यक्रम फाराम........ ११८
परिशिष्ट ३ प्रगति प्रतिवेदन फाराम........ ११९
परिशिष्ट ४ अनुगमन फाराम........ १२१
परिशिष्ट ५ अनुगमन मूल्याङ्कनका सूचकहरु फाराम........ १२२
परिशिष्ट ७ प्रशासनिक खर्च विवरण फाराम........ १२३
परिशिष्ट ९ तालिम तथा कार्यक्रम खर्च विवरण फाराम........ १२४
परिशिष्ट ८ अनुगमन तथा मूल्याङ्कन खर्च विवरण फाराम........ १२५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना तथा कृषि विकास कार्यक्रम सञ्चालन प्रकृया

## क. आयोजनाको परिचय

कृषि क्षेत्रको माध्यामबाट देशको खाद्य सुरक्षा तथा जिविकोपार्जन सुधार गर्ने उद्देश्यले एशियाली विकास वैङ्कको ऋण सहयोगमा पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका जिल्लाहरुमा अवस्थित कृषक व्यवस्थित सिंचाई प्रणालीहरुको निर्माण, मर्मत सुधार र जल उपभोक्ता समितिको क्षमता अभिवृद्धि तथा सिंचित कृषि क्षेत्रको विकासमा सहयोग पुऱ्याउन वि.सं. २०६३ असार देखि ६ वर्षको लागि वि.सं. २०६९ साल सम्म समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP) सञ्चालनमा आई सम्पन्न भएको थियो। त्यसैको निरन्तरता स्वरुप केही आयोजनाको ढाँचामा केही परिवर्तन गरी प्रदेश नं १, प्रदेश नं २ र प्रदेश नं ३ का सवै जिल्लाहरु, गण्डकी प्रदेशका लमजुङ्ग, तनहुँ, स्याङ्गजा र पर्वत तथा कर्णाली प्रदेशको रुकुम जिल्लामा आ.व. २०७१/७२ देखि आ.व. २०७७/७८ सम्म दोश्रो चरणमा समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना-अतिरिक्त सहयोग (CMIASP-AF) सञ्चालित छ।

यस आयोजनाले प्रदेश नं १, प्रदेश नं २ र प्रदेश नं ३ का सवै जिल्लाहरुमा नयाँ कुलो नहर निर्माणभन्दा कृषकहरुले आफ्नै प्रयासबाट वर्षौंदेखि सञ्चालन गर्दै आएका १५० वटा समुदाय व्यवस्थित सिंचाई प्रणाली (FMIS) हरुको मर्मत तथा सुधार एवं थप क्षेत्र विस्तार गर्नुका साथै लमजुङ्ग, पर्वत, कास्की, स्याङ्गजा र रुकुम जिल्लामा ५ वटा संस्थाबाट व्यवस्थित सिंचाई प्रणाली **(AMIS)** मार्फत नयाँ आयोजनाहरुको निर्माण तथा सुधार गर्ने लक्ष्य लिएको छ। यस आयोजनाले जिल्लामा विद्यमान क्षतीग्रस्त समुदाय व्यवस्थित सिंचाई प्रणालीहरुको छनोट गरी तिनको मर्मत तथा पुनर्निर्माण गरी सिंचाई सुविधा प्रदान गर्ने तय गरेको छ । आयोजनाको कुल छ वर्षको अवधिमा १५५ वटा सिंचाई प्रणालीको निर्माण तथा मर्मत संभार गर्ने कार्यक्रम रहेको छ।

यस आयोजनाको कृषि कम्पोनेन्ट/संभाग सम्वन्धमा कृषि विभाग अन्तर्गत स्थापना भएको आयोजना कार्यान्वयन इकाई **(PIU)** को समन्वय र सहकार्यमा चालु आर्थिक वर्ष देखि स्थानीय तह मार्फत कृषक, कृषक समूह, कृषि सहकारी र जल उपभोक्ता समितिका सदस्यहरुलाई कृषि क्षेत्रमा प्रत्यक्ष लाभ हुने कृषि विकास कार्यक्रम कार्यान्वयन हुन्छ। समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना-अतिरिक्त सहयोग (Community Managed Irrigated Agriculture Sector Project-Additional Financing) अन्तर्गत कृषि तर्फ कृषि विकास कार्यक्रम सिंचाइको समुचित प्रयोग गर्दै बाली उत्पादन बढाउने पृष्ठभूमिमा रहेर कम्पोनेण्ट "सी" मा समावेस भएको कार्यक्रम हो। सिंचित



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

क्षेत्रमा उन्नत कृषि प्रविधिको विस्तार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने कार्यक्रम मार्फत आयोजनाको उद्देश्य र लक्ष्य प्राप्त गर्नु पर्ने भएकोले यस कार्यक्रमको महत्व आफै स्पष्ट हुन्छ। सिंचाई सुविधा पुगेको ठाउँमा कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन गरी कृषि उत्पादनमा वृद्धि ल्याउनुका साथै कृषकको जिवनस्तर सुधार गर्नु नै आयोजनाको प्रमुख लक्ष्य रहेको छ। यस आयोजनाको सिंचाई कम्पोनेन्ट अन्तर्गत सिंचाई प्रणाली मर्मत संभारको कार्य सिंचाई विभाग मार्फत हुन्छ।

## ख. आयोजनाको उद्देश्य

आयोजना क्षेत्रमा सिंचाई प्रणालीको सुधार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि, गरीबी निवारण, खाद्य सुरक्षा र कृषि क्षेत्रबाट आयस्तर वृद्धिका लागि समय सापेक्ष कृषि विकास कार्यक्रमहरु मार्फत सेवाटेवा प्रवाह गराउन तपसिल वमोजिमका उद्देश्यहरु रहेका छन्।

- ✓ स्थानीय आवश्यकता, माग र सम्भावनाका आधारमा ठाउँ विशेष अनुसारको बालीवस्तु विशेषको पहिचान गरी आवश्यक कार्यक्रम कार्यान्वयन गरिने,
- ✓ साना कृषक, सुकुम्बासी, गरिब, महिला, जनजाति तथा दलितलाई प्राथमिकतामा राखी कृषकहरुको व्यवसायिक कृषि कार्यक्रम मार्फत जिविकोपार्जन सुधारमा सहयोग पुर्याउने,
- ✓ सिंचाई प्रणालीको सुधार गरी खाद्यान्नमा आत्मनिर्भर हुन मुख्य खाध्यान्न बालीहरुको (धान, गहुँ र मकै) उत्पादनमा ३०% ले वृद्धि ल्याउने,
- ✓ बाली सघनता तराई क्षेत्रमा ३०% र पहाडी क्षेत्रमा ४५% को सिंचाई आयोजनामा वृद्धि ल्याउने,
- ✓ सिंचाइको उपलव्धता, उपयोग र जल व्यवस्थापनमा बृद्धि तथा उचित व्यवहारको अनुकरण गरिने,
- ✓ कृषक क्षमता अभिबृद्धि तालिम कार्यक्रम सञ्चालन हुने,
- ✓ सम्वन्धित स्थानीय तहका प्राविधिक कर्मचारीको उत्प्रेरणाको लागि समयसापेक्ष नविनतम प्रविधि र बाली वस्तु विशेष सम्वन्धि क्षमता अभिबृद्धि तालिम कार्यक्रम सञ्चालन हुने,
- ✓ प्रत्येक सिंचाई उपआयोजनामा १/१ जना अगुवा कृषकलाई कृषि श्रोत व्यक्ति रुपमा विकास गर्ने र
- ✓ आयोजनाको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न एसियाली विकास बैङ्क, कृषि अनुसन्धान तथा अन्य विषयगत निकायहरुसँग आवश्यकता अनुसार समन्वय तथा सहकार्य गर्ने।



सचिव

## ग. आयोजनाको कार्यक्रम कार्यान्वयनका आधारभूत सिद्धान्त

कृषि विकास कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन मुख्यतय जनसहभागितामूलक पद्धति अनुरुपका प्रक्रियाका माध्यमबाट सञ्चालन हुनेछन् । जुन कुरा देहाय वमोजिमका कार्यान्वयनका आधारभूत सिद्धान्तहरु आधारित हुन्छ ।

- ✓ सिंचाइ उपलव्धताको आधारमा अधिकतम उपयोगका लागि स्थानीय आवश्यकताको पहिचान र कार्यान्वयन,
- ✓ कृषकको मागका आधारमा सेवा तथा सहयोगात्मक कृषि विकास कार्यक्रम तर्जुमा,
- ✓ कृषि क्षेत्रमा सेवा प्रवाह तथा सहयोग मार्फत खाद्य सुरक्षा तथा जीविकोपार्जन सुधार,
- ✓ कृषक समूह, सहकारी तथा जल उपभोक्ता समितिको संस्थागत विकास,
- ✓ कृषक, कृषक समूह, सहकारी, जल उपभोक्ता समिति, कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धि,
- ✓ कृषि श्रोत व्यक्ति तयार गरी स्थानीय स्तरमा नियमित दीगो कृषि सेवा प्रवाहको व्यवस्था,
- ✓ सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रावधान ।

## घ. आयोजनाबाट सञ्चालन हुने कार्यक्रमहरु

आयोजना सञ्चालन निर्देशिकामा उल्लेख भए अनुसार उप-आयोजनास्तरमा सञ्चालन गरिने कृषि प्रसार सेवा टेवा अन्तर्गत निम्न क्रियाकलापहरु गर्न सकिने छ ।

- ✓ प्रदर्शन कार्यक्रम
- ✓ गुणस्तरीय वीउ उत्पादन/वीज बृद्धि कार्यक्रम
- ✓ जिविकोपार्जन सुधारका लागि व्यवसायिक कृषि विकास कार्यक्रम
- ✓ उन्नत वीउ वितरण कार्यक्रम
- ✓ अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरणहरु)
- ✓ एकिकृत बाली तथा जल व्यवस्थापन कृषक पाठशाला कार्यक्रम
- ✓ स्थलगत घुम्ती कृषक तालिम कार्यक्रम
- ✓ एकिकृत बाली तथा जल व्यवस्थापन कृषक भ्रमण कार्यक्रम
- ✓ क्रप कटिङ्ग कार्यक्रम
- ✓ माटो परिक्षण कार्यक्रम
- ✓ बाली वस्तु विशेष अगुवा कृषक तालिम कार्यक्रम
- ✓ उपआयोजना स्तर योजना तर्जुमा गोष्ठी, कार्यक्रम
- ✓ सेवा प्रदायक निजी क्षेत्र र जल उपभोक्ता संस्थाको क्षमता अभिबृद्धि, कार्यक्रम



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ नमूना प्रदर्शन तथा कृषक तालिम् आदिका माध्यमबाट ज्ञान र सीपको अभिबृद्धि कार्यक्रम
- ✓ नहर प्रणाली सञ्चालन, जल व्यवस्थापन, बजार सम्बन्धी सूचना र संकलन केन्द्र व्यवस्थापन सम्बन्धमा कृषकहरुलाई अन्तर जिल्ला भ्रमण कार्यक्रम
- ✓ अगुवा कृषकहरुलाई कृषि श्रोत व्यक्ति रुपमा विकास गर्ने कार्यक्रम

## ङ. आयोजनाको कृषि विकास कार्यक्रम योजना तर्जुमा प्रकृया

आयोजनाको कृषि विकास कार्यक्रम योजना तर्जुमा प्रकृया शुरु गर्दा सर्वप्रथम आयोजना र एशियाली विकास बैङ्कको समन्वयमा आगामी आर्थिक वर्षमा कृषि विकास कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह र वजेट सिलिङ्गबारे छलफल गरी विनियोजित वजेट सहित स्थानीय तहहरु छनौट गरिन्छ । छनौट भएका स्थानीय तहका कृषि प्राविधिक, कृषि विभाग अन्तर्गत आयोजना र आयोजनाका परामर्शदाताले सिंचाइ उपआयोजनाको कमाण्ड क्षेत्रभित्रका कृषकहरुसँग स्थलगत भेटघाट र अन्तरकृया गरेर आवश्यक कृषिका कृयाकलापहरुको प्राथमिकता निर्धारण गरिन्छ। कृषि विभाग अन्तर्गत आयोजना, स्थानीय तहका प्राविधिक, परामर्शदाता र जल उपभोक्ता समितिसँग समन्वय, सहकार्य एवं प्राथमिकता निर्धारणको आधारमा क्रियाकलापहरु समावेश गरी वजेटको परिधिभित्र रहि कृषि विकास कार्यक्रम तथा बजेट मस्यौदा तय गरिन्छ । सिंचाइ उपआयोजनाको कमाण्ड क्षेत्रभित्र प्राय ३ आर्थिक वर्षसम्म मात्र लक्ष्य पूरा नहुन्जेलसम्म कार्यक्रम सञ्चालन गरिन्छ । स्थानीय तहमा कार्यान्वयन हुने कृषि विकास कार्यक्रमको स्थलगत योजना तर्जुमामा कृषि विभाग वा आयोजनाको अनिवार्य सहभागिता भएमा मात्र कृषि विकास कार्यक्रम तथा वजेट तर्जुमा प्रकृया अगाडि वढाईन्छ । आयोजनाले तयार गरेको कृषि विकास कार्यक्रमको मस्यौदा कृषि विभागमा छलफल गरी स्विकृत गराई कृषि तथा पशुपन्छी मन्त्रालयमा छलफलका लागि पेश गरिन्छ । मन्त्रालयबाट छलफल पश्चात उक्त कार्यक्रम स्विकृत गराई स्थानीय हरुको LMBIS मा online प्रणालीबाट स्विकृत बजेट तथा कार्यक्रम श्रोत अनुसार विनियोजन भएको वजेटको आधारमा कृयाकलापहरु अर्थ मन्त्रालयबाट सशर्त अनुदानमा प्रविष्ट गरीन्छ। अख्तियार प्राप्त स्थानीय तहले अर्थ मन्त्रालयबाट प्रविष्ट भएको वजेट र कृयाकलापको आधारमा कार्यक्रम तथा वजेट गाउ/नगर सभाबाट स्विकृत गराई सिंचाइ उपआयोजनाको कमाण्ड क्षेत्रभित्र मात्र सञ्चालन गर्नु पर्दछ ।

## च. आयोजना सञ्चालन गर्ने निकाय र सम्वन्धित निकायका कार्यहरु

कृषकलाई तत्काल तथा प्रत्यक्ष लाभ हुने मुख्य क्रियाकलापहरु स्थानीय तहबाट सञ्चालन गरिन्छ भने अन्य समन्वय तथा सहकार्य सम्वन्धि कार्यक्रमहरु कृषि विभाग अन्तर्गत आयोजना कार्यान्वयन इकाई मार्फत कार्यान्वयन हुन्छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अ. स्थानीय तह

यस आयोजनाले १५५ वटा सिंचाई प्रणाली अवस्थित स्थानीय तह मार्फत कृषक, कृषक समूह, सहकारी तथा जल उपभोक्ता समितिका पदाधिकारीहरुलाई कृषि प्रविधि सम्वन्धि सेवाटेवा दिने कार्यहरु हुन्छ । स्थानीय तह मार्फत कृषकहरुलाई तत्काल तथा प्रत्यक्ष लाभ हुने देहाय वमोजिमका कृषि विकास कार्यक्रमहरु सञ्चालन हुन्छन ।

(१) प्रदर्शन कार्यक्रम
(२) गुणस्तरीय वीउ उत्पादन/वीज बृद्धि कार्यक्रम
(३) उन्नत वीउ वितरण कार्यक्रम
(४) अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरणहरु)
(५) स्थलगत घुम्ती कृषक तालिम कार्यक्रम
(६) प्रस्तावका आधारमा सञ्चालन गरिने व्यवसायिक कृषि विकास कार्यक्रम
(७) जिविकोपार्जन सुधारका लागि व्यवसायिक कृषि विकास कार्यक्रम
(८) क्रप कटिङ्ग कार्यक्रम
(९) माटो परिक्षण कार्यक्रम
(१०) उपआयोजना स्तर योजना तर्जुमा गोष्ठी, कार्यक्रम
(११) एकिकृत बाली तथा जल व्यवस्थापन कृषक पाठशाला कार्यक्रम
(१२) उप-आयोजना क्षेत्रका कृषकहरुसँग भेटघाट, छलफल र योजना तर्जुमा,
(१३) जल उपभोक्ता समितिसँग समन्वय, सहकार्य एवं प्राथमिकताको आधारमा क्रियाकलापहरु तय,
(१४) सञ्चालित कार्यक्रमको प्रगति कम्पाईल गरी कृषि विभाग अन्तर्गत आयोजना कार्यान्वयन ईकाई (PIU) चौमासिक तथा बार्षिक प्रगति (भारित तथा वित्तिय) प्रतिवेदन पठाउने,
(१५) एसियाली विकास बैङ्कको बैदेशिक श्रोतको खर्च विवरण (Statement of Expenditure/SOE) फर्मेट चौमासिक तथा बार्षिक रुपमा आयोजना कार्यान्वयन ईकाई (PIU) पठाउने,
(१६) कार्यक्रम अनुगमन तथा मूल्यांकन ।

आ. आयोजना कार्यान्वयन ईकाई **(Project Implementation Unit, PIU)**

कृषि विभागको निर्देशनमा रहि समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना **(CMIASP-AF)** को आयोजना कार्यान्वयन ईकाई **(Project Implementation Unit, PIU)** ले देहाय वमोजिमको कार्य विवरण तथा जिम्मेवारी रहेको छ ।

(१) स्थानीय तहहरुमा शसर्त अनुदानमा सञ्चालन हुने **CMIASP-AF** अन्तर्गतका कृषि विकास कार्यक्रमहरुको कार्यविधि र मार्गदर्शन तयार गर्न समन्वयकर्ताको रुपमा कार्य गर्ने,



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) आयोजना लागु भएका निकायहरुलाई कार्यान्वयनको लागि सहयोग समन्वय र निर्देशन दिने,

(३) आयोजनाको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न एडिवि, कृषि अनुसन्धान, तथा अन्य विषयगत निकायहरुसँग आवश्यकता अनुसार समन्वय तथा सहकार्य गर्ने,

(४) आयोजनाको स्थानीय तहमा कार्यान्वयन हुने कृषि विकास कार्यक्रमको स्थलगत योजना तर्जुमा सहभागिता जनाई कृषि विकास कार्यक्रम तथा वजेट तर्जुमा गर्ने,

(५) मातहत कार्यालयहरुबाट प्रगति संकलन गर्ने र आयोजना सम्वन्धि विवरण एवं सञ्चालित कार्यक्रमबारे सम्वन्धित निकायमा नियमित रिपोर्टिङ्ग गर्ने,

(६) आयोजना र स्थानीय तहमा सञ्चालित कार्यक्रमको प्रगति कम्पाईल गरी कृषि विभाग र कृषि तथा पशुपन्छी मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउने,

(७) आयोजनाको कृषि विकास कार्यक्रमहरुको मासिक/चौमासिक/वार्षिक प्रगति समिक्षा गर्ने,

(८) आयोजनाको लक्ष्य अनुसारको उपलव्धि सूचक मापनका लागि जानकारी संकलन गरी विश्लेषण गर्ने र कृषि विभागको स्विकृति लिएर मात्र प्रतिफल र उपलव्धि तय गर्ने,

(९) स्थानीय तहले सञ्चालन गर्ने विज बृद्धि कार्यक्रम सञ्चालनका लागि आवश्यक श्रोत विउको माग अनुसार अनुसन्धान केन्द्रका श्रोत केन्द्रसँग समन्वय गरी विउ वासालात (Seed Balance Sheet) तयार गरी आवश्यक गुणस्तरिय मूल वीउको मागलाई शुनिश्चितता प्रदान गर्न सहयोग गर्ने,

(१०) प्रत्येक सिंचाई उपआयोजनामा लामो अवधिको तालिम प्रदान गरी एक एक जना अगुवा कृषकहरुलाई कृषि श्रोत व्यक्ति रुपमा विकास गर्ने,

(११) सम्वन्धित स्थानीय तहका प्राविधिक कर्मचारीको उत्प्रेरणाको लागि समयसापेक्ष नविनतम प्रविधि र बाली विशेष सम्वन्धि क्षमता अभिबृद्धि तालिम दिने,

(१२) एसियाली विकास बैङ्कको बैदेशिक श्रोतको खर्च विवरण (SOE) स्थानीय तहमा भएको खर्च कम्पाईल गरी सम्वन्धित निकायमा पठाई फुकुवाका लागि पहल गर्ने,

(१३) कार्यक्रम अनुगमन तथा मूल्यांकन गर्ने।

## छ. यस आयोजना अन्तर्गत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम सञ्चालन प्रकृया तथा नर्मस् (कार्यविधि)

कृषि विकासका लागि महत्वपूर्ण उत्पादन सामग्री मध्ये जमिन, जल, जनश्रम र प्रविधि आदि पर्दछन् । कृषि विकास कार्यक्रम मार्फत कृषि विकासका लागि आवश्यक जमिन, जल, जनश्रम र प्रविधि जस्ता श्रोत साधनको व्यवस्थापन गर्न जरुरी हुन्छ । हाल सिंचाईको आवश्यकता भन्दा पनि कृषि क्षेत्रमा दिन प्रतिदिन जनश्रम पलायन भएर सिंचित कृषियोग्य जमिन समेत वाझो हुदै जाने टडकारो समस्यालाई कृषि विकास कार्यक्रम मार्फत सम्वोधन गर्न महत्वपूर्ण भूमिका हुनु पर्ने



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

देखिएको छ । यस आयोजनाको कृषि विकास कार्यक्रम मार्फत कृषि अनुसन्धानबाट विकास गरिएका समयसापेक्ष परिमार्जित स्थानीय र नविनतम् कृषि प्रविधिहरु कृषकको माग र सम्भाव्यता अनुसार कृषि प्राविधिक र कृषि विशेषज्ञको माध्यमद्वारा कृषक, समूह तथा समिति समक्ष पुर्याई कृषि सेवा प्रवाह गर्न आवश्यक देखिएको छ। नविनतम् कृषि प्रविधि अन्तर्गत कृषकहरुको लागि कुनै बालीको नयाँ जात, बाली लगाउने तरिका, मलखाद प्रयोग गर्ने तरिका, गोडमेल गर्ने तरिका, सिँचाइ गर्ने तरिका, रोग कीरा लागेमा नियन्त्रण गर्ने तरिका, विषादी प्रयोग गर्ने तरिका, लागत घटाउने र न्यूनतम श्रोत साधन उपयोग गर्ने खालका कृषि उत्पादन सामग्रीहरु आदि पर्दछन् । कृषि विकास कार्यक्रमले कृषकको ज्ञान, सीप र मनोभावनामा परिवर्तन ल्याई कृषि उत्पादन एवं उत्पाकत्वका साथै आयमा वृद्धि गरी जीविकोपार्जन सुधारमा समेत सहयोग पुर्याउन सक्दछ । यसले कृषकले गर्न नचाहेको काम बलजफ्ती गराउन सक्दैन र सम्झाई बुझाई गरेर समझदारीबाट मात्रै यसले काम गर्दछ । कृषि विकास कार्यक्रमको सफलता कृषक र उसको परिवारका समस्याहरु हल गर्ने तरिका वा प्रकृयाहरुमा भर पर्दछ ।

विभिन्न अनुसन्धानबाट सिफारिस गरिएका कृषि प्रविधि र सीपलाई प्रभावकारी ढङ्गले लक्षित वर्ग समक्ष पुर्याउने दायित्व कृषि प्राविधिक र कृषि विशेषज्ञको प्रमुख दायित्व हुन्छ । कृषक समक्ष बढी भन्दा बढी प्रविधि र सीपहरु प्रभावकारी रुपमा पुर्याउन कृषि विकास कार्यक्रम र यस्को सञ्चालन प्रकृया वा कार्यविधिको भूमिका महत्त्वपूर्ण हुन सक्दछ । कृषि विकास कार्यक्रम र यस्को सञ्चालन प्रकृया वा कार्यविधिले कृषकलाई नयाँ नयाँ प्रविधिहरू अपनाउन प्रोत्साहन गर्ने र आवश्यक सेवा सामग्रीको सदुपयोग गराउन सिकाउने मात्र हैन, कृषकका समस्याहरूको समाधान समेत खोजी कृषक कहाँ पुर्याउँछ।

विगतका समयदेखि कृषि अनुसन्धानबाट विकसित जुनसुकै कृषि प्रविधि कृषक समक्ष कृषि विभाग अन्तर्गत हुँदै जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र र कृषि प्राविधिकको माध्यम मार्फत हुने गरेको अवस्था थियो भने हालको नयाँ संरचना अनुसार अधिकांश कृषकलाई प्रत्यक्ष लाभ हुने कृषि विकास कार्यक्रमहरु स्थानीय तह मार्फत हुने व्यवस्था गरिएको छ। यो कार्यविधि स्थानीय तह मार्फत हुन सक्ने विभिन्न किसिमका कृषि विकास कार्यक्रमको लागि कार्यक्रम सञ्चालनमा ठूलो सहयोग हुने विश्वास लिईएको छ। वृहद दायरा लिएको कृषि विकास कार्यक्रमलाई सीमित क्षेत्र भित्र ल्याउन सान्दर्भिक नभएतापनि यस आयोजनाले प्रष्ट र कार्यान्वयन योग्य तुल्याउन फिल्डमा गरिने कार्यहरूको कार्यान्वयन प्रक्रिया र बजेट खर्च प्रक्रियामा एकरुपता आओस्, कार्यक्रमहरू सुव्यवस्थित एवं कृषकोपयोगी बनून् र वेरुजुको समस्या पनि नरहोस् भन्ने दृष्टिकोणबाट कार्यविधि तयार गरिएको छ। स्थानीय तह मार्फत कार्यान्वयन हुने आयोजनाको कृषि कार्यक्रम सञ्चालन गर्न



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यविधिको आवश्यकताका महशुस भएकोले यस आयोजना लागु भएका स्थानीय तह मार्फत कार्यान्वयन गर्न कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ तयार गरिएको छ ।

## १. कृषक समूह गठन तथा पुनर्गठन कार्यक्रम

### १.१ कार्यक्रमको पृष्ठभूमिः

मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाईएको संगठनलाई समूह भनिन्छ। अर्थात निर्धारित उद्देश्य प्राप्त गर्न न्यूनतम् १५ वा सो भन्दा बढी सामाजिक तथा मनोवैज्ञानिक रुपले अन्तर आश्रित व्यक्तिहरु मिली बनेको मानिसहरुको भेला वा जमात नै समूह हो भन्न सकिन्छ। कुनै पनि समूहले आफ्ना निर्णयहरु आफैं गरी आफ्ना सदस्यहरुले नै कार्यान्वयन गर्ने र नियमित रुपमा आवद्ध भै समूहको हितका लागि र निश्चित उद्देश्य हासिल गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने गरेका छन् भने त्यस्ता समूहलाई सकृय समूह भनिन्छ। कुनै भेला वा जमातलाई समूह बन्नका लागि समान उद्देश्य, सदस्यहरुबीच सार्थक अन्तरक्रिया, सदस्यहरुबीच स्थायी सम्बन्ध, सदस्यहरु बीच निकटता, आत्मीयता तथा अपनत्वको भावना र सदस्यहरुबीच केही हदसम्म अन्तरनिर्भरता जस्ता आधारभूत पक्षहरु पुरा भएको हुनु पर्दछ ।

समग्र कृषि विकासमा संलग्न विभिन्न निकायहरुमार्फत कृषकहरुलाई समयसापेक्ष कृषि प्रसार सेवाटेवा सरल, सहज, सुलभ, मितव्ययी एवम् ग्रहणयोग्य तबरले उपलब्ध गराउन कृषि उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था/पद्धतिको आवश्यकता समय अनुरुप महसुस हुँदै आयो। यसै परिवेशमा कृषि प्रसारसँग सम्बन्धित सबै प्रकारका सेवाटेवा लाई एकीकृत गर्दै एउटै छानोमुनिबाट प्रवाह गर्ने विभिन्न अभ्यासहरु समेत गरिएको देखिन्छ। तर प्रचुर भौगोलिक तथा जलवायु विविधता र न्यूनतम पूर्वाधार विकास भएको नेपाल जस्तो देशको कृषि प्रसार सेवा टेवालाई व्यक्तिगत भेटघाटको परिपाटी अनुसार प्रवाह गर्नु भन्दा कृषक समूह मार्फत प्रवाह गराउँदा प्रभावकारी, मितव्ययी एवं छिटो छरितो रुपमा बढी भन्दा बढी कृषकहरुको समेत सहभागिता हुन सक्ने तथ्य विभिन्न प्रकारका प्रसार पद्दतीहरुको परीक्षणबाट पृष्ठपोषण भएको पाईन्छ। एक्लैले सम्पन्न गर्न नसकेको काम सामूहिक रुपमा सम्पन्न गरी त्यसबाट आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याउन तथा धेरै भन्दा धेरै कृषकहरुलाई कार्यक्रममा समावेश गराई छिटो छरितो रुपमा प्रविधि विस्तार गर्न कृषक समूहको भूमिका अहम् रहन्छ। साथै कृषकहरुमाझ नेतृत्व विकास गरी स्थानीय श्रोत र साधनको समुचित प्रयोगद्वारा सो क्षेत्रको समग्र विकासमा कृषक समूहले टेवा पुर्याउने गरेको पाइएको छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

यिनै तथ्यहरुलाई मनन् गर्दै मौजुदा रहेको न्यून संख्याका कृषि प्रसार कार्यकर्ता मार्फत अधिक कृषकहरु समक्ष कृषि प्रसार सेवाटेवा प्रवाह गर्दै कृषिको समष्ठिगत विकास गर्ने हेतुले कृषि मन्त्रालय अन्तर्गत कृषि विकास विभागबाट समूह गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०५० तयार गरी कृषि प्रसारमा समूह पद्धति प्रणाली सञ्चालन गरी हाल सम्म अवलम्बन गरिँदै आएको थियो भने हालै कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ कृषक समूह गठन स्विकृत भएको छ । यसक्रममा सुरुका अवस्थामा कृषक समूहहरुका भूमिका प्रभावकारी भै सोही अनुरुप कृषि विकासमा समेत सकारात्मक नतिजाहरु हासिल हुँदै आएको र समयको प्रवाहसँगै कृषक समूहहरुको संख्या, तिनीहरुको स्वामित्वमा रहेका चल अचल श्रोत साधन आदिमा अधिकतम वृद्धि हुनुका साथै तिनीहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी जटिल र गम्भीर समस्याहरु समेत सृजना भएको पाइएकोले सोको समस्या निराकरण गर्ने गरी हाल स्विकृत भएको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ वमोजिम कृषक समूह गठन तथा पुनर्गठन गर्नु पर्नेछ ।

**१.२ कार्यक्रमको उद्देश्यः**

- ✓ व्यक्ति/समुदायको आम समस्या मिलेर समाधान गर्न।
- ✓ समुदायमा आपसी छलफल र सहमतिमा विकास निर्माणको काम गर्न।
- ✓ कृषि पेशालाई व्यावसायिक रुपमा अघि बढाउन।
- ✓ समुदायलाई चाहिने कृषि लगायत अन्य सामाग्रीको उपलब्धता सहज रुपमा गराउन।
- ✓ एक अर्काको समस्या बुझी समुदायमा सहयोगको भावना एवं वातावरण बनाउन।
- ✓ संस्थागत विकास र सहयोग कार्यालय सहज बनाउन।
- ✓ कृषि उपजलाई व्यवस्थित रुपमा बजारमा पुर्याउन ।
- ✓ व्यक्ति/समुदायलाई आवश्यक पर्ने सूचना एवं प्रविधि आदान प्रदान गर्न।
- ✓ समुदायको सामाजिक वातावरण भै झगडा मुक्त बनाउन।
- ✓ सामूहिक खेती प्रणाली अवलम्बन गर्न।
- ✓ सहकारीको विकास गर्न।

**१.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ कृषक समूह गठन स्विकृत "कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५" वमोजिम गर्नु पर्नेछ ।
- ✓ कृषक समूह गठन गर्नको लागि निश्चित प्रकृया हुन्छ। हतारमा समूह गठन गर्नुहुँदैन। निश्चित प्रकृयाहरु अवलम्वन गरी समूह गठन गर्दा मात्र समूहले पर्याप्त परिपक्वता र सार्थक महत्त्व राख्दछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ स्थानीय निकायको कृषि शाखा/ इकाईले कृषक समूह गठन गर्दा देहायका कुराहलाई ध्यान दिनु पर्नेछ ।
  - (क) कृषकहरुको आवश्यकता र स्थानविशेषको कृषि उत्पादनको सम्भाव्यता,
  - (ख) सेवा पुर्याउनु पर्ने घरधुरी संख्या र कृषक संख्या,
  - (ग) कृषकहरुको आर्थिक, सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,
  - (घ) कृषक समूहमा विभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्वको सुनिश्चितता,
  - (ङ) समूहमा आबद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चितता र छनौट ।
- ✓ कृषक समूह गठनका लागि सदस्यहको छनौट गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्ने छ ।
  - (क) साझा कार्य उद्देश्य लिएका,
  - (ख) सामाजिक एवं आर्थिक स्तर एकरुपता भएका,
  - (ग) सकभर साक्षर एवं शैक्षिकस्तरमा समानता भएका,
  - (घ) समूहगत कार्यमा समय दिन सक्ने,
  - (ङ) उत्पादन समूहको हकमा सकेसम्म सँगसँगै खेत भएका,
  - (च) एउटै समुदाय वा स्थानमा बसोबास गर्ने,
  - (छ) कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको ।
- ✓ एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्ने छैनन् ।
- ✓ कुनै एक समूहमा आबद्ध भई सकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आबद्ध हुन सक्ने छैन ।
- ✓ समूह गठन प्रकृयालाई कृषक समूह गठन तथा व्यवस्थापन गर्दा देहायका प्रकृयाहरुको अवलम्बन गर्नुपर्ने छ ।
  - (१) प्रारम्भिक कृषक भेला
    - (क) इच्छुक कृषकहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने,
    - (ख) सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने,
    - (ग) कृषक भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने,
    - (घ) कृषक भेला सचांलनका लागि कृषकहरु मध्ये एकजनाले जिम्मेवारी लिई नेतृत्व गर्ने,
    - (ङ) कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता) वारे जानकारी पार्ने ।
  - (२) छलफल सञ्चालन
    - (क) कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता) विश्तृत रुपमा प्रष्ट पार्ने,



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) कृषक भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने,

(ग) इच्छुक व्यक्ति समूह सदस्य बन्न अनुसूची -५ को दफा ३ मा उल्लेख भए वमोजिम योग्य व्यक्तिलाई सदस्यताका लागि अनुसूची-८ वमोजिम आवेदन फाराम भराई नामावली तयार गर्ने,

(घ) उक्त भेलाले तदर्थ समिति गठन, विधान मस्यौदा समिति गठन र कार्य विभाजन गर्ने ।

(३) तदर्थ समितिको बैठक सञ्चालन

(क) बैठकका विषय वस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने,

(ख) सम्बन्धित निकायहरुलाई निमन्त्रणा गर्ने,

(ग) आवश्यक कागजात तयारी गर्ने,

(घ) समूहको विधानको खाका तयार पार्ने,

(ङ) समूह हितकोष सम्बन्धी निर्णय गर्ने,

(च) समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने,

(छ) सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने,

(ज) तदर्थ समिति गठन भएको १ महिना भित्र प्रारम्भिक साधारण सभा आयोजना गर्ने।

(४) प्रारम्भिक साधारण सभाको सञ्चालन र जिम्मेवारी

(क) ७ सदस्यीय कार्य समितिको गठन गर्ने,

(ख) समूहको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने,

(ग) विधान मस्यौदा माथि छलफल एवं स्वीकृत गर्ने,

(घ) बैक खाता सञ्चालन सम्बन्धी निर्णय गर्ने,

(ङ) आवश्यकता अनुसार निर्णयहरु गर्ने ।

✓ **कार्य समितिको गठन** : (१) कृषक समूहको कार्य समितिमा एक सात सदस्यिय देहाय बमोजिमको कार्य समिति रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष | - १ जना |
| (ग) सचिव | - १ जना |
| (घ) कोषाध्यक्ष | - १ जना |
| (ङ) सदस्य | - ३ जना |

(२) मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी मध्ये अध्यक्ष र उपाध्यक्षमा एक, सचिव र कोषाध्यक्षमा एक र एक जना सदस्य महिला हुनुपर्नेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(३) उप समितिगठन गर्न सकिनेः

(क) समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति लगायत आवश्यकता अनुसारका अन्य उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उपसमिति गठन गर्नुपर्नेछ ।

(ग) मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५% महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।

✓ **पदाधिकारीको काम, कर्तव्य र अधिकार** : कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

✓ **समूह विधान** : कृषक समूहको एक विधान हुनेछ । कृषक समूहले स्विकृत "कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५" उल्लेख भए वमोजिम विधान बनाउनु पर्नेछ । कृषक समूहले उक्त विधानलाई साधारण सभाबाट वहुमतले पारित गराई सम्वन्धित निकायमा दर्ता गराउनुपर्नेछ ।

✓ **कृषक समूह दर्ता** : (१) कृषक समूहको दर्ता सम्वन्धित स्थानीय तहको कृषि विकास शाखाले गर्नेछ ।

(२) कृषक समूहले कृषक समूहको दर्ता गर्नको लागि स्विकृत कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ वमोजिमको ढाँचामा समुह दर्ताको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(३) सम्बन्धित शाखाले कृषक समूह दर्ताको लागि रु. १००/- राजश्व शुल्क लिनुपर्नेछ ।

✓ **कृषक समूह दर्ता गर्नु नपर्नेः** साविक जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयमा दर्ता भैसकेका पुराना कृषक समूह एक पटकका लागि यस निर्देशिका वमोजिम कृषक समूह दर्ता भए सरह मानिनेछ ।

✓ **कृषक समूह पुनर्गठन** : (१) विधानमा उल्लेख भए बमोजिम कृषक समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ ।

(२) कृषक समूहको साधारण सभा वर्षको एकपटक भाद्र मसान्त भित्र गरीसक्नु पर्नेछ ।

(३) कृषक समूहले आफ्नो समूहको साधारण सभा/पुनर्गठन गरी सम्बन्धित इकाई/शाखालाई जानकारी दिनु पर्नेछ ।

✓ **कृषक समूह नविकरण** : (१) कृषक समूहले आफनो कृषक समूह दर्ता प्रमाण-पत्रको तीन वर्ष अवधि पूरा भैसकेपछि नविकरण गर्नु पर्नेछ ।



सचिव

(२) कृषक समूह नविकरणको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण-पत्र सहितको निवेदन सम्बन्धित इकाई/शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ ।

(३) नविकरणको लागि रु. ५०/- राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(४) म्याद सकिएको ३६ औं दिन देखि एक वर्ष सम्म रु. १००/- राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(५) एक वर्षसम्म पनि नविकरण नगरेको खण्डमा प्रति वर्ष रु. १००/- को दरले नविकरण शुल्क थप हुँदै जानेछ ।

✓ **श्रोत/हितकोष परिचालन** : (१) समूहमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सो खाताको सञ्चालन गर्नुपर्नेछ ।

(२) समूहले गरेको कुल लगानीमध्ये कम्तीमा ५०% लगानी कृषि क्षेत्रमा गर्नुपर्नेछ ।

(३) ऋण प्रवाह गर्दा लाग्ने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ ।

(४) कृषक समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन ।

✓ **समूहमा लेखा व्यवस्थापन** : समूह सञ्चालनको निम्ति आर्थिक तथा व्यवसायिक कारोवारमा चारवटा खाताहरु (सम्पत्ति खाता, सामान बिक्री तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्त्व खाता) राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

✓ **सुपरिवेक्षण, अनुगमन र मूल्यांकन** : प्रत्येक वर्ष समूहले सञ्चालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्न एक वटा तीन सदस्यीय उप समिति बनाउन सक्नेछ ।

✓ **मतभेद व्यवस्थापनको प्रक्रिया** : (१) समूह परिचालनको सम्बन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण सम्बन्धित वडा स्तर/सेवा केन्द्रमा रहने कृषि प्राविधिकले गर्नेछ ।

(२) वडा स्तर/सेवा केन्द्रमा गरिएको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा पुनरावेदन गर्न सक्नेछ ।

(३) उक्त शाखाले गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको उप-मेयर/उपाध्यक्षको संयोजकत्वमा स्विकृत "कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५" वमोजिम गठित ३ सदस्यीय मतभेद व्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

✓ **सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन** : नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र ती मातहतका निकायहरु तथा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय एवं ती मातहतका निकाय र स्थानीय तहको

सम्वन्धित निकायले कृषक समूहको सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन जुनसुकै समयमा गर्न सक्नेछ ।

- ✓ **प्रगति प्रतिवेदन पेश गर्नुपर्ने:** (१) कृषक समूहले स्विकृत कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ बमोजिमको फर्मेटमा आफूले गरेको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित वडा कार्यालय/सेवा केन्द्र/कृषि विकास शाखामा प्रतिवेदन अवधि समाप्त भएको मितिले एक हप्ता भित्र उपलव्ध गराउनु पर्नेछ ।
- ✓ **सम्बन्ध (Linkage) र समन्वय (Coordination) :** कृषि क्षेत्रसँग सम्वन्धित सरोकारवाला कृषक, समूह, व्यवसायी, व्यक्ति र निकायहरुविच आपसी सम्वन्ध र समन्वय राखि कृषि विकासमा गतिशील एवं सकारात्मक सहयोग पुर्याउन निर्णायक एवं अहं भूमिका खेल्नु पर्नेछ :-
- ✓ **कृषक समूहको सहकारीकरण :** (१) कृषक समूहलाई बढी सक्रिय, प्रभावकारी, दिगो र कृषकहरुको उन्नतीमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्य अनुभव भएको समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ ।

**१.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ नयाँ कृषक समूह गठनको लागि आवश्यक पर्ने खर्च स्थानीय दररेट अनुसार समूह गठन गर्ने निकायले गर्नेछ भने समूहको अन्य खर्च जस्तै नियमित बैठक, साधारण सभा आदि लगायतमा लाग्ने अन्य खर्चहरु समूहको आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।
- ✓ रजिष्टर, फाइल, कलम, समूहको छाप आदिमा स्वीकृत स्थानीय दर रेट अनुसार खर्च गर्ने ।

## २. सिप विकास तथा जनचेतना अभिबृद्धि (तालिम तथा गोष्ठि) कार्यक्रम

### २.१ स्थलगत घुम्ती कृषक तालिम

**२.१.१ कार्यक्रमको पृष्ठभूमि:** सिंचाई उप आयोजना प्रभावक्षेत्र भित्रका कृषकहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालिम कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समयसापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको अंहम् भूमिका रहेकोले यस किसिमको तालिम प्रभावक्षेत्रमा सञ्चालन गर्न आवश्यक महसुस भएको छ। कृषि प्रविधि हस्तान्तरण एवं विस्तार गर्न तालिमलाई प्रभावकारी माध्यमको रुपमा लिइएको छ। कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरूको कार्य दक्षता वढाउँदै लैजानको साथै कृषकहरूमा अन्तरनिहित ज्ञान सीप अभिवृद्धि गर्नु नै तालिम कार्यक्रमको प्रमुख चुनौती हो। त्यसै गरी कृषक समूहको क्षमता अभिवृद्धिका लागी समयसापेक्ष तालीमहरु सञ्चालनमा ल्याउनु पर्दछ। तालिम प्रदान गर्दा सामाजिक परिचालन, हितकोष सञ्चालन, लेखा व्यवस्थापन, कार्ययोजना निर्माण, समयसापेक्ष नयाँ प्रविधि, कृषकहरुको



सचिव

समस्या समाधानका उपायहरु पत्ता लगाउने जस्ता विषयहरुमा केन्द्रित रही तालिम कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

**२.१.२ कार्यक्रमको उद्देश्यः**

- ✓ बाली, बागवानी, मौरी, च्याउ लगायत अन्य बालीवस्तु विशेषका लागि आवश्यक समय सापेक्ष नविनतम प्रविधिवारे जानकारी गराउने ।
- ✓ सम्बन्धित बाली वस्तु विशेष एवं कृषकहरुलाई आइ परेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने ।
- ✓ कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र
- ✓ जागरुक कृषकलाई प्राविधिक ज्ञान र सिप दिलाई क्षमता अभिबृद्धि गर्ने ।

**२.१.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ स्थलगत घुम्ती तालिम कृषकको माग र चहना अनुसार १ देखि २ दिनसम्म गर्न सकिने छ ।
- ✓ स्थानीय तहको कृषि विकास शाखा/इकाईले आफै वा अन्य प्राविधिक जनशक्तिको व्यवस्थापन गरी तालिम सञ्चालन हुनु पर्नेछ ।
- ✓ घुम्ती स्थलगत तालिम उप आयोजना क्षेत्रभित्रका कृषकहरु मध्येबाट उपभोक्ताको सहमतिमा कृषक समूह मध्यबाट सकृय कृषकको सहभागिता गराई सञ्चालन हुनु पर्नेछ ।
- ✓ घुम्ती स्थलगत तालिममा २० देखि ३० जना सहभागी हुनु पर्नेछ ।
- ✓ उप आयोजना क्षेत्रभित्रका कृषकहरु मध्येबाट उपभोक्ताको सहमतिमा अगुवा कृषक २०–३० जवान छनौट गरी कृषिका नविनतम प्रविधि (बाली उत्पादन, प्रशोधन कृषि वजार, सूचना शिविर, पानी व्यवस्थापन, प्रदर्शन आदि विषय समावेश भएको प्याकेज तयार गर्ने ।
- ✓ तालिमका लागि सहभागी कृषक छनोट गर्दा सम्बन्धित सिंचाई उपआयोजना अन्तर्गतका प्रभाव क्षेत्रबाट हुनु पर्नेछ ।
- ✓ तालिम सञ्चालन हुने मिति, समय र स्थान निश्चित गरी सो को जानकारी सम्बन्धित निकाय र सहभागी कृषकलाई जानकारी गराउनु पर्नेछ ।
- ✓ तालिममा महिला तथा असमावेशी कृषकहरुलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ । घुम्ती तालिममा कम्तिमा ५०% महिलाको सहभागिता गराउनु पर्नेछ ।
- ✓ घुम्ती स्थलगत तालिमममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटलबास खर्च पाउने छैनन् ।
- ✓ तालिमलाई प्रभावकारी तथा उपलब्धिमुलक बनाउन आवश्यक सुचांक समेत तयार गर्ने ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- ✓ तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरूसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ।
  - सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने।
  - शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने।
- ✓ एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा १५ मिनेट हुनु पर्दछ।
- ✓ कृषकस्तरको लागि कार्यपत्र तयार पार्दा प्रशिक्षार्थीहरूको स्तर सुहाउँदो शब्दावलीहरू तथा भाषा प्रयोग गर्नु पर्दछ।
- ✓ प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षार्थीहरूको स्तर, कार्यपत्रको शीर्षक, प्रस्तुतकर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नु पर्नेछ।

**२.१.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ विनियोजित वजेटको परिधि भित्र रहि देहाय वमोजिमको खर्चमा तालिम सञ्चालन गरिने सकिनेछ।

| | | | |
|---|---|---|---|
| १ | कार्यपत्र वापत पारिश्रमिक | रु./कार्यपत्र | ७००।- |
| २ | प्रवचन वापत पारिश्रमिक | रु./कार्यपत्र | ६००।- |
| ३ | सहभागीको खाजा (संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारीलाई समेत) | रु./सहभागी /दिन | २००।- |
| ४ | मसलन्द (शैक्षिक सामग्री) | रु./सहभागी | ७५।- |
| ५ | तालिम सामाग्री (कच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने साना तिना औजार आदि) | रु | प्रचलित बजार दर |
| ६ | संयोजक भत्ता | रु | ५००।- |
| ७ | सहयोगी भत्ता | रु | १५०।- |
| ८ | विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल ईत्यादिका लागि) | रु | १०००।- |
| ९ | प्रतिवेदकको पारिश्रमिक | रु | १०००।- |

**२.१.५ द्रष्टव्यः**

- ✓ घुम्ती स्थलगत कृषक तालिमको हकमा अर्थ मन्त्रालयबाट स्वीकृत गाउँस्तरको दर अनुसारको मापदण्डलाई आधार लिई तालिम खर्च गर्नु पर्नेछ।
- ✓ स्थलगत घुम्ती तालिम वजेटको परिधिभित्र रहि १ देखि २ दिनसम्म गर्न सकिने छ।
- ✓ सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ।



सचिव

- कृषक तालिम, भ्रमण र गोष्ठी आदिमा सहभागी कृषकको दैनिक तथा भ्रमण भत्ता सम्बन्धमा कृषकहरुलाई सरकारी कामकाजको दौरानमा भ्रमण गर्दा भ्रमण खर्च नियमावली - २०६४ को अनुसूची २ र ३ मा व्यवस्था भए अनुसार चतुर्थ तहले पाउने सरह दैनिक भत्ता प्रदान गर्ने। (अर्थ मन्त्रालयको मिति २०६५/९/४ च.नं. १०५ को सहमति पत्रानुसार)
- भ्रमण खर्च नियमावली, २०६४ (चौथो संशोधन, २०७२) को नियम २० अनुसार अन्य व्यक्तिलाई दिइने भ्रमण खर्च सम्बन्धमा गैरसरकारी व्यक्तिलाई नेपाल भित्र वा विदेशमा भ्रमण गराउने नेपाल सरकारबाट निर्णय भएमा निजले पाउने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य खर्च नेपाल सरकारको निर्णयमा उल्लेख भए बमोजिम हुनेछ र यस्ता व्यक्तिलाई दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च दिनुपर्ने भएमा कुन तहका कर्मचारीले पाए सरह दै.भ्र.भ. खर्च दिन भन्ने कुरा समेत स्पष्ट खोली पेश गर्नु पर्नेछ।
- एक कार्यक्रम एकजना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि र दुई जनासम्म सहयोगीलाई भत्ता दिन सकिनेछ।
- सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ।
- तालिमका लागि ईन्धन र सम्बन्धित कर्मचारीको दैनिक भ्रमण भत्ता र अन्य खर्च यसमा समावेश गरिएको छैन।

## २.२ उप आयोजना स्तर कार्यक्रम तर्जुमा गोष्ठी

**२.२.१ परिचय/पृष्ठभूमिः** सिंचाई उप आयोजनाको प्रभाव क्षेत्र भित्र कृषक सहभागितामा समस्या पहिचान गरी प्राप्त प्राथमिकताको आधारमा निक्यौंल गरिएका आयोजनागत रुपमा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा विचार विमर्श गर्न यो गोष्ठी सञ्चालन गरिन्छ। कृषकका समस्याहरू पहिचान गरी ती समस्याहरू समाधान गर्ने गरी कृषि विकास कार्यक्रम तर्जुमा गर्न सके त्यस्ता कार्यक्रमहरू साँच्चै नै प्रभावकारी हुन्छन्। कृषकहरूको निकटतम सहभागितामा समस्या पहिचान गर्ने विभिन्न तरिकाहरू जस्तै PRA, RRA, PC/PS, FNA प्रचलनमा आएका छन्। यस्ता विधिहरू मध्ये कृषक समस्या पहिचान र समाधान विधि प्रयोग गर्न सरल देखिएकोले कृषि विकास कार्यक्रममा यो विधि प्रयोग गरी कृषक सहभागितामा समस्या पहिचान र समाधानको लागि कार्यक्रम तर्जुमा गर्ने गरिन्छ।

**२.२.२ कार्यक्रमको उद्देश्यः**

- सिंचाई उप आयोजनामा प्रभावकारी योजना निर्माण गर्न उपभोक्ता समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई छलफलमा सहभागी गराउनु।

- ✓ कृषकहरूको भेला वा भैरहेका समूह सदस्यहरूको बैठकमा कृषिका विद्यमान समस्याहरू पहिचान गर्ने।
- ✓ एक्ला एक्लै कृषकहरूको विचार र निर्णय भन्दा सबैको विचार निक्यौंल गरी पहिचान गरिएको समस्या वास्तविक हुन्छ भन्ने भावना जगाउदै समूहका अनुभव आदान प्रदान गर्दै नयाँ खोज र विचार तर्फउनीहरूलाई उत्प्रेरणा गर्ने।
- ✓ भिन्न भिन्न समस्याहरू माथि छलफल गरी समान मन्जुरीमा पुग्न सघाउँदै त्यस्ता मन्जुरीबाट समस्या समाधानका उपायहरू पहिल्याउने।
- ✓ कृषक केन्द्रित वा गाउँमुखी वातावरणको श्रृजना गर्ने।

**२.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- ✓ उप आयोजना स्तर कार्यक्रम तर्जुमा गोष्ठी सञ्चालन गर्न बैठकको मिति एवं गाउँ निश्चित भएपछि सहभागी हुने संख्याको आधारमा सामग्रीहरू (कागज, पेन्सिल, कागजका ठूला पानाहरू, विभिन्न रंगका चिनो लगाउने कलमहरू, सेलोटेप, धागो, पिन र थम्पिन आदि) संकलन गर्नु पर्दछ।
- ✓ करीव १५-२० मिनेटसम्म प्रत्येक सदस्यहरूलाई आफूले भोगेका समस्या ख्याल गर्न उत्प्रेरित गर्दै समस्या पहिचान शुरु गर्नु पर्दछ।
- ✓ आ-आफ्नो पहिचान भएका समस्याहरूको सूची तयार गरी त्यसै अनुरुप छलफल गर्न विभिन्न उप समूहमा विभाजित गर्नु पर्दछ।
- ✓ सहभागीहरूलाई आ-आफ्नो विचार व्यक्त गर्न र उप समूहको छलफलमा ज्ञान एवं अनुभव प्रदान गर्ने समान अवसर दिईनुपर्दछ।
- ✓ समस्या पहिचानको दौरानमा कृषि प्रसार कार्यकर्ताले उप समूहहरूलाई उनीहरूको वास्तविक काम के हो भन्ने स्पष्ट गर्नुमा मात्र सीमित रही माग भएको अवस्थामा मात्र सहयोग पुर्याउनुपर्दछ।यदि केही समूह सदस्यहरू निरक्षर छन् भने लेखपढमा सहयोग पुर्याउन लेखपढ गर्न जान्ने (स्कूलका केटाकेटी) सहयोगीको प्रबन्ध मिलाई उनीहरूको विचार टिपोट गरी दिनुपर्छ।
- ✓ सबै उप समूहहरू सँगै वसेर प्रत्येक उप समूहले पहिल्याएका समस्याहरू सँगसँगै राखी त्यस्ता समस्याहरूको पूर्ण सूची तयार गर्ने।
- ✓ त्यसपछि उप समूहहरू छुट्टा छुट्टै बसेर अन्तिम समस्या सूचीका समस्याहरू वर्गीकरण(Ranking) गर्ने।
- ✓ यसरी Rankingगर्दा गम्भीर समस्यालाई ठूलो अंक (नम्बर) दिएर क्रमशः घटाउँदै आउनुपर्दछ।(जस्तै ५, ४, ३, २, १)।
- ✓ उप समूहहरू पुनः संरचना गरी छुट्टै बैठक गर्ने।



सचिव

- ✓ समूहबाट पारित समस्याहरू मध्येबाट माथिल्ला देखि ३० प्रतिशत समस्याहरूलाई प्राथमिकताको आधारमा छुट्याउनुपर्दछ ।
- ✓ उप समूहहरूद्वारा छट्याईएको श्रेणी अभिलेखकर्ताले लेखी राख्नुपर्दछ ।
- ✓ समूह सहमतिको आधारमा प्राथमिकता प्राप्त समस्याहरूको एउटा अन्तिम सूची तयार गर्नु पर्दछ ।सो को अभिलेख वुझाउने मानिस वा अभिलेख कर्ताले राख्नुपर्दछ ।
- ✓ कार्यक्रमहरू छुट्याउन तथा आगामी योजना बनाउन समूहको उपयोग गरिन्छ जसको माध्यमबाट छुट्याइएका वा सो मध्येबाट केही समस्याहरूको समाधान गर्न मद्दत मिल्दछ ।
- ✓ समूहले कार्यक्रमहरू क्रमबद्ध रुपमा तयार गरी कार्यान्वियन गर्नु पर्दछ ।
- ✓ यो समस्या संकलन र समस्या समाधानको प्रक्रिया आवश्यकतानुसार निरन्तर रुपमा चलि नै रहन्छ ।
- ✓ सिंचाई उप आयोजनामा बजेट र कार्यक्रम तर्जुमा गर्दा काम गर्ने सरोकारवालाहरू सवै पक्षबाट सहभागी गराउने तरिकाले सहयोग पुर्याउनुपर्नेछ ।
- ✓ प्रत्येक सिंचाई उप आयोजना क्षेत्रको सरोकारवालाहरू सवै पक्षबाट प्रतिनिधित्व हुने गरी सहभागी गराई गोष्ठी कृषि विकास शाखाले सञ्चालन गर्ने र सह सञ्चालकमा जल उपभोक्ता समिति रहने ।
- ✓ गोष्ठीबाट प्राप्त भएको कार्यक्रम तथा बजेट कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र योजना (CMIASP-AF)/आयोजना कार्यान्वियन इकाई (PIU) मा उपलब्ध गराउनुपर्नेछ ।

**२.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ उप आयोजना स्तरीय गोष्ठीको हकमा अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएको गाउ/नगरस्तरको दर अनुसारको मापदण्डलाई आधार लिई गोष्ठी खर्च गर्नु पर्नेछ ।
- ✓ विनियोजित वजेटको परिधि भित्र रहि देहाय वमोजिम खर्चमा गोष्ठि सञ्चालन गरिने सकिनेछ ।

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स दर |
|---|---|---|---|
| १ | कार्यपत्र वापत पारिश्रमिक | रु./कार्यपत्र | ८००।- |
| २ | प्रवचन वापत पारिश्रमिक | रु./कार्यपत्र | ७००।- |
| ३ | सहभागीको खाजा | रु./सहभागी/दिन | २००।- |
| ४ | मसलन्द (शैक्षिक सामग्री) | रु./सहभागी | ७५।- |
| ५ | संयोजक भत्ता | रु | ५००।- |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स दर |
|---|---|---|---|
| ६ | सहयोगी भत्ता | रु | १५०।- |
| ७ | विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल ईत्यादिका लागि) | रु | १०००।- |
| ८ | प्रतिवेदकको पारिश्रमिक | रु | १०००।- |

- ✓ सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ।
- ✓ गोष्ठीका लागि ईन्धन र सम्बन्धित कर्मचारीको दैनिक भ्रमण भत्ता र अन्य खर्च यसमा समावेश गरिएको छैन।

## २.३ उप आयोजना स्तरीय कृषक गोष्ठी

**२.३.१ परिचय/पृष्ठभूमिः** कृषिका कार्यक्रमहरू वास्तवमा सबै कृषकको लागि नै हुन्छन्।त्यस्ता कार्यक्रमहरूमा कृषकको पृष्ठपोषण अनिवार्य हुन्छ। यसमा कृषि विकासको क्रममा कृषकहरूलाई एकिकृत गरी कृषिका विविध पक्षहरूमा छलफल गरिन्छ।

**२.३.२ कार्यक्रमको उद्देश्यः** योजना निर्माण देखि कार्यान्वयन, मूल्यांकन आदिमा जिल्लाका कृषकहरूसँग औपचारिक एवं अनौपचारिक रुपमा छलफलहरू गर्ने अवसर प्रदान गर्नु/गराउनु।

**२.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- ✓ सर्वप्रथम के विषयमा कस्ता कृषकहरू समावेश गरी छलफल गर्ने हो अग्रिम रुपमा गरिनुपर्दछ।
- ✓ सबैलाई अग्रिम सूचना दिनुपर्दछ।
- ✓ सम्बन्धित कृषकहरू सहभागी गराई यस्तो गोष्ठीको गरी कृषकहरूलाई छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागिता जुटाउनुपर्दछ
- ✓ अन्त्यमा केही निष्कर्ष निकाली सोही अनुसार आगामी कार्यक्रम तय गर्नु पर्दछ।
- ✓ सकेसम्म सहभागीहरूलाई बढी भन्दा बढी छलफलमा भाग लिने वातावरण गराई उनीहरूबाट अन्तिम निक्यौंल निकालिनुपर्दछ।

**२.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :** उप आयोजना स्तर कार्यक्रम तर्जुमा गोष्ठी कार्यक्रम नर्म्स अनुसार

## २.४ उप आयोजनास्तर मौसमी/सिजनल योजना तर्जुमा गोष्ठि

**२.४.१ परिचय/पृष्ठभूमिः**

सम्बन्धित सरोकारवाला निकाय/कृषक/जल उपभोक्ता समितिका सदस्यहरुको मौसम अनुसारको भेला गराई कृषकहरूको माग र संभावना विश्लेषण गरी वृहत रुपमा छलफल र अन्तरकृया



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

गरिन्छ । मौसम अनुसार पहिलेको परम्परागत योजनामा परिमार्जन गरी नयाँ बाली तथा प्रविधिहरु समयसापेक्ष अवलम्वन गराउनु पर्ने अवस्था रहेमा माग अनुसार परिमार्जन वा परिवर्तन गरिन्छ । सिजनमा कून कून बालीहरुको कुन कुन जातहरु लगाउने, गोडमेल, मलजल कहिले र कति गर्ने आदि र बाली एवं जल व्यवस्थाको उचित प्रयोग कसरी गर्ने, कून बालीमा कून अवस्थामा कति पानी चाहिन्छ, बालीको उचित प्रशोधन कसरी गर्ने, उत्पादन सामग्रीहरुको व्यवस्थापन कति, कहाँबाट, कसरी गर्ने, वजारीकरणको व्यवस्था कसरी मिलाउने र प्रमुख वजारहरु कुन हुन भन्ने जस्ता विषयमा वृहत छलफल गरी योजनालाई अन्तिम रुप दिइन्छ ।

**२.४.२ कार्यक्रमको उद्देश्यः**

- ✓ उपलब्ध पानीको समुचित र समन्वयात्मक प्रयोगमा वृद्धि गरि बालीको उत्पादन, उत्पादकत्व तथा बाली सघनतामा वृद्धि गर्न कार्य योजना तयारी गर्ने ।

**२.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- ✓ उप– आयोजना कमाण्ड क्षेत्र भित्र आयोजना अवधि भरिमा अपेक्षित लक्ष प्राप्तीको लागी ३ वर्षे कार्य योजना र वार्षिक कार्य योजना तयार गर्ने
- ✓ वार्षिक कार्य योजना अन्तर्गत उप आयोजना क्षेत्रभित्र वर्षभरिमा गरिने खेती प्रणाली (वर्षे बाली, हिउँदे बाली, वसन्ते बाली) को आधारमा लगाईने बालीहरु पानी उपलब्धताको आधारमा उपभोक्ता, कृषि तथा सिंचाईका प्राविधिकहरु, स्थानीय स्तरका प्रतिनिधिहरु समेतको सकृय सहभागीतामा संयुक्त भेला, छलफल र अन्तरक्रिया गोष्ठिको आयोजना गरि सहभागीतात्मक कार्य योजना तयार गर्ने ।
- ✓ कार्य योजनामा वहन गर्नु पर्ने जिम्मेवारी समेत प्रष्ट रुपमा बाँडफाँड भएको हुनु पर्छ ।
- ✓ यसरी तयार भएको कार्य योजना स्थानीय तह तथा कृषि आयोजना कार्यान्वयन इकाईमा समेत एक/एक प्रति पठाउनु पर्नेछ ।

**२.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

उप आयोजना स्तर कार्यक्रम तर्जुमा गोष्ठी कार्यक्रम नर्म्स अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

## ३. प्रदर्शन कार्यक्रम

### ३.१ उत्पादन प्रदर्शन कार्यक्रम (खाद्यान्न, दाल र तेलहनबाली)

**३.१.१ कार्यक्रमको पृष्ठभूमिः** उत्पादन प्रदर्शनमा प्रसार कार्यकर्ता र तालिम प्राप्त अगुवा कृषकद्वारा कृषकहरुको समूहलाई बोलाई उन्नत कृषि प्रविधि, ज्ञान र सीपहरु कसरी प्रयोग गर्नुपर्दछ भन्नेकुराहरु क्रमबद्धरुपमा सिकाइन्छ । यस प्रदर्शनमा प्रसारकार्यकर्ताले कुनै उन्नत प्रविधिको

विषयमा शुरुदेखि अन्त्यसम्म गर्नुपर्ने वा जान्नुपर्ने कुराहरु सिकाउँछ। यसरी क्रमवद्ध रुपमा सिकाइसकेपछि प्रदर्शनमा सहभागी कृषकहरुले प्रविधिबारे पूर्णरुपमा जानकारी लिई त्यस्तो प्रविधि ग्रहण गर्न सक्षम हुनुपर्दछ। तरकारी बीउ नर्सरीमा राख्ने, विषादी छर्ने, बिरुवा काँटछाँट गर्ने, तरकारी लगाउने प्रविधिहरुबारे कृषकहरुलाई तरिका प्रदर्शन गर्न सकिन्छ । उदाहरणको लागि तरकारीको बीउ नर्सरीमा राख्ने विषयमा हो भने प्रसार कार्यकर्ताले कृषकहरुलाई माटोको तयारी, मलखाद मिसाउने, झारपात हटाउने, कीटनाशक विषादी प्रयोग, नर्सरी व्याडको तयारी, रेखाङ्कन गर्ने, बीउ रोप्ने, छापो राख्ने आदि क्रमबद्ध रुपमा उन्नत प्रविधि कृषकहरुलाई प्रयोगात्मकरुपमा सिकाइने हुंदा उनीहरुले राम्ररी बुझ्न सक्छन प्रसार कार्यक्रम प्रभावकारी हुनसक्दछ। धेरै कृषकहरुले एकै समयमा उन्नत प्रविधिहरु सिक्न सक्छन्। कृषकले स्वयं आँखाले देख्ने हुनाले विश्वास भई नयाँ प्रविधि अपनाउन आत्मवल बढ्दछ। थौरै समय र लागतमा धेरै कुराहरुलाई सिकाउन सकिन्छ। अनपढ कृषकहरुलाई यो माध्यम प्रभावकारी हुन्छ। नतिजा प्रदर्शन भन्दा बढी क्षेत्रफल जग्गामा उन्नत तरिका र साधन प्रयोग गरेर बढी उत्पादन लिने हिसाबले कृषकहरूलाई प्रोत्साहित गर्न उत्पादन प्रदर्शन सञ्चालन गरिन्छ। साथै यसमा बाली विशेष उन्नत प्रविधि एवं साधनहरू संयुक्त रुपमा प्रयोग गर्न सघाउ पुर्याउन पनि यो कार्यक्रम सञ्चालन गरिन्छ।

**३.१.२ कार्यक्रमको उद्देश्य:**

- ✓ बाली विशेष अपनाउनुपर्ने विशेष प्रविधिहरूको संयुक्त प्रयोगको उपयुक्तता देखाई कृषकहरूलाई उक्त बाली प्रविधि तर्फ आकृष्ट गराउनु।
- ✓ कृषकहरुलाई उन्नत प्रविधिबारे ज्ञान उपलब्ध गराउनु।
- ✓ सिफारिस गरिएका प्रविधिबारे कृषकहरुलाई विश्वास र चाख उत्पन्न गराई प्रविधि ग्रहण गर्न लगाउनु।
- ✓ उन्नत प्रविधिहरुलाई द्रुत गतिले प्रसार गराउनु।

**३.१.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ नतिजा प्रदर्शनको लागि जस्तै प्रदर्शन क्षेत्र छनौट गरी कृषकको सहभागितामा आरम्भ गर्नु पर्दछ र यो प्रदर्शनलाई चिनाउने गरी संक्षिप्त विवरण सहितको वोर्ड राख्ने व्यवस्था मिलाउनुपर्दछ।
- ✓ धेरै संख्यामा सञ्चालन गर्न विभिन्न कठिनाई हुने हुँदा जे जति गरिन्छ त्यसलाई स्तरीय तुल्याई वहुसंख्यक कृषकहरूलाई लाभान्वित गराउन बाली कटाई (Harvesting) को वेला २०-२५ जना कृषकहरू जुटाएर देखाउनुपर्दछ।
- ✓ उत्पादन प्रदर्शनको क्षेत्रफलका लागि पहाडमा ३ रोपनी र तराईमा ६ कठ्ठा हुनुपर्दछ।



सचिव

- ✓ उत्पादन प्रदर्शन कार्यक्रममा कृषि प्राविधिकले देहाय वमोजिमको कार्य प्रणाली अपनाउनुपर्छ ।

**क) शुरु गर्नु भन्दा पहिलेको अवस्था**

- ✓ वस्तुस्थितिको विश्लेषण गर्ने (कृषकहरुको शिक्षा, चाहना, आवयकता, सामाजिक संस्कार, माटो, बाली-प्रणाली, बजार व्यवस्थापन तथा साधन श्रोत)।
- ✓ प्रदर्शनलाई आवश्यक सामग्री जुटाएर राख्ने।
- ✓ क्रमबद्धरुपले प्रदर्शन गर्न योजना तयारगर्ने
- ✓ सरल र स्पष्टरुपले सिकाउन पूर्वाभ्यास गर्ने।
- ✓ सबैको लागि उपयुक्त र पायक पर्ने स्थानको छनौटगर्ने।

**ख) शुरु गर्दाको अवस्था**

- ✓ उपस्थित सबै कृषकहरुलाई मिलाएर राख्ने (प्रदर्शनकर्तालाई सबै सहभागी कृषकहरुले राम्ररी देख्न सकून)
- ✓ प्रदर्शनको महत्त्व र उद्धेश्यबारे कृषकहरुलाई जानकारी दिने
- ✓ मुख्य कुराहरुलाई बढी जोडदिई यसको महत्त्वबारे प्रकाश पार्ने।
- ✓ प्रदर्शनलाई सबै कृषकले देख्न र सुन्न सकेका छन छैनन सो पत्ता लगाउने।
- ✓ आवश्यक परेमा कृषकहरूको पनि सहयोग लिने
- ✓ कृषकलाई सोधपुछ र सुझाव दिन अनुरोध गर्ने।
- ✓ कृषकका राम्रा कुराहरुलाई प्रशंसा गर्ने र सुन्ने।
- ✓ मुख्य-मुख्य बुदाहरुलाई अन्त्यमा दोहोर्याउने।
- ✓ यस सम्बन्धी लिफलेट र पम्फलेट भए कृषकलाई वितरण गर्ने।
- ✓ सहभागी कृषकहरुको नाम र ठेगाना नोट गर्ने।
- ✓ अन्त्यमा धन्यवाद ज्ञापन गरी विदाइ गर्ने।

**ग) प्रदर्शन पछिको अवस्था**

- ✓ प्रदर्शनमा केही कमी कमजोरीहरु भए अर्को पटकको प्रदर्शनमा सुधार गर्ने।
- ✓ कृषकहरुलाई प्रदर्शनमा सिकाए अनुरुप उनीहरुले प्रविधि अनुसरण गरे वा गरेन सो पत्ता लगाउने।
- ✓ कृषकलाई आफ्नो बारीमा प्रदर्शन गरेको प्रविधिमा केही कमी कमजोरी भएमा तत्कालै सुधार गर्न सल्लाह दिने।
- ✓ कृषकले प्रदर्शन स्थलमा निम्त्याएको खण्डमा जाने।

**३.१.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ पहाडमा ३ रोपनी र तराईमा ६ कठ्ठा क्षेत्रफलमा उत्पादन प्रदर्शन सञ्चालन गरिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्रा उपरोक्त प्रदर्शन नर्म्स् बमोजिम प्रयोग गरिनेछ।
- ✓ यस्ता सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ।
- ✓ बाली संरक्षण विषादीको हकमा जम्मा रु. १०००।- प्रति प्रदर्शन नबढ्ने गरी खर्च गर्न सकिने छ।
- ✓ प्रदर्शन साइन बोर्डको हकमा नतिजा प्रदर्शनको झैं नै हुनेछ।

## ३.२ उत्पादन प्रदर्शन कार्यक्रम (वेमौसमी तरकारी बाली)

**३.२.१ कार्यक्रमको पृष्ठभूमिः** मानव आहारमा तरकारीको बहुत महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। एउटा वयस्क मानिसले स्वस्थ्य रहनको लागि दैनिक करिब ३००-३५० ग्राम तरकारी खानु आवश्यक हुन्छ।आजकल शिक्षामा सुधार स्वास्थ्य प्रति जनताको सजगता प्रचार प्रसार पर्यटकहरुको आगमनको कारणहरुले गर्दा होटल व्यवसायमा बढोत्तरी, जनसंख्या बृद्धि, धार्मिक लचकता र सडक यातायातमा सुधार आदि कारणले गर्दा दिनानु दिन ताजा तरकारीको माग अत्यधिक मात्रामा बढदै गई राखेको छ।यस्तो बढदो माग को आपूर्ति केवल मौसमी तरकारी खेतीबाट मात्र सम्भव नहुने भएकोले बेमौमी तरकारी खेती समेत गर्न पर्ने टडकारो आवश्यकता देखा परेको छ।

**३.२.२ कार्यक्रमको उद्देश्यः** बढदो तरकारीको मागको नियमित आपूर्ति वर्षभरी गरिरहनु।

**३.२.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ विज्ञान र प्रविधिको विकास सँगै कुनै पनि मौसममा खेती गर्न सकिने उन्नत जातका विउ विजनहरुको पनि विकास भई सकेको छ।
- ✓ बेमौसमी तरकारी उत्पादन गर्ने बिभिन्न प्रविधिहरु मध्ये लगाउने स्थानको परिबर्तन गरेर लगाउने समयको फेरबदल वा समयको हेरफेर गरेर,जातीय छनौटको आधार वा जात अनुसार सिजन तथा मौसमको छनौट गरेर, गुमोज तथा छाप्रोको प्रयोग वा प्लाष्टिकको गुमोज तथा छाप्रो भित्र बेर्नाहरु तयार गरेर र ग्रीन हाउस निर्माण वा प्लाष्टिक वा सिसाको कृत्रिम घर निर्माण गरेर गर्न सकिन्छ।
- ✓ पहिले बेमौसमी ठानिने क्षेत्रमा पनि यस्ता उन्नत जातका तरकारीहरु मौसमी हिसावले नै उत्पादन गर्न सकिन्छ।
- ✓ यस प्रकार शितोष्ण क्षेत्रमा अथवा जाडो समयमा खेती गरिने काउली, बान्दा, गाजर, मुला जस्ता तरकारीहरु उपयुक्त जातको प्रयोगबाट गर्मी याममा पनि खेती गर्न सकिन्छ।
- ✓ क्षेत्रफल १०० वर्ग मिटरमा उक्त प्रदर्शन गर्न सकिने छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- ✓ उच्च प्रविधि, ज्ञान र सर्तकताको आवश्यकता पर्दछ।
- ✓ रोगकीरा बढी लाग्ने भएकोले यो जोखिमपूर्ण काम हुन्छ।
- ✓ निश्चित बजारको व्यवस्था भएको हुनु पर्दछ।

**३.२.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स** (आर्थिक पक्ष):

- ✓ आवश्यक बीउ, औषधि, प्लाष्टिक सिट, प्लाष्टिक व्याग, झारी-१, ह्याण्ड स्प्रेयर-१, पोलिथिन पाइप ०.५" को ५० मिटरसम्मको सामग्रीमा शत प्रतिशत अनुदान दिई प्रति प्रदर्शनमा स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा खर्च गर्न सकिन्छ।

## ३.३ उत्पादन प्रदर्शन कार्यक्रम (बियाँद्वारा बीउ आलु)

**३.३.१ कार्यक्रमको पृष्ठभूमि**: आलुको बियाँ प्रयोग गरी आलुखेती गर्ने प्रविधि प्रसार गर्ने उद्देश्यले यो प्रदर्शन सञ्चालन गरिन्छ। यो प्रदर्शन सञ्चालन गर्न आलुखेती गरिने पकेट क्षेत्रहरु खासगरी स्थानीय बीउ आलु प्रयोग गर्नुपर्ने क्षेत्र तथा उन्नत बीउ आलु ढुवानी गर्न पायक नपर्ने सिंचित क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ।

**३.३.२ कार्यक्रमको उद्देश्य**: आलुको बियाँबाट आलुउत्पादन गर्ने प्रविधि प्रदर्शन गर्ने।

**३.३.३ कार्यक्रमको सञ्चालन प्रकृया** (प्राविधिक पक्ष):

- ✓ प्रदर्शन सञ्चालन स्थलको छनौट गर्दा आलुबीउ ढुवानी गर्न पायक नपर्ने क्षेत्र जहाँ बीउ आलुको अभाव हुन्छ, त्यस्तो क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ।
- ✓ एक मीटर चौडा र २० मीटर लम्बाई भएको प्लट तयार गर्न जम्मा २० वर्ग मीटरमा रेखाङ्कन गर्ने।
- ✓ यस प्रदर्शनमा जमीनको साइज अनुसार एउटा भन्दा बढी प्लटहरु पनि बनाउन सकिन्छ।
- ✓ बीयाँद्वारा बीउ आलु उत्पादन गर्न सिफारिस गरिएको प्रविधि अपनाउनु पर्दछ।
- ✓ बाली तयार भैसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा प्रदर्शन स्थल पकेट क्षेत्र तथा आसपासका कृषकहरुलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- ✓ प्रदर्शनको सम्पुर्ण रेकर्ड आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार गर्नुपर्नेछ।
- ✓ प्रदर्शन सन्चालन गर्ने क्षेत्रफल २५ व.मी. हुनुपर्ने छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

३.३.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

| क्र. सं. | विवरण | इकाई | परिमाण | नेपाल सरकार(%) | कृषकको दायित्व(%) | दर |
|---|---|---|---|---|---|---|
| १ | आलु बीया | ग्राम | ५ | १०० | - | स्वीकृत सरकारी/स्थानीय दररेट अनुसार |
| २ | रासायनिक मल* | ग्राम | युरिया-३५० डिएपी-५०० पोटास-५०० | १०० | - | डिलर । स्थानीय दररेट अनुसार |
| ३ | कम्पोष्ट/गोबर मल | क्वी | १ | - | १०० | |
| ४ | हजारी (१० ली.क्षमता ) | संख्या | १ | १०० | - | स्थानीय दररेट अनुसार |
| ४ | बाली संरक्षण | रु. | २५० | १०० | - | एकमुष्ट |
| ५ | साइनबोर्ड (३×२.५फिट) | संख्या | १ गोटा | १०० | - | स्थानीय दररेट अनुसार |

* युरिया, डिएपी, पोटास उपलब्ध नभएमा ना.फ.पो. क्रमशः २५०:२३०:३०० ग्राम प्रति २५ व.मी.का दरले प्रयोग गर्ने ।

## ३.४ नतिजा प्रदर्शन कार्यक्रम (खाद्यान्न, दाल र तेलहन बाली)

**३.४.१ कार्यक्रमको पृष्ठभूमिः** नतिजा प्रदशनले कृषक र कृषि प्राविधिकलाई उन्नत प्रविधि प्रति विश्वास बढाउँछ । नयाँ प्रविधिहरुको अनुसरण कृषकहरुले चाँडै गर्दछन् । प्रविधि प्रसार प्रभावकारी ढङ्गले हुन्छ । तर नतिजा उपलब्ध गराउन लामो समय लाग्दछ । यो महंगो शैक्षिक तरिका हो । भनिए जस्तो प्रदर्शन स्थल र कृषक पाउन कठिनाइ पर्छ ।

**३.४.२ कार्यक्रमको उद्देश्यः**

- ✓ खाद्यान्न, दाल र तेलहन बालीका लागि प्रदर्शित प्रविधि स्थानीय हावापानी सुहाउँदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु ।
- ✓ उन्नत प्रविधि र पुरानो स्थानीय प्रविधिको नतिजा दाँजेर नयाँ उन्नत प्रविधिहरु कृषकहरुलाई ग्रहण गर्न आकर्षण गर्नु।
- ✓ उन्नत प्रविधिको प्रभाव देखाई कृषकहरुलाई आकर्षि तगर्नु।
- ✓ कृषकहरुको वातावरणमा उन्नत प्रविधि प्रयोग गरी ग्रहण योग्यछ भन्ने कुराको विश्वास दिलाउनु।

**३.४.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ नतिजा प्रदर्शनको लागि जग्गा छनौट गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ।
  - ➢ सकभर सजिलैसँग निरीक्षण गर्न/गराउन सकिने हिसावमा सडकको छेउछाउमा हुनु पर्दछ। गाईवस्तुले नोक्सान पुर्याउने किसिमको हुनु हुँदैन।



सचिव

- नतिजा प्रदर्शन कुनै एक खास समस्यालाई लिएर गर्दा बढी प्रष्ट हुन जान्छ।जस्तै
  - पंक्तिमा रोप्ने विरुद्ध छरुवा पद्धति।
  - स्थानीय जात विरुद्ध उन्नत जात।
  - किटनाशक औषधि छर्ने विरुद्ध नछर्ने।
  - हरियो मलको प्रयोग विरुद्ध प्रयोग नगर्ने।
  - रासायनिक मल प्रयोग गर्ने विरुद्ध स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि।
- प्रदर्शन सामग्रीको साथमा निम्न कागजातहरू कृषकलाई दिने व्यवस्था मिलाउनुपर्दछ।
- प्रदर्शन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा।
- कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता प्रदर्शन गर्दा उपलब्ध भएका विवरणहरू रेकर्ड गर्नु पर्दछ।
- सबै सामग्री जुटाई सकेपछि कृषकहरूलाई सहभागी गराई प्रदर्शन कार्य गर्नु पर्दछ र सबै कुराहरूको अभिलेख गरेर राख्नुपर्दछ। जस्तैः
  - वर्षा भएको दिन
  - रोग कीरा लागेको भए विवरण।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको वोर्ड राख्ने व्यवस्था गर्नु पर्दछ।
  - प्रदर्शनको किसिम
  - कृषकको नाम
  - बाली किसिम/ जात
  - क्षेत्रफल
  - मलखादको मात्रा
  - आरम्भ गरेको मिति आदि।
- नतिजा प्रदर्शन प्लटमा कृषकहरू जुटाई समय समयमा अवलोकन भ्रमण गराउनुपर्दछ।
- नतिजा प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्नु पर्दछ।

✓ नतिजा प्रदर्शन कार्यक्रममा कृषि प्राविधिकले देहाय वमोजिमको कार्य प्रणाली अपनाउनुपर्छ।

**क) प्रदर्शन शुरु गर्नु भन्दा अघिको अवस्था**

✓ नतिजा प्रदर्शनको लागी सरकारद्वारा तयार पारिएको नीति र निर्देशन राम्ररी बुझ्नुपर्दछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- ✓ कृषकलाई फाइदा हुने प्रविधिमात्र प्रदर्शन गर्नुपर्दछ।
- ✓ प्रदर्शनले गर्न खोजिएको र सोचिएका उद्देश्यहरुलाई पूरा गर्नुपर्दछ।
- ✓ सहयोगी र प्रगतिशील कृषकलाई प्रदर्शनको लागि छनौट गर्नुपर्दछ।
- ✓ प्रदर्शन राखिने प्लट/जग्गा एकैनास र औसत उर्वराशक्ति भएको हुनुपर्दछ।
- ✓ प्रदर्शन सम्बन्धी आवश्यक जानकारी प्राप्त गर्नुपर्दछ।
- ✓ आवश्यक सामग्री बन्दोवस्त गर्नुपर्दछ।

**ख) प्रदर्शन सञ्चालन अवधिको अवस्था**

- ✓ प्रदर्शनबारे राम्ररी प्रसार गर्ने।
- ✓ प्रदर्शकसँग सल्लाहगरी छिमेकी कृषकहरुलाई बेलाबेलामा प्रदर्शन स्थलमा भेला र भ्रमण गराउने।
- ✓ प्रदर्शन स्थलमा कृषकहरुलाई भ्रमणको बेला कुराकानी गर्ने मौका दिने।
- ✓ कृषकहरुको उपस्थितिमा प्रदर्शन सञ्चालन गर्ने।
- ✓ नतिजा प्रदर्शनस्थलमा समय-समयमा निरीक्षण गर्ने।
- ✓ प्रत्येक क्रियाकलापहरुको अभिलेख तयार पार्ने।
- ✓ प्रदर्शन स्थलमा साइनबोर्ड सबैले देख्ने गरी राख्ने।
- ✓ कृषकहरुको उपस्थितिमा नतिजाहरुलाई तुलना गरेर देखाउने।
- ✓ नतिजाबारे कृषकहरुलाई प्रसार गर्न लगाउने।

**ग) प्रदर्शन पछिको अवस्था**

- ✓ पहिले गरिएको प्रदर्शनबाट वरिपरिका क्षेत्रहरुमा कस्तो प्रभाव पर्यो सो पत्ता लगाउने।
- ✓ पहिलेको तुलनामा बढी कृषकहरुले अनुसरण गरेमा सो टिप्पणी गर्ने।
- ✓ पहिले गरिएको प्रदर्शनमा राम्रा कुराहरु देखिए अर्को प्रदर्शनमा प्रयोग गर्ने।
- ✓ कृषकहरुलाई मन्तव्य दिन अनुरोध गर्ने।

**३.४.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ पहाडमा १ रोपनी र तराईमा २ कठ्ठा क्षेत्रफलमा नतिजा प्रदर्शन सञ्चालन गरिने छ।प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गरिनेछ।
- ✓ यस्ता सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ।
- ✓ बाली संरक्षण विषादीको हकमा जम्मा रु. ५००।- प्रति प्रदर्शन नबढ्ने गरी खर्च गर्न सकिने छ।



सचिव

✓ प्रदर्शनको साइनबोर्ड स्थानीय (जिल्ला) दररेट अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्यूनतम लागत तोकि बनाउन उपयुक्त हुने छ।

## बाली विकास कार्यक्रम अन्तर्गत प्रदर्शन सञ्चालन नर्म्स

### क) तराईका लागि

| बाली | रासायनिक मल सिफारिश मात्रा नाफपो (केजी/हे) | सिफारिश बीउ दर (केजी/हे) | गर्नुपर्ने क्षेफ (कट्ठा) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिक मल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./बा.च.प्र. | उ.प्र. | न.प्र./बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| धान (सिंचित) | १००:३०:३० | ४० | २ | ६ | २.६७ | ८.०० | १२.७९ | ४.३५ | ३.३३ | ३८.३७ | १३.०४ | १०.०० |
| धान (असिंचित) | ६०:२०:२० | ४० | २ | ६ | २.६७ | ८.०० | ७.५६ | २.९० | २.२२ | २२.६८ | ८.७० | ६.६७ |
| गहुँ (सिंचित) | १००:५०:२५ | १२० | २ | ६ | ८.०० | २४.०० | ११.६६ | ७.२५ | २.७८ | ३४.९७ | २१.७४ | ८.३३ |
| गहुँ(असिंचित) | ५०:५०:२० | १२० | २ | ६ | ८.०० | २४.०० | ४.४१ | ७.२५ | २.२२ | १३.२३ | २१.७४ | ६.६७ |
| मकै (हिउँदे+वर्षे) | ६०:३०:३० | २० | २ | ६ | १.३३ | ४.०० | ६.९९ | ४.३५ | ३.३३ | २०.९८ | १३.०४ | १०.०० |
| तोरी, रायो | ६०:४०:२० | ८ | २ | ६ | ०.५३ | १.६० | ६.४३ | ५.८० | २.२२ | १९.२८ | १७.३९ | ६.६७ |
| मुसुरो | २०:२०:२० | ४० | २ | ६ | २.६७ | ८.०० | १.७६ | २.९० | २.२२ | ५.२९ | ८.७० | ६.६७ |
| बोडी | २०:४०:३० | ४० | २ | ६ | २.६७ | ८.०० | ०.६३ | ५.८० | ३.३३ | १.८९ | १७.३९ | १०.०० |
| रहर | २०:४०:३० | २५ | २ | ६ | १.६७ | ५.०० | ०.६३ | ५.८० | ३.३३ | १.८९ | १७.३९ | १०.०० |
| चना | २०:४०:२० | ६० | २ | ६ | ४.०० | १२.०० | ०.६३ | ५.८० | २.२२ | १.८९ | १७.३९ | ६.६७ |
| केराउ | १५:४०:१० | ८० | २ | ६ | ५.३३ | १६.०० | - | ५.८० | १.११ | - | १७.३९ | ३.३३ |
| भटमास | १०:४०:३० | ५० | २ | ६ | ३.३३ | १०.०० | - | ५.८० | ३.३३ | - | १७.३९ | १०.०० |

**नोट :**

१. रासायनिक मलहरु युरिया ४६:०:०, डि.ए.पी. १८:४६:०, पोटास (एम.ओ.पी.) ०:०:६०।

२. तालिकामा उल्लेखित रासायनिक मलहरुबाहेक अन्य रासायनिक मलको हकमा यसमा उल्लेखित सिफारिस मात्राअनुसार हनु पर्नेछ।

३. न.प्र.=नतिजा प्रदर्शन, उ.प्र.=उत्पादन प्रदर्शन, बा.च.प्र.=बाली चक्र प्रदर्शन, नाफपो=नाईट्रोजन, फस्फोरस, पोटास,१हे.=२० रोपनी=३० कट्ठा

### ख) पहाड तथा उच्च पहाडका लागि

| बाली | रासायनिक मल सिफारिश मात्रा नाफपो (केजी/हे) | सिफारिश बीउ दर (केजी/हे) | गर्नुपर्ने क्षेत्रफल (रो.) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिकमल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./बा.च.प्र. | उ.प्र. | न.प्र./बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| धान (सिंचित) | १००:३०:३० | ४० | १ | ३ | १.३३ | ४.०० | ९.५९ | ३.२६ | २.५० | २८.७८ | ९.७८ | ७.५० |
| धान (असिंचित) | ६०:२०:२० | ४० | १ | ३ | १.३३ | ४.०० | ५.६७ | २.१७ | १.६७ | १७.०१ | ६.५२ | ५.०० |
| गहुँ (सिंचित) | १००:५०:२५ | १२० | १ | ३ | ४.०० | १२.०० | ८.७४ | ५.४३ | २.०८ | २६.२३ | १६.३० | ६.२५ |
| गहुँ (असिंचित) | ५०:५०:२० | १२० | १ | ३ | ४.०० | १२.०० | ३.३१ | ५.४३ | १.६७ | ९.९२ | १६.३० | ५.०० |

| बाली | रासायनिक मल सिफारिश मात्रा नाफपो (केजी/हे) | सिफारिश बीउ दर (केजी/हे) | गर्नुपर्ने क्षेत्रफल (रो.) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिकमल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./बा.च.प्र. | उ.प्र. | न.प्र./बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| मकै (हिउँदे+वर्षे) | ६०:३०:३० | २० | १ | ३ | ०.६७ | २.०० | ५.२५ | ३.२६ | २.५० | १५.७४ | ९.७८ | ७.५० |
| तोरी, रायो | ६०:४०:२० | ८ | १ | ३ | ०.२७ | ०.८० | ४.८२ | ४.३५ | १.६७ | १४.४६ | १३.०४ | ५.०० |
| मास | २०:२०:२० | १५ | १ | ३ | ०.५० | १.५० | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५.०० |
| मुंग | २०:२०:२० | ३० | १ | ३ | १.०० | ३.०० | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५.०० |
| मुसुरो | २०:२०:२० | ४० | १ | ३ | १.३३ | ४.०० | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५.०० |
| बोडी | २०:४०:३० | ४० | १ | ३ | १.३३ | ४.०० | ०.४७ | ४.३५ | २.५० | १.४२ | १३.०४ | ७.५० |
| रहर | २०:४०:३० | २५ | १ | ३ | ०.८३ | २.५० | ०.४७ | ४.३५ | २.५० | १.४२ | १३.०४ | ७.५० |
| चना | २०:४०:२० | ६० | १ | ३ | २.०० | ६.०० | ०.४७ | ४.३५ | १.६७ | १.४२ | १३.०४ | ५.०० |
| केराउ | १५:४०:१० | ८० | १ | ३ | २.६७ | ८.०० | – | ४.३५ | ०.८३ | – | १३.०४ | २.५० |
| भटमास | १०:४०:३० | ५० | १ | ३ | १.६७ | ५.०० | – | ४.३५ | २.५० | – | १३.०४ | ७.५० |

१. रासायनिक मलहरु युरिया ४६:०:०, डि.ए.पी. १८:४६:०, पोटास (एम.ओ.पी.) ०:०:६० ।

२. तालिकामा उल्लेखित रासायनिक मलहरुबाहेक अन्य रासायनिक मलको हकमा यसमा उल्लेखित सिफारिस मात्राअनुसार हुनु पर्नेछ ।

३. न.प्र.=नतिजा प्रदर्शन, उ.प्र.=उत्पादन प्रदर्शन, बा.च.प्र.=बाली चक्र प्रदर्शन, नाफपो.=नाईट्रोजन, फस्फोरस, पोटास, १हे.=२० रोपनी=३० कट्ठा

## ३.५ हरियो मल नतिजा प्रदर्शन कार्यक्रमः

**३.५.१ कार्यक्रमको पृष्ठभूमिः** ढैंचा, सनई, वर्सिम आदिलाई हरियो मलको रुपमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने तथ्य दर्शाई खेती बालीमा हरियो मल प्रयोगबाट माटोको उर्वराशक्ति अभिवृद्धि गरी उत्पादन वढाउनुपर्दछ ।

**३.५.२ कार्यक्रमको उद्देश्यः** कृषकहरुलाई हरियो मल प्रयोग गरेको र नगरेको दुइ प्लटको तुलनात्मक नतिजा समेत अवगत गराउन यो कार्यक्रम सञ्चालन गर्नु ।

**३.५.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ सिंचित क्षेत्रमा धान-गहुँ/मकै प्रणाली अपनाउने कृषक समूह सहभागी गराई धान रोप्नुभन्दा पहिले प्रदर्शन प्लटको १/२ जग्गामा हरियो मल प्रयोग गर्नु पर्दछ ।
- ✓ हरियो मल प्रयोग गरेको प्लटमा सिफारिसको आधा रासायनिक मल प्रयोग गर्ने र हरियो मल प्रयोग नगरेको प्लटमा सिफारिस बमोजिम रासायनिक मल प्रयोग गर्नु पर्दछ ।
- ✓ धान पछि गहुँ/मकै बालीमा पनि यसै गरी रासायनिक मल प्रयोग गर्नु पर्दछ ।यसबाट अर्को बालीमा समेत हरियो मलको प्रभाव हेर्न सकिन्छ ।



सचिव

- ✓ यो नतिजा प्रदर्शन सञ्चालन गर्दा हरियो मलको बीउ छर्ने र जग्गा जोत्ने काम गरी सकेपछि त्यसपछि लगाउने बाली लगाई माथि उल्लेख गरे बमोजिम मलखादको प्रयोग गर्नु पर्दछ।
- ✓ यस नतिजा प्रदर्शन पश्चात् फरक पर्न आएको उत्पादकत्व/उत्पादनबारे कृषकलाई अवगत गराउनुको साथै यसको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा पठाउनुपर्दछ।
- ✓ प्राविधिक मापदण्ड -
  - हरियो मल बनाउने बालीको बीउ (ढैंचा, सनई, मुंग आदि) ३ के.जी.
  - रसायनिक मल नाईट्रोजन १के.जी., फस्फोरस १ के.जी., पोटास १ के.जी.
  - साईनवोर्ड २.५ फिट लम्बाइ, २फिट चौडाइ
  - माटो परीक्षण ४ नमुना (२ नमुना बाली अघि, २ बाली बाली पछि) (पहाड १ रोपनी, तराई १.५ कठ्ठा

**३.५.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):** स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर रेट अनुसार

## ३.६ नतिजा प्रदर्शन कार्यक्रम (आलु बाली)

**३.६.१ कार्यक्रमको पृष्ठभूमिः** यस अन्तर्गत मुख्यत गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन,आलु बालीमा रोगकिरा व्यवस्थापन प्रदर्शन तथा आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन सञ्चालन गर्न सकिनेछ।

**३.६.२ कार्यक्रमको उद्देश्यः**

**३.६.२.१ गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- ✓ गुणस्तरयुक्त बीउ प्रयोग अर्थात स्वस्थ, ठीक साइजको, उचित शारीरिक अवस्थामा रहेको र तोकिएको जातका बीउ आलुउत्पादन प्रविधि सिकाउने।
- ✓ बीउ आलु स्थानीय स्रोत बीउ आलुको तुलना गरेर आलुखेतीमा उन्नत बीउ आलुको सकारात्मक नतिजा कृषकहरुबीच प्रदर्शन गर्ने।
- ✓ उन्नत र गुणस्तरयुक्त बीउ आलुको महत्त्व प्रसार गर्ने।

**३.६.२.२ आलु बालीमा रोगकिरा व्यवस्थापन नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- ✓ स्थान विशेष आर्थिक महत्त्वका आलु बालीका रोग व्यवस्थापन बारे कृषकहरुलाई प्रविधि सिकाउने ।
- ✓ कृषकहरुको आलु रोग व्यवस्थापन गर्न सक्ने दक्षता अभिवृद्धि गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

### ३.६.२.३ आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन कार्यक्रमको हकमा

- ✓ आलुको उन्नत प्रविधि जस्तै उन्नत तथा सिफारिस जात तथा अन्य परिस्कृत प्रविधि बारे कृषक समक्ष पुर्याई प्रविधि अनुसरण गराउने।
- ✓ उन्नत प्रविधि सम्बन्धमा कृषकको दक्षता अभिवृद्धि गर्ने।

### ३.६.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):

### ३.६.३.१ गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन कार्यक्रमको हकमा

- ✓ प्रदर्शन स्थल छनौटगर्दा स्थानीय स्तरमा न्यून गुणस्तरको बीउआलु प्रयोग गरी खेती गरिने क्षेत्रमा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ।
- ✓ क्षेत्रफल ५४० वर्ग मिटर (करिब एक रोपनी/डेढ कठ्ठा) रोपनी हुनुपर्दछ ।
- ✓ प्रदर्शनका लागि बीउको श्रोत (किसिम) निम्न बमोजिम हुनुपर्नेछ।
  - बियाँबाट उत्पादित बीउ आलु
  - मुलबीउ वा प्रमाणित बीउ
  - स्थानीय बीउ आलु
- ✓ प्रदर्शन गरिने जग्गालाई ३ वटा प्लट (प्रत्येक १८० व.मी.) मा विभाजन गर्नुपर्दछ।
- ✓ प्लटहरुको बीचमा करिब ५० से.मी. फराकिलो बाटो राख्न हुनुपर्नेछ। सामन्यतया एउटा प्लटको आकार १५×१२ मिटरको हुनेछ। प्रत्येक प्लटमा आलु लगाइने दुरी ७०×२५ कायम गर्दा २३ वटा लाइनहरु र प्रति लाइनमा ४८ वटा बीउ आलु लगाई जम्मा ११०४ वटा बीउ आलुको व्यवस्था गर्नुपर्नेछ। यसरी मूल बीउ ३० ग्राम साइजको प्रयोग गर्दा ३५ के.जी. बीउ बीयाँ आलु द्वारा उत्पादित (सिडलिगं टयुवर) औसत १५ ग्राम साइजको प्रयोग गर्दा करिब १८ के.जी. तथा स्थानीय बीउ आलु औसत २५ ग्रामको प्रयोग गर्दा ३० के.जी. बीउआलु आवश्यक पर्दछ।
- ✓ मुल बीउ र सिडलिङ्ग टयुबर आलुप्रयोग गरेको प्लटहरुमा सिफारिस गरिएको प्रविधि अपनाउनु पर्दछ भने स्थानीय बीउ आलुप्रयोग भएको प्लटमा कृषकहरुले स्थानीय प्रविधि अपनाउनुपर्दछ।
- ✓ प्रदर्शन स्थलमा मूल बाटोबाट प्रष्ट देखिन गरी साइनबोर्ड राखिनुपर्दछ ।
- ✓ बाली तयार भैसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा प्रदर्शन स्थल पकेट क्षेत्र तथा आसपासका कृषकहरुलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया सञ्चालन गर्नुपर्नेछ ।
- ✓ उक्त अवसरमा विभिन्न स्रोत बीउ आलुप्रयोग भएका छुट्टाछुट्टै नतिजा, लागत खर्च तथा सम्भावित आम्दानी र कृषकहरुबीच सामूहिक छलफल गराई प्रतिक्रिया एवं सुझावहरु संकलन गर्नुपर्नेछ ।



सचिव

- ✓ प्रदर्शन सञ्चालन सम्पन्न भएपछि राष्ट्रिय आलु बाली विकास कार्यक्रमले उपलब्ध गराएको फर्मेट ढाँचा बमोजिम भरी सम्बन्धित जिल्लाले तत्थांक विश्लेषण गरी प्रकाशमा ल्याउनुपर्ने र सो को रेकर्ड राष्ट्रिय आलु बाली विकास कार्यक्रममा पठाउनुपर्नेछ ।

**३.६.३.२ आलुबालीमा रोगकिरा व्यवस्थापन नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- ✓ प्रविधि प्रदर्शनका लागि उपयुक्त उन्नत जात तथा स्थानीय जात/प्रविधि छनौट गर्नुपर्नेछ ।
- ✓ यसका लागि प्रदर्शन गरिने प्रविधि अनुसार कुल क्षेत्रफल (५४० व.मी) लाई ३ (प्रत्येक १८० व.मी.) प्लटमा विभाजन गरी प्रदर्शन सञ्चालन गर्न सकिनेछ । प्रदर्शनका लागि न्यूनतम एक प्लटमा कृषकको प्रविधि प्रदर्शन गर्नुपर्नेछ । बीउ आलु लगाउने दुरी माथि गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा जस्तै हुनेछ ।
- ✓ यस प्रदर्शनमा सिडलिंग टयुबर प्रयोग गर्दा कुल बीउ ८३ केजी तर यसको बदला अन्य उन्नत बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले त्यस्तो अवस्थामा अधिकतम ९० केजी सम्म बीउ प्रयोग गर्न सकिनेछ ।
- ✓ अन्य कुराहरु गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ।

**३.६.३.३ आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- ✓ प्रविधि प्रदर्शनका लागि उपयुक्त उन्नत जात तथा स्थानीय जात/प्रविधि छनौट गर्नुपर्नेछ ।
- ✓ यसका लागि प्रदर्शन गरिने प्रविधि अनुसार कुल क्षेत्रफल (५४० व.मी) लाई ३ प्लटमा विभाजन गरी प्रदर्शन सञ्चालन गर्न सकिनेछ ।प्रदर्शनका लागि न्यूनतम एक प्लटमा कृषकको प्रविधि प्रदर्शन गर्नुपर्नेछ ।बीउ आलु लगाउने दुरी माथि गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा जस्तै हुनेछ ।
- ✓ यस प्रदर्शनमा सिडलिंग टयुबर प्रयोग गर्दा कुल बीउ ८३ केजी तर यसको बदला अन्य उन्नत बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले त्यस्तो अवस्थामा अधिकतम ९० केजी सम्म बीउ प्रयोग गर्न सकिनेछ ।
- ✓ नतिजा प्रदर्शन कार्यक्रम गर्दा प्रविधिको उद्देश्य प्रष्ट पार्नुपर्नेछ जस्तो छापो दिने, जातीय परिक्षण, इत्यादि ।
- ✓ अन्य कुराहरु गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.६.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

**क) गुणस्तरयुक्त बीउ आलुनतिजा प्रदर्शन**

**क्षेत्रफल : ५४० व.मी. (१८० व.मी.को ३ वटा प्लट)**

| क्र. सं. | विवरण | इकाई | परिमाण | नर्म्स | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार (%) | कृषकको दायित्व (%) | दर |
| १ | बीउ आलु | केजी | ८३ | १०० | - | स्विकृत स्थानीय दररेट वा बीउ उत्पादक श्रोत केन्द्रको दररेट अनुसार। |
| १.१ | मुल बीउ वा प्रमाणित बीउ | केजी | ३५ | १०० | - | |
| १.२ | सिडलिंग टयुबर (औसत १५ ग्राम साइज) | केजी | १८ | १०० | - | |
| १.३ | स्थानीय आलु (२५ ग्राम साइज) | केजी | ३० | १०० | - | |
| २ | रासायनिक मल* | केजी | युरिया-८.३, डिएपी-६.५, पोटास-५ | १०० | - | डिलर/स्थानीय दररेट अनुसार |
| ३ | कम्पोष्ट/गोबर मल | क्वी | १० | - | १०० | |
| ४ | बाली संरक्षण | रु. | २५०.० | १०० | - | एकमुष्ट |
| ५ | साइनबोर्ड (३×२.५ फिट) | संख्या | १ गोटा | १०० | - | स्थानीय दररेट अनुसार |

* युरिया, डिएपी, पोटास उपलब्ध नभएमा अन्य मल ५:५:३ केजी ना:फ:पो./रोपनीका दरले प्रयोग गर्ने।

**ख) आलु बालीमा रोग किरा व्यवस्थापन नतिजा प्रदर्शन**

यस प्रदर्शनका लागि नर्म्स गुणस्तरीय बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ। श्रोतबीउको हकमा मूल बीउको सट्टामा प्रमाणित बीउ/उन्नत बीउ मात्र पनि प्रयोग गर्न सकिन्छ। तर सिडलिंग टयुबरको सट्टा अन्य जातको बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले उक्त अवस्थामा बीउको कुल मात्रा अधिकतम ९० केजी हुनेछ।

**ग) आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन**

यस प्रदर्शनका लागि नर्म्स गुणस्तरीय बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ। श्रोत बीउको हकमा मूल बीउको सट्टामा प्रमाणित बीउ/उन्नत बीउ मात्र पनि प्रयोग गर्न सकिन्छ। तर सिडलिंग टयुबरको सट्टा अन्य जातको बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले उक्त अवस्थामा बीउको कुल मात्रा अधिकतम ९० केजी हुनेछ।



सचिव

## ३.७ बाली चक्र (Cropping Pattern) प्रदर्शन कार्यक्रम

**३.७.१ कार्यक्रमको पृष्ठभूमिः** उत्पादनका लागि चाहिने सबै साधनहरू प्रयोग गरी जिल्लामा सञ्चालित सिँचाइ उप आयोजना र बाह्रै महिना सिँचाइ हुन सक्ने क्षेत्रहरूमा पकेटको रुपमा सघन बाली चक्र प्रणाली अपनाई बाली उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ।

**३.७.२ कार्यक्रमको उद्देश्यः**

- ✓ मलखाद, उन्नत बीउ, एकिकृत बाली संरक्षण, सिँचाइ एवं आधुनिक प्राविधिक प्याकेजको रुपमा प्रयोग गरी बाली सघनता तथा उत्पादकत्व वृद्धि गर्न कृषकहरूलाई अभिप्रेरित गर्नु।
- ✓ वर्षैभरि सिँचाइ हुन सक्ने क्षेत्रमा उपलब्ध विभिन्न प्रविधिहरूको साथ साथै उपयुक्त बाली चक्रको एकिकृत रुपमा प्रयोग गरी कृषकहरूलाई बाली सघनता ३०० प्रतिशत पुर्याउन र उत्पादकत्व वृद्धि गर्न उत्प्रेरित गर्नु।

**३.७.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ नतिजा प्रदर्शनमाजस्तै उत्पादन क्षेत्र छनौट गरी कृषकको सहभागितामा यो कार्यक्रम आरम्भ गर्नु पर्दछ।
- ✓ यस्तो प्रदर्शन संभव भएसम्म हरेक पकेट क्षेत्रमा कृषि अनुसन्धान केन्द्रहरूबाट सिफारिस गरिएको प्रविधिको आधारमा वर्षैभरि सञ्चालन गरी त्यहां कृषक भ्रमण समेत गराई वहुसंख्यकलाई लाभान्वित तुल्याउनुपर्दछ।
- ✓ बाली अनुसार गरिने विभिन्न कृयाकलापहरूको रजिष्टर्डमा अभिलेख राख्नुपर्दछ।
- ✓ प्रदर्शन सामग्रीको साथमा प्रदर्शनमा प्रयोग हुने बाली चक्र, हरेक बालीको नाम तथा जात, बीउको स्तर, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, विभिन्न बालीहरूको अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा कृषकहरूलाई दिने व्यवस्था मिलाउनुपर्दछ।
- ✓ कृषकको नाम, ठेगाना, लगाईएको बाली चक्र बाली लगाइएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, प्रदर्शन प्रति कृषकको धारणा बालीहरूको उत्पादन प्रदर्शन गर्दा उपलब्ध भएका विवरणहरू रेकर्ड गर्नु पर्दछ।
- ✓ यसको लागि आवश्यक पर्ने समाग्री एकिन गरी उपलब्ध गराउनुको साथै प्रदर्शन प्लटमा निम्न विवरण सहितको वोर्ड राख्ने व्यवस्था गर्नु पर्दछ।
  - प्रदर्शनको नाम
  - कृषकको नाम
  - प्रयोग गरिएको बाली चक्र

- प्रदर्शन क्षेत्रफल
- बीउको स्तर
- मलखादको मात्रा
- बाली लगाईएको मिति
- प्रदर्शन शुरु गरेको मिति आदि ।

✓ प्रदर्शन प्लटमा हरेक बाली चक्र हेरेर सिजनमा कृषकहरू जुटाई अवलोकन गराउनुपर्दछ ।

✓ बाली कटाई (Crop Cutting) को वेलामा २०-२५ जना कृषकहरू जुटाएर उत्पादन नतिजा देखाउनुपर्दछ ।

**३.७.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

✓ प्रदर्शन कार्यक्रमको प्रकृतिअनुसार उपरोक्त प्रदर्शन नर्म्स् बमोजिम सिफारिस दर मात्रामा प्रदर्शन सामग्रीहरुको प्रयोग गर्नु पर्नेछ ।

✓ यस्ता सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ ।

✓ प्रदर्शन साईन बोर्डको हकमा नतिजा प्रदर्शनको झैं हुनेछ ।

## ३.८ तरकारी प्याकेज प्रदर्शन कार्यक्रम

**३.८.१ कार्यक्रमको पृष्ठभूमि:** तरकारी बालीका विभिन्न प्रविधिहरूलाई समेटेर तरकारी खेतीमा संलग्न कृषकहरूलाई त्यस्ता प्रविधिहरू सिकाई आत्मविश्वास दिलाउन तरकारी प्याकेज प्रदर्शन कार्यक्रम सञ्चालन गरिन्छ ।

**३.८.२ कार्यक्रमको उद्देश्य:**

✓ तरकारी उत्पादक कृषकहरूलाई तरकारी बाली सम्बन्धी नयाँ प्रविधि तर्फ उन्मुख गराउनु ।

✓ कृषक सहभागितामा व्यवसाय उन्मुख पकेट प्याकेज कार्यक्रम सञ्चालन गराउनु ।

✓ कृषकहरूलाई खासगरी तरकारी व्यवसायमा उन्मुख गराउनु ।

**३.८.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

✓ तरकारी खेतीमा संलग्न कृषकहरूलाई तरकारी बालीका विभिन्न प्रविधिहरू समष्टिगत रुपमा प्रदर्शन गर्नुपर्नेछ ।

✓ अन्य प्रदर्शन कार्यक्रमहरू जस्तै उपयुक्त प्रदर्शन प्लट छनौट गरी साइनवोर्ड राख्नुपर्दछ ।

✓ कृषकहरूलाई बीउ, वेर्ना, रासायनिक मल, विषादी आदि नर्म्स अनुसार उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ कृषकहरूबाट उत्पादन क्षेत्र पहिचान भई आवश्यक महसुश भएका सामग्रीहरू उनीहरूकै सक्रिय सहभागितामा नर्म्स अनुसार उपलब्ध गराउनुपर्नेछ ।
- ✓ तरकारी प्याकेज प्रदर्शन गर्ने क्षेत्रफल पहाडमा १ रोपनी र तराईमा २ कठ्ठा हुनेछ ।

**३.८.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):** वेर्ना, बीउ, रासायनिक मल, विषादी औषधि, साइनवोर्ड आदिमा प्रति प्रदर्शन विनियोजित वजेटको परिधि भित्र रहि सरकारी/ जिल्ला/ स्थानीय दर अनुसार खर्च गर्न सकिन्छ।

## ३.९ प्लाष्टिक टनेलमा थोपा सिँचाइ प्रदर्शन कार्यक्रम

**३.९.१ कार्यक्रमको पृष्ठभूमि:** कुलो तथा पानी श्रोतको अभाव क्षेत्रमा प्लाष्टिक टनेलभित्र थोपा सिँचाइ प्रविधि मार्फत तरकारी (बेमौसमी सहित) खेती तर्फ कृषकहरुलाई आकर्षित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक विरुवाको जरामा पानीको थोपा थोपा झारेर सिंचाई गर्ने तरिका थोपा सिंचाई प्रविधि भनिन्छ । थोपा सिचाईबाट पानीको बचत (८५ देखि ९० प्रतिसत ) हुन्छ । सतह सिचाईमा जस्तो जमिन सम्याउनु पर्दैन । ज्याला कम लाग्छ । उत्पादनमा बृद्धि हुन्छ । झारपातको प्रकोप कम हुन्छ ।प्लाष्टिक घर भित्र गरिने खेतीका लागि राम्रो प्रविधि हो।जरा वरिपरी नुनिलोपन घटाउंछ । फोहोरा सिचाई र थोपा सिचाईको माध्यमबाट रासायनिक मल, विषादी पनि प्रयोग गर्न सकिन्छ । रोगकिरा रोकथाममा सहयोग पुग्दछ ।सिँचाई

**३.९.२ कार्यक्रमको उद्देश्य:** सिँचाइ कुलो र पानीको श्रोतको अभावमा पानीको अधिकतम सदुपयोग गर्न सञ्चालन गर्ने।

**३.९.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ विभिन्न तरकारीको आवश्यकतानुसार अप्राकृतिक तवरले अनुकूल वातावरण सिर्जना गर्न सकिएमा कुनै पनि समयमा चाहे अनुसारको तरकारीको किसिम र परिमाणमा जुनसुकै तरकारीको उत्पादन गर्न सकिन्छ ।
- ✓ हाम्रा कृषकहरुले पनि निम्नानुसारका केही प्रविधिहरु प्रयोग बेमौसमी तरकारी खेती गर्न सक्छन् ।

**क) प्लास्टिक घरभित्र तरकारी खेती:**

- विशेषगरी जाडो याममा उच्च पहाडमा ठूला– ठूला प्लास्टिकका घरहरु बनाई तरकारी खेती गर्न सकिन्छ, यसमा भित्रै पसेर नै विभिन्न कृषि कर्महरु गर्न सकिन्छ ।
- त्यसैगरी नै वर्षाको समयमा मध्य पहाडी इलाकामा प्लास्टिको छाना मात्र हाली गोलभेडा, भान्टा आदि बेमौसमी तरकारी उत्पादन गर्न सकिन्छ । यो प्रविधि


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

स्थायी प्रकृतिको हुन्छ तथा केही ठूला, प्राविधिक ज्ञान भएका तथा धनी कृषकहरुले मात्र गर्न सक्छन् ।

**ख) प्लास्टिक टनेलभित्र तरकारी खेतीः**

- यो प्रविधिमा साधारणतया ५ मिटर चौडा र २० मिटर वा आवश्यकता अनुसारको लम्बाइको प्लास्टिकको टनेल बनाइन्छ ।
- यसलाई बाँस, डोरी आदिको सहयोगले प्लास्टिकलाई अडयाउने काम गरिन्छ ।
- यसबाट बिरुवालाई हिउँदको चिसो र वर्षाको पानीबाट बचाउन सकिन्छ तथा बिरुवाहरु सजिलैसँग छिटो– छिटो बढ्छन् ।
- यो प्रविधि भने अस्थायी प्रकृतिको हुन्छ तथा समयानुसार टनेल हटाइन्छ ।
- विरुवालाइ आवश्यक हावा पानिको अनूकूल वातावरण पूर्याउन सके चाहेको समयमा माग बमोजिमको ताजा तरकारी उत्पादन गर्न सकिन्छ ।
- यसरी बाहिरी वातावरणलाइ पुर्ण वा आंसिक रुपमा नियन्त्रण गरि तरककारी सूहाउदो पार्न सकिन्छ ।
- भिरालो जमिन, कडा चट्टान, पहाड पर्वतीय ईलाका जहां सतह सिचाई तरिका संभव छैन, पानीको मात्रा कम र अन्य तरिकाका सिचाई संरचना निर्माण गर्न खर्चिलो हुन्छ, जहांको माटोमा पानी धारण गर्ने क्षमता कम हुन्छ, जहां कम मात्रा र छिनछिनमा सिचाई गर्नुपर्दछ, मजदुरहरु कम पाईने र ज्याला दर बढी हुन्छ त्यस्तो ठाउंमा थोपा सिचाई तरिका प्रयोग गरिन्छ ।

Simple Drip System



चित्र नं. १ सरल थोपा सिंचाई प्रणाली



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.९.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

| | |
|---|---|
| ✓ थोपा सिचाई टयांकी सहित (सानो) | रु. १३००।- |
| ✓ बांस ६ घाना - प्रति घाना रु. १५० का दरले: | रु. ९००।- |
| ✓ प्लाष्टिक १० के. जी. (प्रति के.जी. रु. १५५का दरले: | रु. १५५०।- |
| ✓ बीउ, बेर्ना, मलखाद, विषादी इत्यादि एकमुष्ट: | रु. ६५०।- |
| ✓ पारिश्रमिक ज्याला एकमुष्ट | रु. ६००।- |
| ✓ जम्मा: | रु. ५०००।- |

✓ नर्म्समा उल्लेखित खर्च रु ५००० बाहेक अन्य खर्च कृषक स्वयंले व्यहोर्नु पर्नेछ।

## ३.१० सुक्ष्मतत्व प्रयोग प्रदर्शन कार्यक्रम:

**३.१०.१ कार्यक्रमको पृष्ठभूमि:** सुक्ष्मतत्वको अभाव भएको क्षेत्रमा सुक्ष्मतत्वयुक्त मलखाद प्रयोगबाट बाली उत्पादनमा वृद्धि ल्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ।

**३.१०.२ कार्यक्रमको उद्देश्य:** सुक्ष्मतत्वयुक्त मलखाद प्रयोग गरी उत्पादकत्वमा वृद्धि ल्याउनु।

**३.१०.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ अध्ययनको आधारमा विभिन्न सुक्ष्म तत्वहरु कम भएका लक्षणहरु देखिएका स्थानमा प्रयोग प्रदर्शन गर्नु पर्दछ।
- ✓ सुक्ष्मतत्व प्रयोग गर्ने उपयुक्त वेलामा सुक्ष्म तत्वयुक्त मलखाद सामग्री आवश्यकता अनुरुप प्रयोग गरेर देखाउनुपर्दछ।
- ✓ सुक्ष्मतत्वको प्रयोगबाट बालीमा कस्तो प्रभाव पर्दछ सो बारे सुक्ष्मतत्वको प्रयोग गर्नुअघि र प्रयोगपछि माटो विश्लेषण गरी त्यसको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा पठाउने र कृषकलाई समेत जानकारी गराउनुपर्दछ।
- ✓ अन्य कृषकलाई जानकारी गराउन २.५ फिट लम्बाइ र २ फिट चौडाइको साईनवोर्ड वनाउनु पर्दछ ।
- ✓ सुक्ष्मतत्व प्रयोग प्रदर्शनका लागि पहाडमा १रोपनी र तराईमा १.५ कठ्ठा जमिन चाहिन्छ ।
- ✓ सुक्ष्मतत्व (जिंक सल्फेट, कपर सल्फेट, फेरस सल्फेट, सोडियम मोलिब्डेट आदि) वढिमा १.५ केजी कृषकलाई उपलव्ध गराउनु पर्दछ ।
- ✓ माटो परीक्षण गरी ४ नमुना (२ नमुनाबाली अघि, २ बाली बाली पछि) आवश्यक पर्दछ ।

**३.१०.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):** स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर वा प्रचलित वजार दर अनुसार

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.११ सुक्ष्म जैविक मल प्रयोग प्रदर्शन कार्यक्रमः

**३.११.१ कार्यक्रमको पृष्ठभूमिः** उत्पादन वृद्धि गर्न अपनाइने विभिन्न प्रविधि मध्ये सुक्ष्म जैविक मलको प्रयोग पनि एक भएकोले यो प्रदर्शन सञ्चालन गरिन्छ।

**३.११.२ कार्यक्रमको उद्देश्यः** कोसेबालीमा सुक्ष्म जैविक मलको महत्त्व दर्शाउनु।

**३.११.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ कोसे बाली भटमास/मुसुरो लगाउने क्षेत्रमा कृषक समूहको सकृय सहभागितामा प्रदर्शन प्लटको आधा जग्गामा जैविक मल प्रयोग गर्ने र बाँकी जग्गामा नगर्ने।
- ✓ दुवै जग्गाको उत्पादन रेकर्ड लिई सम्बन्धित किसानलाई जानकारी गराउँदै यसको विवरण सम्बन्धित कार्यालयहरुमा समेत पठाउनुपर्दछ।
- ✓ सुक्ष्म जैविक मल प्रयोग प्रदर्शनका लागि पहाडमा १रोपनी र तराईमा १.५ कठ्ठा जमिन चाहिन्छ ।
- ✓ कोसेबालीको बीउ २.५ के.जी. , सुक्ष्म जैविक मल (राइजोवियम आदि) २०० ग्राम र चिनी/गुडको चाक्सी वढिमा १ के.जी कृषकलाई उपलव्ध गराउनु पर्दछ ।
- ✓ अन्य कृषकलाई जानकारी गराउन २.५ फिट लम्बाइ र २ फिट चौडाइको साईनवोर्ड वनाउनु पर्दछ ।

**३.११.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):** स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर वा प्रचलित वजार दर अनुसार

## ३.१२ गोठेमलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदर्शन) कार्यक्रमः

**३.१२.१ कार्यक्रमको पृष्ठभूमिः** यसमा गहुँत संकलन टयांकी निर्माण गरी यसको संकलन तथा संरक्षण गरिन्छ। गहुँतलाई बालीमा सोझै प्रयोग गर्ने तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ। भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व नष्ट हुन नदिनको लागि छापो दिने, मल तर्काउने र चुहिएर तथा उडेर नोक्सान हुन दिनबाट जोगाउने गरिन्छ। यस अन्तर्गत वस्तुको लागि गोठ बनाउँदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिन्छ। स्थानीय स्तरमा पाउने ढुंगा, छपनी आदि प्रयोग गरी कृषककै सहभागितामा गहुँत बग्ने खालको गोठको भूई निर्माणमा जोड दिइन्छ साथै बगेको गहुँतलाई नली मार्फत संकलन टयांकमा जम्मा गर्न टयांक र नलीको व्यवस्था गर्न उत्प्रेरित गरिन्छ।

गाईवस्तुको मलमूत्र, घाँसपातका अवशेषहरू र सोत्तरलाई गोठको नजिकै राखेर तयार पारिएको मललाई गोठेमल हो। नेपालको कतिपय ठाउँहरूमा सोत्तर तथा घाँसपात प्रशस्त नपाइने हुँदा गाईभैंसीबाट निस्कने गोबर र मूत्रबाट मात्र पनि मल बनाइएको पाइन्छ भने प्रशस्त स्याउला,



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सोतर पाईने ठाउँमा स्याउला सोतर समेत एकै ठाउँमा बिघटन गराई मल तयार गरिन्छ । जे होस गाई बस्तुको गोबर, मुत्र तथा सोतर लाई मुख्य श्रोतको रुपमा लिएर सोतर स्याउला मिसाई वा नमिसाई गोठ नजीक तयार गरिएको मललाई गोठेमल भन्न सकिन्छ । यो नेपालमा प्रयोग गरिने मुख्य प्राङ्गारिक मल हो ।

गोवर र मूत्रनै गोठेमलका प्राथमिक स्रोत भएकाले यिनको संरक्षणको लागि ध्यान दिनुपर्दछ । गोवर मात्र होइन मूत्र पनि जो गाउनु पर्दछ । यसको लागि मूत्र सोस्ने खालका सामग्रीहरू सोत्तरको रूपमा प्रयोग गर्नुपर्दछ । हाम्रो देशको परिप्रेक्ष्यमा हेर्दा गोठहरू राम्रोसँग तयार पारिएका हुदैनन् । गोवरको प्रयोग गरे पनि मूत्र भूईंमा नै खेरजान्छ । तर खाद्यतत्वको रूपमा हेर्दा गोवर र मूत्रको बराबर महत्व हुन्छ । गोठेमल बनाउँदा गाईबस्तुको गोबर, मूत्र र सोत्तरलाई राम्रो र सुरक्षित तरिकाले विघटित गराउन जरुरी हुन्छ । यसका लागि गोठ तथा खाडलको राम्रो व्यवस्था हुनुपर्दछ ।

**३.१२.२ कार्यक्रमको उद्देश्यः** गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोझै बालीमा प्रयोग गर्ने तथा गोठेमलको रुपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने।

३.१२.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):

- ✓ गाईबस्तुको मूत्र पूर्णरूपले सदुपयोग हुनुपर्दछ ।
- ✓ यसका लागि अधिकतम् मात्रामा सोत्तरको व्यवस्था गर्नुपर्दछ ।
- ✓ सोत्तर पर्याप्त नभए भकारोको नजिक मूत्र सङ्कलन गर्ने सानो खाडल वा टङ्की बनाइ कुलेसोद्वारा मूत्र सङ्कलन गरी सिधै बिरुवामा प्रयोग गर्न पनि सकिन्छ । अथवा सङ्कलित मूत्रलाई गोठेमलमा लगेर मिसाउन पनि सकिन्छ ।
- ✓ खाडल खन्न नमिल्ने अथवा नसक्ने अवस्थामा मललाई जमिनमै थुपारेर राख्न सकिन्छ ।
- ✓ यस्तो अवस्थामा मलको वरिपरि ढुङ्गाको पर्खाल वा काठपात र स्याउलाले बार्न पनि सकिन्छ ।
- ✓ यसो गर्दा मललाई घाम– पानीबाट जोगाउन सकिन्छ ।
- ✓ घाम पानीबाट मललाई जोगाउनु भनेको सबभन्दा महत्वपूर्ण कुरा हो ।
- ✓ मल राम्रोसँग विघटित नहुनु एउटा प्रमुख समस्या भएको हुदा गोबरमललाई खाडल वा थुप्रोमा राम्रोसँग मिलाइ राख्नु पर्दछ ।
- ✓ खाडल वा थुप्रोमा पानी अथवा भल पस्न दिनु हुदैन ।
- ✓ खाडल वा थुप्रोमा गोठेमल थुपार्दै जानुपर्दछ ।
- ✓ हरेक हप्ता चुली लागेको मललाई फिंजाएर मिलाउनु पर्दछ
- ✓ मललाई छानो दिएर घामपानीबाट जोगाउँदा राम्रो हुन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ छानो दिन नसक्ने अवस्थामा खाडल वा थुप्रो पुरै भरिए पछि सकेसम्म प्लास्टिक वा स्याउला वा झारपातले भए पनि मललाई छोपेर राख्नु अनिवार्य हुन्छ ।
- ✓ गोठेमललाई पल्टाउन जरुरत पर्दैन ।
- ✓ हिउँद याममा प्रायःजसो कृषकहरूले बारीमा गोठ सार्ने गर्दछन् । गाईबस्तुलाई घाम तपाउन (न्यानो पार्न र नल–पराल बारीमै खुवाउन यसो गरिन्छ । यसो गर्दा मल बढी सुकेर नोक्सान हुन्छ ।
- ✓ बढी मात्रामा सोत्तरको प्रयोग गरी मूत्र सोस्ने व्यवस्था मिलाई मललाई खाडलमा राख्नुपर्दछ ।
- ✓ खाडलमा राख्न नसक्ने अवस्थामा झारपातले नै भए पनि मलको थुप्रोलाई छोप्नुपर्दछ वा माटोले चारैतिर लिपिदिन पनि सकिन्छ ।
- ✓ अन्य कृषकलाई जानकारी गराउन २.५ फिट लम्बाइ र २ फिट चौडाइको साईनवोर्ड वनाउनु पर्दछ ।
- ✓ मुत्र संकलनको लागि गोठसुधारका लागि आवश्यकता अनुसार इटा, ढुंगा, वालुवा, सिमेण्ट, पात पतिङ्गर र ज्यामी खर्च आदि व्यवस्थापन गर्नु पर्दछ ।
- ✓ गोठेमल खाडल/थुप्रो माथि छहारीको व्यवस्था गर्ने कार्य गर्नु पर्दछ ।
- ✓ गहुँत सँकलन टैंकी व्यवस्थापन गर्नु पर्दछ ।गहुँत संकलन गर्न पक्की टैंकी वा प्लाष्टिक ड्रम पनि प्रयोग गर्न सकिन्छ ।
- ✓ बाँस, खर, स्याउला, पराल लगायत स्थानीय स्तरमा ढुङ्गा, बालुवा पाईने ठाउँमा कम खर्चमा पनि यो काम गर्न सकिन्छ ।
- ✓ यति काम गर्न सके गहुँत सँकलनको साथै मललाई घाम पानी बाट पनि बचाउन सकिन्छ ।

**३.१२.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष)**: स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर वा प्रचलित वजार दररेट अनुसार

**३.१२.५ द्रष्टव्य**

- ✓ १ भाग गाईवस्तुको मूत्रलाई विरुवाको अवस्थानुसार ४ देखि ८ भाग पानीमा मिसाएर बाली विरुवामा युरियामलको सट्टा प्रयोग गर्ने ।
- ✓ पशुमूत्रलाई गोबरग्याँस प्लाण्टमा प्रयोग गर्दा ग्याँस उत्पादन बढ्नुका साथै मलको गुणस्तर समेत बढ्ने ।
- ✓ संकलित पशुमूत्रलाई प्लाष्टिक भाँडोमा राखी अमिलो, टर्रो, तीतो, पिरो वनस्पतिहरू (असुरो, तितेपाती, नीम, बकाइनो, बोझो, केतुकी, सिस्नु, सयपत्री, बनमारा आदि) २५ देखि ३५ दिन



सचिव

कुहाई बनाइएको झोललाई बिरुवाको अवस्था अनुसार १ भागमा ५– १० भाग पानी मिसाई वानस्पतिक विषादीको रुपमा प्रयोग गर्न सकिने जसबाट रोग कीरा व्यवस्थापन हुनुका साथै बिरुवालाई चाहिने केही पोषक तत्व पनि प्राप्त हुन सक्ने ।

- ✓ पशुमूत्रलाई पानीमा मिसाई थोपा सिँचाइको रुपमा युरिया मलको सट्टा टपड्रेस गर्न सकिने।
- ✓ टंकी वा ड्रममा पानी र पिसाब मिसाएर पाइपद्वारा सिँचाइ गर्दा राम्रो हुने ।
- ✓ गोठेमललाई पल्टाउन जरुरत पर्दैन ।
- ✓ हिउँद याममा प्रायःजसो कृषकहरूले बारीमा गोठ सार्ने गर्दछन् ।
- ✓ गाईबस्तुलाई घाम तपाउन (न्यानो पार्न र नल– पराल बारीमै खुवाउन यसो गरिन्छ ।
- ✓ यसो गर्दा मल बढी सुकेर नोक्सान हुन्छ ।
- ✓ बढी मात्रामा सोत्तरको प्रयोग गरी मूत्र सोस्ने व्यवस्था मिलाई मललाई खाडलमा राख्नुपर्दछ ।
- ✓ खाडलमा राख्न नसक्ने अवस्थामा झारपातले नै भए पनि मलको थुप्रोलाई छोप्नुपर्दछ वा माटोले चारैतिर लिपिदिन पनि सकिन्छ ।

## ४. उन्नत बीउ कीट वितरण कार्यक्रम

४.१ **कार्यक्रमको पृष्ठभूमिः** कुनै पनि नयाँ/उन्नत बीउहरुको अनुसन्धान केन्द्र तथा कृषकको घरबारीमा जातीय परीक्षण गरी सिफारिस भएका नयाँ जातहरुलाई अथवा भविष्यमा सिफारिस हुन सक्ने नयाँ/उन्नत जातहरुलाई कृषकको वातावरणमा पुर्याई यथाशक्य चाँडो विस्तार गर्न र आवश्यक सुधारको लागि कृषकहरुबाट थप जानकारी र प्रतिक्रिया संकलन गरिने कार्यक्रमलाई उन्नत बीउ कीट भनिन्छ । उन्नत बीउ कीट कार्यक्रम हाम्रो देशमा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत प्रसार कार्यकर्ताद्वारा कृषकको घरबारीमा पुर्याउने भएता पनि यसको सम्पूर्ण कार्यान्वयन भने कृषकले आफ्नै वातावरणमा गर्दछ।

नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने उन्नत बीउ कीटलाई अनुसन्धानकर्ता र प्रसार कार्यकर्ताहरुले आफ्ना-आफ्नै किसिमले प्रयोग गर्दै अएको पाइएको छ। अनुसन्धानकर्ताहरुले मिनिकिटलाई नयाँ सिफारिस भएका वा हुन बाँकी रहेका जातहरुलाई कृषकको प्रतिक्रिया संकलन गर्ने उद्देश्यले प्रयोग गर्दछन्। जबकि प्रसार कार्यकर्ताहिले उन्नत बीउ कीटद्वारा नयाँ जातहरुलाई कृषकको जग्गामा प्रदर्शन गराई विस्तार गर्ने एक प्रसार माध्यमको रुपमा प्रयोग गरेको देखिन्छ। उन्नत बीउ कीटबाट कृषि प्रविधिको प्रसार र मूल्यांकन एकैपटक गरिने हुँदा यो कार्यक्रम कम खर्चिलो र प्रभावकारी हुन्छ। कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

बीउलाई सोही स्थानको आवहवासँग मिल्ने अन्य कुनै ठाउमा उन्नत बीउ किट वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ।

**४.२ कार्यक्रमको उद्देश्यः**

- ✓ कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु।
- ✓ परीक्षण केन्द्रमा उपयुक्त ठहर भएका नयाँ /उन्नत जातहरु कृषकको घरबारीमा पुर्याई विस्तार गर्ने र सो जातबारे अनुसन्धानकर्ताले कृषकको प्रतिक्रिया जानकारी प्राप्त गर्ने।
- ✓ कृषकलाई हुने सम्भाव्य नोक्सानीबाट जोगाउने र आवश्यक नोक्सानी पुर्याउने कुराहरुलाई सुधार गर्ने
- ✓ कृषकहरुलाई राम्रो जात र प्रविधिहरु उनीहरुलाई नै छनौट गर्ने अवसर दिने।
- ✓ नयाँ जातबारे कृषक र प्रसार कार्यकर्ताहरुलाई उपयोग गर्न विश्वास बढाउने।

**४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- ✓ कुनै एक ठाउँमा लोकप्रिय देखिएका स्तरीय बीउ खरिद गरी स-साना प्याकेटमा राखी निम्न कागजातहरू संलग्न राखी कृषकहरूलाई वितरण गर्नु पर्दछ।
- ✓ बीउको जात, बीउ लगाउने समय, मल हाल्ने समय, सिँचाइ गर्ने र कटानी गर्ने समय, अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरू आदि विवरण भएको कागजातबाट सो बारे कृषकहरूलाई जानकारी गराउनुपर्दछ।
- ✓ कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, बीउ प्रति कृषकको धारणा जस्ता विवरणहरू रेकर्ड गर्नु पर्दछ।
- ✓ कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र विस्तार हुन्छ।
- ✓ प्रदर्शनलाई स्थानीय वातावरणमा राख्ने व्यवस्था मिलाउने।
- ✓ प्रदर्शन परीक्षणको विशेष उद्देश्यबारे स्पष्ट गर्ने।
- ✓ सहयोगी र प्रगतिशील कृषकलाई उन्नत विउ किट प्रदर्शकको लागि छनौट गर्ने।
- ✓ साधारणतया हानि-नोक्सानी सहन सक्ने कृषकलाई छान्नु उपयुक्त हुन्छ।
- ✓ प्रदर्शन स्थल बाटोको नजिक हुनुपर्दछ।
- ✓ प्रदर्शन गर्दा शुरुको अवस्थादेखि अन्त्यसम्मको अवस्थामा प्रसार कार्यकर्ताको उपस्थिति हुनु आवश्यक छ।
- ✓ प्रसार कार्यकर्ताले प्रदर्शन स्थलमा समय-समयमा भ्रमण गरी प्रत्येक भ्रमणको अभिलेख तयार पार्दै जानुपर्दछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ रोपिएको मिति, खेतीमा लागेको लागत मूल्य, जग्गाबाट प्राप्त भएको खुद आम्दानी र आवश्यक जानकारीहरुको अभिलेख टिप्पणी गर्नुपर्दछ।

४.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

- ✓ बाली अनुसार पहाडमा बढीमा १ रोपनी र तराईमा बढीमा १.५ कट्ठा क्षेत्रफलमा उन्नत बीउ किट वितरण गर्न सकिने छ।
- ✓ प्याकिङ्ग खर्च लगायत सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ।

## ५. बाली कटानी (क्रप कटिङ्ग) कार्यक्रम

**५.१ कार्यक्रमको पृष्ठभूमिः** विभिन्न बालीको उत्पादन सम्बन्धी आंकडा संकलन गर्ने विधि अपनाई गरिने बाली कटानलाई क्रप कटिङ्ग भनिन्छ। मुख्यतया यो कार्यक्रम बाली उत्पादनस्तर/ दर अनुमान गर्न सञ्चालन गरिन्छ।

**५.२ कार्यक्रमको उद्देश्यः**

- ✓ कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आंकडा लिनु।
- ✓ आयोजनाको लक्ष र उपलव्धिको विश्लेषण गर्न।

**५.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):** सिंचाई उप आयोजनामा विभिन्न बालीहरूको कुल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष निम्नानुसार समूहमा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्नु पर्दछ।

- ○ सिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- ○ असिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- ○ सिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल
- ○ असिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल

- ✓ प्रत्येक उत्पादन प्रतियोगिताको कित्तामा निश्चित वर्गाकारको नमुना क्षेत्रफलबाट बाली कटानी गर्नु पर्दछ। प्रति नमुना २५ वर्ग फिटको क्षेत्रफल कायम गर्नु पर्दछ र यस्ता ५ वटा randomized नमुनाबाट उत्पादन रेकर्ड लिनुपर्दछ।

**Ramdomized नमुना लिने तरिका**

**चौडाई तर्फ**

- पूर्व पश्चिम लामो परेको जग्गा छ भने उत्तर दक्षिण र उत्तर लामो परेको छ भने पूर्व पश्चिम दिशाबाट बाली लगाइएको जग्गालाई ५ भागमा विभाजन गरी क्रमैसँग किलाहरू गाडने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- यसरी ५ भागमा विभाजन गर्दा टुक्रिन आएको पहिलो किलादेखि दोश्रो किलासम्मको पाइला नापेर नोट गर्ने। मानौं यो संख्या १५ अर्थात १५ पाइला भयो।
- यसरी आएको १५ पाइलाबाट प्लट नमुना संख्या ५ घटाउने। यसरी घटाउँदा १५-५=१० भयो।
- यो १० अंक Random तालिका खण्ड 'क' को (अन्तिम पृष्ठमा) को पहिलो हरफमा फेला पार्ने। १० अंकबाट त्यस मुनीको कोलममा १० बरावर वा त्यस मुनीको कुनै पनि संख्या रोज्ने। मानौ यो अंक १ भयो। यसलाई नोट गर्ने।

लम्वाई तर्फ

- चौडाई तर्फको दोश्रो किलाबाट लम्वाई तर्फ पूरै जग्गा नाप्ने। यसरी नाप्दा मानौं २० पाइला भयो। यी २० पाइलाबाट चाहिएको प्लट नमुना संख्या ५ घटाउने। यसरी २०-५=१५ भयो।
- यो १५ संख्या Random table को दैवी संख्या तालिकाको पहिलो हरफमा फेला पर्ने।
- १५ बाट त्यस मुनीको कोलममा १५ वरावर अथवा सो मुनीको कुनै पनि संख्या रोज्ने। मानौं यो संख्या ९ भयो।
- अव Random तालिकाबाट निकालेको चौडाई तर्फको अंक १ र लम्वाई तर्फको अंक ९ लाई लिने। पहिलो किलाबाट दोश्रो कित्ता (चौडाई तर्फ) तिर १ पाइला नापी चिनो लगाउने र यहाँबाट सिधा लम्वाई तर्फ ९ पाइला नापी चिनो लगाउने।
- यो स्थल (point) देखि ५ फिट पर्ने गरी किला गाडने र ५x५ फिटको वर्गाकार क्षेत्र तयार गरी धागोले घेरी त्यस भित्रको बाली काट्ने।
- Random तालिकामा १ र ९ अंक पहिलो नमुना प्लटको लागि लिई सकिएकोले बाली काट्नको लागि यो भन्दा भिन्नै अंक अघि लिएको तरिकाबाट पत्ता लगाई दोश्रो स्याम्पल प्लट निकाल्नुपर्छ।एवं रितले तेश्रो, चौथो र पांचौ नमुना प्लटहरू निकाली कटानी गर्नुपर्छ।
- प्रत्येक नमुना प्लटको उत्पादन तौल गरी नोट गर्ने।
- ५ वटै प्लटको उत्पादनलाई मिसाई एकै ठाउमा राखे र ४ वरावर भाग लगाई १ भागबाट १ केजी छुट्याई प्याक गर्ने र लेवुल लगाई कृ.से. केन्द्र वा जिल्ला कृषि विकास कार्यालयमा चिस्यान जाँचको लागि उपलब्ध गराउने।
- लेवल लगाउदा दर्ता नं., बालीको जात, अपनाएको प्रविधि, बाली स्थिति विवरण आदि फर्मेट सहित उल्लेख गर्नु पर्दछ।

चिस्यान नाप (**Moisture Test**)

- कृषि सेवा केन्द्र अथवा कार्यालयमा म्वाइस्चर टेस्टर भएमा यसैको माध्यमबाट र नभएमा स्याम्पललाई १०-१५ दिन घाममा सुकाई तौल लिने तरिका अपनाई चिस्यान निकाल्नुपर्छ।

उदाहरण :

अ= १ के.जी नमुनाको शुरुको तौल =१ के.जी.= १००० ग्राम



सचिव

प = १ के.जी नमुनाको १०-१५ दिन घाममा सुकाए पछि हुन आएको तौल = ........ ग्राम

चिस्यान प्रतिशत = $\frac{म-प}{म}$ × १०० = $\frac{१०००-प}{१०००}$ *१००

- जर्ति १ के.जी. नमुनाबाट १०० ग्राम लिई यसमा रहेका वाह्य पदार्थ ढुंगा, भूस वा कटहर वा अन्य बीउहरू निकाली नयाँ तौल नोट गर्ने। जर्ति =१०० ग्राम - नयाँ तौल (ग्राम)

**उत्पादन दर प्रति हेक्टर**

१ के.जी.को नमुनाबाट जर्ति कटाएर हुन आउने =“क” ग्राम

५ स्याम्पल (१२५ वर्गफिट) को रेकर्ड गरेको उत्पादन = “ख” ग्राम

उत्पादन/ हेक्टर = $\frac{क×ख}{१२५}$ ग्राम = $\frac{क×ख}{१२५}$ * $\frac{१०७६००}{१०००}$ के.जी.

**५.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ प्रति बाली कटानी स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने।
- ✓ उपयुक्त सबै कार्यक्रमहरु विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ।
- ✓ कृषि विकास शाखाबाट बाली अवधिमै २ पटक निरीक्षण गर्नु पर्दछ र उत्पादन रेकर्ड संलग्न फर्मेट अनुसार निम्न मिति भित्र किलोग्राम युनिटमा पठाउनुपर्दछ।

| | | |
|---|---|---|
| गहुँ बाली | - | आषाढ मसान्तसम्म |
| धान र मकै बाली | - | माघ मसान्तसम्म। |

## ६. प्रस्तावका आधारमा सञ्चालन गरिने व्यावसायिक कृषि विकास कार्यक्रम

### ६.१ युवा लक्षित कार्यक्रम

**६.१.१ कार्यक्रमको पृष्ठभूमिः** देशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ। नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार जति उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन्। विदेशको रुखो जमिन र मरुभूमिमा रगत पसिना बगाएर काम गर्न हुने तर आफ्नै देशको वातावरणमा परिवारसँग बसेर किन उन्नत र व्यावसायिक खेती नगर्ने भन्दै विदेशबाट कमाएर ल्याएको सबै धन लगाएर आधुनिकखेती पातीमा होमिएका युवाको संख्या पनि दिनदिनै बढ्दै गएको छ। युवा कृषिमा आउन थाल्नु भनेको कृषिको भविष्य नेपालमा उज्ज्वल छ भन्ने उदाहरण हो। उनीहरूको प्रवेशले छोटो समयमै कृषिलाई आकर्षकक्षेत्रको रूपमा पहिचान दिनेछ र उत्तम पेसा अरू पनि होलान् तर कृषि अति उत्तम पेसा हो भन्ने स्थापित गर्न सघाउनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

किनभने पुरानो पुस्ताको तुलनामा नया पुस्ताले आफूलाई समयानुकूल परिवर्तन गराउन सक्छ । कृषि क्षेत्रमा उनीहरूको प्रवेशले श्रम गरेपछि सानो होइन्छ भन्ने मान्यतालाई बदल्दैछ । श्रमवीरलाई इज्जत गर्ने नया संस्कृतिको श्रीगणेश भइरहेको छ र यसका उदाहरण देशैभर देखा पर्न थालेका छन् । खेतीपाती पहिले निरक्षर र नपढेका मानिसले गर्ने पेसा थियो, अब विस्तारै शिक्षित तथा योग्य मानिसले गर्ने इज्जतदार पेसामा बदलिदै गएकोछ। युवाहरूको कुशल व्यवस्थापनले शिक्षित र कर्मशील युवाहरूलाई पनि कृषि क्षेत्रमा आकर्षित गरिरहेको छ । यसले नेपालको कृषि क्षेत्रलाई व्यवसायिकरण, आधुनिकिकरण र औद्योगिकीकरणसँग विस्तारै जोड्न थालेको छ । नेपाली युवा भन्नाले शरिरमा बल, मस्तिष्कमा सोच, मनमा सपना र सपना साकार गर्न सक्ने क्षमताका साथै जोस र जाँगर भएको १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणवाट आय आर्जन वढाउने उद्देश्यले युवा लक्षित कृषि व्यवसाय सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न कृषि विभाग/समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) अन्तर्गत स्थानीय तह मार्फत युवा लक्षित कार्यक्रम सञ्चालन गरेको छ । यस्ता युवा लक्षित कार्यक्रम (Youth Focused Program) ले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित बनाई नँया प्रविधि अवलम्वन गराउन बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मौरीपालन र च्याउ खेती उत्पादन बृद्धिमा जोड दिई कृषकको जिवनस्तर सुधार गर्न सहयोग पुर्याउने छ ।

**६.१.२ कार्यक्रमको उद्देश्यः**

- ✓ तरकारी, च्याउ र मौरीपालन व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।
- ✓ युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने ।
- ✓ युवाहरुको आय आर्जनमा टेवा पुर्र्याइ कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।
- ✓ कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

**६.१.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष)ः** युवा लक्षित कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

६.१.३.१ युवा लक्षित कार्यक्रम देहाय बमोजिमका कार्यक्रमको छनौटका आधारहरु सञ्चालन गरिने छन् ।

क) **युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रमको हकमा छनौटका आधारहरुः** लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।
- ✓ तरकारी खेतीको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम सञ्चालन गर्ने युवा सोही जिल्लाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित जिल्लामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्ने छ ।
- ✓ व्यवसायिक तरकारी खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५०% भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।
- ✓ महिला, दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।
- ✓ वातावरणीय अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
- ✓ अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।
- ✓ एक पटक अनुदान पाएका कृषक / सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।
- ✓ छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।
- ✓ हिमाली र पहाडी जिल्लाका हरेक स्किममा थोपा सिचाई सहितको २ ओटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ ।
- ✓ हिमाली र पहाडी जिल्लाका युवा कृषकहरुले प्रति सिजन ५ रोपनीका दरले र तराईका जिल्लाका युवा कृषकहरुले प्रति सिजन १ विघाका दरले २ सिजनमा (हिउंदे र बर्षे) तरकारी खेती गर्नु पर्नेछ ।

ख) **युवा लक्षित च्याउ उत्पादन कार्यक्रमको हकमा छनौटका आधारहरुः** युवा लक्षित च्याउ उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

- ✓ च्याउ उत्पादन कार्यक्रमले च्याउको बीउ उत्पादन, विक्री वितरण तथा ताजा च्याउ उत्पादन गर्ने कृयाकलाप जनाउँदछ ।
- ✓ च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।
- ✓ व्यवसायिक च्याउ उत्पादन कार्यक्रमको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको २०% भार व्यहोर्नु पर्नेछ ।
- ✓ उक्त भार नगद/श्रमदान/जिन्सी वा तीन वटै श्रोत गरी हुन सक्ने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ महिला, दलित, मुक्त कमैया तथा सामाजिक रुपमा पछाडि पारिएका युवाहरुको हितलाई विशेष प्राथमिकता दिईने छ ।
- ✓ च्याउ उत्पादनको हकमा ताजा च्याउ उत्पादन, च्याउको विउ उत्पादनमा प्रस्ताव पेश गर्न सकिने छ ।
- ✓ वातावरण अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
- ✓ स्थानीय तहको कृषि विकास शाखा तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका कार्यक्रमबाट यस्तै प्रकृतिको कामको लागि सहयोग नलिएको स्कीम छनौटलाई प्राथमिकता दिईने छ ।
- ✓ एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादन अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।
- ✓ छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

ग) **युवा लक्षित मौरीपालन कार्यक्रमको हकमा छनौटका आधारहरुः** युवा लक्षित मौरीपालन व्यवसाय सञ्चालन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

- ✓ मौरी पालन भन्नाले मह उत्पादन तथा मौरी गोला, घार र उपकरण निर्माणसँग सम्बन्धित व्यवसायलाई बुझाउँदछ ।
- ✓ मौरीपालन गरिने स्थल प्राविधिक, भौगोलिक तथा मौरी चरनको हिसाबले उपयुक्त हुनु पर्ने छ ।
- ✓ मौरीचरनको लागि आवश्यक पर्ने फलफूल, जंगली फूल, च्यूरीको बोटहरु भएको दक्षिण मोहडा भएको क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने कृषकलाई प्रथामिकता दिनु पर्ने छ ।
- ✓ व्यावसाय सञ्चालन गर्ने युवाले मौरीको घार, गोला उत्पादन, मौरीजन्य सामाग्री उत्पादन, विक्री वितरण र महको प्रशोधन सम्बन्धी कार्य गर्ने गरी प्रस्ताव पेश गर्न सकिने छ ।
- ✓ व्यवसायिक मौरीपालनको लागी सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको २०% भार व्यहोर्नु पर्नेछ ।
- ✓ उक्त भार नगद/श्रमदान/जिन्सी वा तिनै किसिमको हुन सक्ने छ ।
- ✓ वातावरणीय हिसाबले अनुकूलका स्किमहरुलाई प्रोत्साहित गरिने छ ।
- ✓ अन्य सरकारी तथा गैह्र सरकारी निकायका कार्यक्रमबाट यस्तै प्रकृतिको कामको लागि सहयोग नलिएको स्कीम छनौटलाई प्राथमिकता दिईने छ ।
- ✓ एक पटक युवा लक्षित कार्यक्रम मार्फत मौरीपालनमा अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पुनः अनुदान दिईने छैन ।
- ✓ छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।



सचिव

६.१.३.२ **सूचना प्रवाहः** स्थानीय तहको कृषि विकास शाखाले युवा लक्षित व्यवसायिक कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधीबारे स्थानीय पत्र पत्रिका, स्थानीय एफ.एम. तथा कार्यालयको सूचनापाटीमा टास गर्ने मार्फत अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

६.१.३.३ **आवेदनः** उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि व्यवसायिक कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानीय बेरोजगार युवाहरुबाट अनुसूची २ बमोजिमको ढाँचामा स्थानीय तहको कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ । युवा भन्नाले युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ

६.१.३.४ **स्कीमः** स्कीम सब्दले तरकारी, मत्स्य, मौरी र च्याउ खेती/व्यवसाय सञ्चालनको लागि तयार गरिएको प्रस्ताव जनाउछ । आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

६.१.३.५ **छनौट प्रक्रियाः** स्थानीय तहको कृषि विकास शाखाले युवा लक्षित व्यवसायिक कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसूची– ६ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम सञ्चालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी स्थानीय तहको कृषि विकास शाखामा पेश गर्नुपर्ने छ । पेश भएका स्कीमहरु स्थानीय तहको कृषि विकास शाखाबाट उपयुक्त स्किमहरुलाई स्वीकृत गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई स्थानीय तहको कृषि विकास शाखाले अनुसूची– ४ बमोजिम सम्झौता गराई कार्यक्रम सञ्चालन गराइनेछ ।

६.१.३.६ **कार्य सम्पन्न प्रतिवेदनः** युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । स्थानीय तहको कृषि विकास शाखाले सञ्चालित युवा लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक/चौमसिक/बार्षिक रुपमा कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) को आयोजना कार्यान्वयन ईकाई (Project Implementation Unit, PIU) लाई उपलब्ध गराउनु पर्नेछ ।

६.१.७.७ **अनुगमन तथा मूल्याकन व्यवस्थाः** कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) को आयोजना कार्यान्वयन ईकाई (Project Implementation Unit, PIU) बाट नियमित अनुगमन गरिने छ । अनुगमन तथा मूल्याकंनको प्रतिवेदन सम्वन्धित कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

६.१.७.८ **कार्यवाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

**६.१.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ विनियोजित वजेटको परिधि भित्र रहि अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।
- ✓ प्रति स्किम बढिमा रु. ४०,०००।– सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।
- ✓ स्कीम स्वीकृति पश्चात् स्थानीय तहको कृषि विकास शाखाले उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सक्नेछ ।
- ✓ यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलव्ध गराइनेछ ।
- ✓ स्थानीय तहको कृषि विकास शाखाबाट कार्यक्रम स्वीकृत भई स्थानीय तहको कृषि विकास शाखासंग सम्झौता भएपछि पहिलो किस्तामा ५०% अनुदान रकम उपलब्ध गराईनेछ ।
- ✓ कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नु पर्नेछ, तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ ।
- ✓ सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ ।
- ✓ एकैपटक कार्य सम्पन्न गरी आवश्यक कागजात तयार गरी भुक्तानीका लागि पेश गरेमा अनुदान प्राप्त गर्ने सबै रकम एकै पटक भुक्तानी गर्नुपर्नेछ ।
- ✓ यस्तो अनुदान रकम व्यवसायिक खेती/पालन गर्न आवश्यक पर्ने उत्पादन सामग्री जस्तै मह उत्पादन तथा मौरी गोला, घार र उपकरण, वीउ, मल, विषादी, प्लाष्टिक, सिचाईको पाईप, होर्डिङ्ग बोर्ड, सामाजिक लेखा परिक्षण तथा उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।
- ✓ नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम स्थानीय तहको कृषि विकास शाखाले अग्रसरता लिई सम्वन्धित युवाहरुद्वारा पारदर्शिता अपनाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- ✓ कार्यक्रम सञ्चालन पेश भएको स्कीम र सम्झौता अनुसार हुनुपर्ने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची १

## तरकारी खेती/च्याउ /मौरी सम्बन्धी युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालयको आ.व. २०........ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई तरकारी खेती/च्याउ/ मौरी सम्बन्धी कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवद्र्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार युवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

........................
कृषि विकास शाखा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची २

तरकारी खेती/च्याउ /मौरी सम्बन्धी युवा लक्षित कार्यक्रमका लागि दिईने आवेदन– पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत, ......................... गा.पा/ न.पा. / उप.मा.न.पा.
मार्फत, श्री कृषि विकास शाखा ......................... गा.पा/ न.पा. / उप.मा.न.पा.

**विषयः युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह/सहकारीका सदस्यहरुको योजना प्रस्ताव पेश गर्न र भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको नामः
दस्तखतः
ठेगानाः फोन नं.

**संघ/संस्थाको सिफारिस**

यस ....................................... संघ/संस्था/सहकारीको मिति ................... को निणर्य अनुसार निवेदनकर्तालाई ................................ कार्यको लागि यस ................. को जमानतमा माग गरे बमोजिमको रु. ........................... अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको नामः पदः दस्तखत र मितिः
संघ/संस्थाको नाम र ठेगानाः
सम्पर्क नं.
संस्थाको छापः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची ३

## तरकारी खेती/च्याउ / मौरी सम्बन्धी युवा लक्षित कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थरः
ठेगानाः गाउँ/टोलः ............. वार्ड नं. ....... स्थानीय तह ................ जिल्लाः.............
सञ्चालन गर्न खोजेको ...................... सम्बन्धी व्यवसाय र
स्थानः
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानीः
आफ्नो लगानी
आफ्नो पारिवारिक श्रमः
व्यवसायवाट उत्पादन हुने वस्तुः
उत्पादित कृषि बस्तुको परिमाणः
बजारयोग्य परिमाणः
फर्म /समूह /समिति/ सहकारीको नामः सम्पर्क नम्वरः
ठेगानाः गाउं/टोल वडा नं. गा.पा. /न.पा जिल्ला
व्यवसाय सञ्चालन गरिने स्थानः

**सञ्चालन गरिने कार्य विवरणः**

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ........ निरन्तर गरि रहेको रु वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक ख) वाहिर वाट ग) दुवै तर्फवाट सहि गर्नेको
नामः संस्थाको छापः (संस्थाको हकमा)
पदः दस्तखतः मितिः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ४

## तरकारी खेती/च्याउ/मौरी सम्बन्धी युवा लक्षित कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता– पत्र

........ गा.पा/ न.पा. / उप.मा.न.पा. मार्फत सञ्चालन गरिने चालु आ.व. ............. को स्वीकृत युवा लक्षित .......................... कार्यक्रम सञ्चालन गर्न गा.पा/ न.पा. / उप.मा.न.पा. कार्यालय, यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती .................................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .......................... व्यवसाय सञ्चालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

**पहिलो पक्ष**
स्थानीय तहको तर्फवाट सहि गर्नेको
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

**दोश्रो पक्ष**
युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको
नामः
पदः
दस्तखतः
मितिः
औंठाको छापः दा. बाँ.

सम्पर्क फोन नं.
संस्थाको छापः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची ५

## तरकारी खेती/च्याउ/मौरी सम्बन्धी युवा लक्षित कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको नामः

ठेगानाः

२. सञ्चालित व्यवसायको नामः

ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय वजारको विक्रि मूल्यः

१. ....... २. ....... ३. ....

युवा उद्यमीको नामः

ठेगानाः

दस्तखतः

मितिः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ६

### तरकारी खेती/च्याउ/मौरी सम्बन्धी युवा लक्षित कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम पेश गरेको (३०) | कार्य योजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

### ६.२ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमः

**६.२.१ परिचय/पृष्ठभूमिः** कृषि क्षेत्रमा लगानी आकर्षण गर्न, विभिन्न साझेदारहरुको शीप, दक्षता तथा अनुभवलाई प्रभावकारी रुपमा परिचालन गर्न साझेदारी प्रणाली मार्फत कृषि प्रसार सेवा एवं उत्पादन कार्यमा प्रभावकारिता ल्याउन महत्त्वपुर्ण योगदान पुर्याउने कृषक, उद्यमी, कृषक समूह एवं कृषक सहकारी संस्थाहरु मार्फत कृषि कार्यक्रम सञ्चालन गर्न सकिन्छ। कृषक, उद्यमी, कृषक समूह एवं सहकारी संस्थाहरुको आवश्यक माग संवोधन गरी कृषि क्षेत्रको व्यवसायीकरणवाट आय आर्जन वढाउने उद्देश्यले प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न कृषि विभाग/समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) अन्तर्गत व्यवसायिक तरकारी खेती, च्याउ उत्पादन, मौरीपालन, व्यवसायिक फलफूल खेती तथा अन्य कृषिमा आधारित कृयाकलापहरु मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम सञ्चालन गरेको छ ।

**६.२.२ कार्यक्रमको उद्देश्यः**

- ✓ कृषक, उद्यमी,कृषक समूह एवं कृषक सहकारी संस्थाको नीजि तथा हितकोष रकमलाई कृषि क्षेत्रको उत्पादन एवं उपलब्धि मुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने।
- ✓ कृषक, उद्यमी तथा समूह/संस्थाको व्यक्तिगत तथा संस्थागत लगनशिलता,कार्य दक्षता एवं जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्धि गर्ने।
- ✓ कृषक, उद्यमी, कृषक समूह एवं सहकारी संस्थालाई कृषि क्षेत्रमा लगानीमा आकर्षण गराई कृषिको व्यवसायीकरण मार्फत आय आर्जनमा टेवा पुर्याउने ।

**६.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- ✓ सिंचाई उपआयोजनाको कमाण्ड क्षेत्र भित्र कार्यक्रम सञ्चालन हुनु पर्नेछ ।
- ✓ सहभागी कृषक तथा कृषक समूहको छनौटको आधारहरु देहाय वमोजिम न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।
  - ○ कृषि पेशामा पूर्ण समय काम गर्ने।
  - ○ न्यूनतम जग्गा भएको (५०० वर्ग मिटर) वा भाडामा लिई खेती गर्दै गरेको (भाडा अवधि न्यूनतम ३ वर्ष अवधिको हुनुपर्ने)।
  - ○ सञ्चालन गर्न गराउन परिवारको सहमति रहेको।
  - ○ निकट भविष्यमा गाउँबाट बसाई सराई नजाने प्रतिबद्ध भएको।
  - ○ छिमेकी कृषक तथा साथी भाईहरुले मन पराउने, सबैसँग घुलमिल भई काम गरेन रुचाउने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ उपरोक्त न्यूनतम मापदण्ड पुगेका मध्येबाट कृषक छनौट गर्दा देहायका कृषकलाई प्राथमिकता दिनु पर्नेछ।
  - कृषि पेशामा अनवरत संलग्न रहंदै आएको
  - वैदेशिक रोजगारीबाट फर्केका युवा/युवती
  - आफूले सिकेका कुरा अरुलाई सिकाउन उत्सुक तथा तत्पर हुने।
  - उन्नत कृषि प्रविधिबारे चासो राख्ने।
  - कार्यालयमा दर्ता भएको कृषक समूहको सदस्य।
- ✓ स्थानीय तहको कृषि शाखा/इकाईबाट साझेदारीका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गर्ने।
- ✓ स्थानीय तहको कृषि शाखा/इकाईले यस्ता कार्यक्रम माग गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधिबारे अधिकतम सूचना प्रवाह गराउनुपर्नेछ।
- ✓ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको अनुसूची १ अनुसारको निवेदन सहित मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमा सहभागी हुने प्रस्ताव (Proposal) निवेदक /संस्थाबाट तयार गरिएको मोटामोटी लागत विवरण समेत पेश गर्नुपर्नेछ।
- ✓ स्कीम प्रस्तावमा निवेदक संस्थाले आफ्नो तर्फबाट गर्ने कार्यहरु, अनुमानित लागत र कार्यालयले गर्नुपर्ने कार्यहरु समेत मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको अनुसूची २ अनुसार स्पष्ट खुलाउनुपर्नेछ।
- ✓ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमा आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ।
- ✓ स्थानीय तहको कृषि विकास शाखाले मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसूची– ६ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम सञ्चालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी स्थानीय तहको कृषि विकास शाखामा पेश गर्नुपर्ने छ।
- ✓ पेश भएका स्कीमहरु स्थानीय तहको कृषि विकास शाखाबाट उपयुक्त स्किमहरुलाई स्वीकृत गरिने छ।
- ✓ स्वीकृत गरिएका स्कीमहरुलाई स्थानीय तहको कृषि विकास शाखाले अनुसूची– ४ वमोजिम सम्झौता गराई कार्यक्रम सञ्चालन गराइनेछ।
- ✓ कार्य सम्पन्न भए पछि सम्बन्धित व्यावसायिक कृषक उद्यमी/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता समितिहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

भईसकेपछि सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

- ✓ स्थानीय तहको कृषि विकास शाखाले सञ्चालित मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको प्रगति कम्पाईल गरी चौमासिक/बार्षिक रुपमा कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) को आयोजना कार्यान्वयन ईकाई (Project Implementation Unit, PIU) लाई उपलव्ध गराउनु पर्नेछ ।
- ✓ कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) को आयोजना कार्यान्वयन ईकाई (Project Implementation Unit, PIU) बाट नियमित अनुगमन गरिने छ ।
- ✓ अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्वन्धित कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- ✓ प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

### ६.२.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

- ✓ आयोजनाबाट उपलब्ध हुने अनुदान सहयोग लागत साझेदारीमा (५०:५०अनुपात) सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुनेछ।
- ✓ व्यवसायिक कृषक उद्यमी/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता समितिहरुले मागमा आधारित आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रमको लागत जति भएतापनि कार्यक्रम सञ्चालन गर्न प्रति स्कीम वढिमा रु. २५,०००।- (पच्चिस हजार) अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।
- ✓ निवेदक कृषक/ समूह/ सहकारी संस्थाले कुल कार्यक्रम बजेट आयोजनाको कम्तिमा ५० प्रतिशत रकम व्यहोर्नुपर्ने ।
- ✓ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको कार्यान्वयनको लागि छनौट भएका व्यवसायिक कृषक उद्यमी/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता समितिहरुले उक्त स्कीम कार्यान्वयन गर्न लाग्ने कूल लागतको घटिमा ५० प्रतिशत लागत जन श्रमदान वा नगदको रुपमा वा दुवै सम्बन्धितले जुटाउनुपर्नेछ ।
- ✓ मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमले उपलब्ध गराउने रकम वढिमा रु. रु. २५,०००।- (पच्चिस हजार) २ किस्तामा उपलब्ध गराइने छ । पहिलो किस्ता आयोजना शुरु गर्नको लागि बढीमा ५० प्रतिशत र बाँकी आयोजना सम्पन्न भै

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यसम्पादन प्रतिवेदन प्राप्त भएपछि गरी कूल रकम रु. २५,०००।- (पच्चिस हजार) सम्म उपलब्ध गराइनेछ।

- ✓ व्यावसायिक रुपमा खेती गर्न उत्सुक लक्षित वर्गमा महिला, दलित, जनजाती, विपन्न वर्ग एवं पछाडि परेका वर्गलाई प्राथमिकता दिइनेछ ।
- ✓ कार्यक्रम स्वीकृत भैसकेपछि मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको अनुसूची ३ अनुसारको करारनामा/सम्झौता गर्नुपर्नेछ ।
- ✓ आयोजना छनौट र मूल्यांकनका आधार स्थानीय तहले मापदण्ड निर्धारण गरी सोही आधारमा गर्ने ।
- ✓ छनौट भएको कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पूरा हुनु पर्नेछ ।
- ✓ कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा उपभोक्ता /संस्था र कार्यालयको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्ट रुपले तोक्नु पर्नेछ ।
- ✓ कार्यक्रमको अनुगमन मूल्यांकन सयुक्त रुपमा गर्नुपर्नेछ ।
- ✓ कार्यसम्पन्न भए पछि कृषक/समूह/संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।
- ✓ सो प्रतिवेदनको आधारमा कार्यालय तर्फबाट उपलब्ध गराइने रकम पूर्ण रुपमा भुक्तानी गरिनेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची १

## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना नं. .................... सूचना प्रकाशित मिति ...........................................

सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयको आ.व. २०........ को सामुदायिक व्यवस्थित सिंचित क्षेत्र कृषि आयोजनाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रम रहेको हुँदा अर्ध वेरोजगार/वेरोजगार कृषक / समूह/सहकारीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति..........गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्तका साथ तपसिलमा उल्लेख भए अनुसार कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

### तपसिल

क) आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रमः व्यसायिक तरकारी खेती, च्याउ उत्पादन, मौरीपालन, व्यवसायिक फलफूल खेती तथा अन्य कृषिमा आधारित योजना

ख) सञ्चालन हुने क्षेत्रः सिंचाई उप आयोजनाको कमाण्ड क्षेत्र भित्र

ग) आयोजनाबाट उपलब्ध हुने अनुदान सहयोगः लागत साझेदारी (५०:५०अनुपात) मा सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुने ।

### संलग्न गर्नुपर्ने कागजातहरु

१. रु.१० को हुलाक टिकट टाँस भएको अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त अवधारणा पत्र सहित कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. कार्यक्रम सञ्चालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा १ बर्षको करारनामा।
५. सम्बन्धित जल उपभोक्ता समितिको सिफारिस पत्र।
६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

........................
कृषि विकास शाखा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची २
## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम
## अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन– पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
......................... गा.पा/ न.पा. / उप.मा.न.पा.
मार्फत
श्री कृषि विकास शाखा,
......................... गा.पा/ न.पा. / उप.मा.न.पा.

**विषयः मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित सिंचाई उप आयोजनाभित्रै रही कार्य गर्नेछु । पूनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरु
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नामः
दस्तखतः
ठेगानाः ...................................................................... फोन नं. .........................



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ३
## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

कृषक/समूह/सहकारी/उद्यमीको नाम थर:

ठेगाना: ................. गाउँ/टोल: .................. वार्ड नं. ...... स्थानीय तह .........

जिल्ला:..........

सञ्चालन गर्न खोजेको ........... सम्बन्धी व्यवसाय र स्थान:

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी: .................. आफ्नो लगानी:...............

आयोजनाको किसिम : ..................................................

| क.सं. | क्रियाकलापको विवरण | संस्था/ समूह/ कृषकले गर्ने कार्यहरु | | कार्यालयले गराउने कार्यहरु | | जम्मा कार्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य/ परिमाण | मूल्य | लक्ष्य/ परिमाण | मूल्य | लक्ष्य/ परिमाण | मूल्य | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा खर्च | | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | | |

**तयार गर्नेको**

दस्तखत :

नाम थर :

मिति :

नाम:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ४

## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता– पत्र

........ गा.पा/ न.पा. / उप.मा.न.पा. मार्फत सञ्चालन गरिने चालु आ.व. ........... को स्वीकृत ........................ कार्यक्रम सञ्चालन गर्न गा.पा/ न.पा. / उप.मा.न.पा. कार्यालय, यस भन्दा पछाडि पहिलो पक्ष भनिने) सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमीको तर्फबाट श्री/सुश्री/श्रीमती .................................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. यो सम्झौता पत्र सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमी र कार्यालय बीच योजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।
२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।
३. उपभोक्ता समूहहरुले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।
४. यस योजनाको निर्माण कार्य आफैंले गनुर्पर्नेछ।
५. कार्यालयले सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमीलाई योजना अनुसारको कार्य सञ्चालन गर्न आधा कार्य सम्पन्न भई सकेपछि ५० प्रतिशत तथा बाँकि ५० प्रतिशत सम्पूर्ण कार्य सम्पन्न भै सकेपछी नगद/चेक मार्फत भुक्तानी गरिनेछ।
६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको मूल्यांकनको आधारमा गरिनेछ।
७. कृषक/उपभोक्ता समूहले यसै योजनाको लागि आफनै समूहको श्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनुपर्नेछ।
८. सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/व्यावसायिक कृषक/उद्यमीले काम गर्दा कार्यालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ।
९. यस योजना संपन्न कार्य सोही आ.व. भित्र सम्पन्न गनुर्पर्नेछ।
१०. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

..........................
अध्यक्ष/प्रतिनिधिको हस्ताक्षर
उपभोक्ता संस्था/ समूह/ सहकारी/ कृषकको नाम
संस्थाको छापः

..........................
प्राविधिक/कृषि विकास अधिकृतको हस्ताक्षर

..........................
प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर
कार्यालयको छाप

साक्षीहरु
१. ....................................................
२. ..............................................



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची ५
## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. कृषक / समूह/सहकारीको नामः
ठेगानाः

२. सञ्चालित व्यवसायको नामः
ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय वजारको विक्रि मूल्यः

१. ....... २. ....... ३. ....

नामः

दस्तखतः

मितिः

ठेगानाः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची ६

## मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क्र.सं. | द.नं. | आवेदकको नाम (कृषक / समूह/सहकारी) | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषक/ समूह/ सहकारीको व्यवसाय प्रतिको अनुभव/तालिम पेश गरेको (३०) | कार्य योजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.



सचिव

## ७. व्यावसायिक कृषि विकास कार्यक्रम

### ७.१ बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम

**७.१.१ कार्यक्रमको पृष्ठभूमिः** प्रतिकुल मौसममा बिभिन्न प्रकारका तरकारीहरु रोपी प्रतिकुल मौसममा उत्पादन गरिने बिभिन्न प्रकारका ताजा तरकारी लाई बैमौसमी तरकारी खेती भनिन्छ ।अतः बेमौसममा गरिने कुनै पनि तरकारी खेतीको लागी धेरै मिहिनेत र जांगरको आबश्यकता पर्दछ।बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन प्रति ईकाइ क्षेत्रफलबाट खास मौसममा भन्दा कम उत्पादन भएता पनि बजार मूल्य बढि आउनाका कारण मौसमको भन्दा बढीनै फाईदा हुन जान्छ।अतः यसरी खेती गरिने तरकारीको लागी बेर्ना उत्पादन गर्ने काम पनि बेमौसममानै गर्नु पर्ने नितान्त आबश्यक हुन जान्छ।

**७.१.२ कार्यक्रमको उद्देश्यः**

- ✓ प्लाष्टिक घरमा बेमौसममा पनि मौसमी तरकारी जस्तै गुणस्तरको तरकारी उत्पादन गरी मौसमी तरकारीले भन्दा बढी आम्दानी लिन ।
- ✓ उपभोक्ताहरुले महंगै भए पनि बेमौसममा ताजा तरकारीको आपूर्ति गर्न
- ✓ बेमौसमी उत्पादनबाट किसानहरुमा आत्मविश्वासको विकास भई तरकारी खेतीलाई मुख्य पेशाको रुपमा अपनाउन
- ✓ बेरोजगारीको समस्या हटाउन सहयोग पुरयाउन

**७.१.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ निर्माण स्थलको छनौट गर्दा सम्म परेको, पानी नजम्ने, हुरी बतास नलाग्ने, दिनभरी सूर्यको प्रकाश आउने जस्ता खुल्ला स्थानहरुमा निर्माण स्थलको छनौट गर्नु उपयुक्त हुन्छ ।
- ✓ भौगोलिक उचाई अनुसार प्लाष्टिक घरको डिजाईन र साईज एवं विभिन्न प्रकार र ठाउं अनुसारको उचाई भएका प्लाष्टिक घर बनाउन सकिने भएता पनि तराई, मध्य पहाड र उच्च पहाडको लागि उपयुक्त हुने मोडेल छनौट गर्नुपर्दछ ।
- ✓ बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर निर्माण कार्यक्रमका लागि देहाय वमोजिमको धरातलिय उचाई अनुसारको स्थानमा मोडेल तयार गर्नु पर्दछ ।

**क) धरातलिय उचाई ८०० मिटरसम्मको स्थानको लागि मोडल**

- ✓ प्लाष्टिक घर ३७० मीटर चौडाइ र १२ मीटर लम्वाइको हुनु पर्दछ

**ख) धरातलिय उचाई ८०० देखि १४०० मिटरसम्मको स्थानको लागि मोडल**

- ✓ प्लाष्टिक घर ५ मीटर चौडाइ र १० मीटर लम्वाइको हुनु पर्दछ।
- ✓ १४०१ देखि २००० मिटर सम्मको लागि मोडल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ प्लाष्टिक घर ५ मीटर चौडाइ र १२ मीटर लम्वाइको हुनु पर्दछ ।
- ✓ निर्माण प्रक्रिया (कहिले बनाउंने ?)

**ग) धरातलिय उचाई ८०० मिटरसम्मको स्थानको लागि मोडल**

- ✓ प्लाष्टिक घर ३७० मीटर चौडाइ र १२ मीटर लम्वाइको हुनु पर्दछ ।यस मोडलको प्रयोग कार्तिक देखि फागुन सम्म प्रयोग गर्न सकिन्छ ।
- ✓ त्यसैले यसको निर्माण कार्य कार्तिकको पहिलो हप्तामा भित्र पूरा भई सक्नुपर्दछ ।

**घ) धरातलिय उचाई ८०० देखि १४०० मिटरसम्मको स्थानको लागि मोडल**

- ✓ यो मोडललाई यो भौगोलिक अवस्थामा विभिन्न प्रकारले बाह्रै महिना प्रयोग गर्न सकिन्छ ।
- ✓ प्लाष्टिक घर भित्र बर्षायामबाट खेती शुरु गर्नको लागि बेर्ना रोप्नुभन्दा पहिले नै प्लाष्टिक घर बनाई सक्नुपर्दछ ।
- ✓ छानोमा प्लाष्टिक भने बर्षात शुरु हुन लागेपछि (जेष्ठको अन्त देखि आषाढको पहिलो हप्ता भित्र) मात्र राख्नुपर्दछ ।

**ङ) धरातलिय उचाई १४०१ देखि २००० मिटरसम्मको स्थानको लागि मोडल**

- ✓ यो मोडललाई पनि विभिन्न भौगोलिक अवस्थामा विभिन्न प्रकारले बाह्रै महिना प्रयोग गर्न सकिन्छ ।
- ✓ प्लाष्टिक घर भित्र बर्षायामबाट खेती शुरु गर्नको लागि बेर्ना रोप्नुभन्दा पहिले नै प्लाष्टिक घर बनाई सक्नुपर्दछ ।
- ✓ छानोमा प्लाष्टिक भने बर्षात शुरु हुन लागेपछि (जेष्ठको अन्त देखि आषाढको पहिलो हप्ता भित्र) मात्र राख्नुपर्दछ ।

बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर निर्माण कार्यक्रमका लागि देहाय वमोजिमको धरातलिय उचाई अनुसारको स्थानमा आवश्यक सामाग्रीहरु आवश्यकता पर्दछ ।

**क) धरातलिय उचाई ८०० मिटर उचाई सम्मको लागि मोडल**

यस मोडलको प्लाष्टिक घर निर्माणको लागि तल तालिकामा दिए बमोजिम सामाग्रीहरु आवश्यक पर्दछ ।

| क्र.सं. | निर्माण सामाग्रीको प्रकार | परिमाण |
|---|---|---|
| १. | ठाडो भाटा (५ मी) | १३ (१) |
| २. | तेर्सो भाटा (१२ मी) | ५ (१) |
| ३. | धुरी खामो (२.२० मी) | ७ (१) |
| ४. | बलेसी खामो (१ मी) | २६ (१) |





सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| क्र.सं. | निर्माण सामाग्रीको प्रकार | परिमाण |
|---|---|---|
| ५. | सुतली | २ के.जी. |
| ६. | मिस्त्री | १ जना |
| ७. | ज्यामी | १ जना |
| ८. | अलकत्रा | १. लि |
| ९. | थर्मोमिटर | १ थान |
| १०. | हाइग्रोमिटर | १ थान |
| ११. | ५०० गेजको प्लाष्टिक | ११ के.जी |

प्लाष्टिक घरको साईज - ३.६० * १२.०० = ४३.२० वर्गमिटर, यस मोडलको प्लाष्टिक घर तल दिइएको चित्रानुसारको हुनु पर्दछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं


**ख) धरातलिय उचाई ८०० देखि १४०० मिटर उचाई सम्मको लागि मोडल**

यस मोडलको प्लाष्टिक घर निर्माणको लागि आवश्यक सामाग्रीहरुको विवरण तल तालिकामा दिए बमोजिम आवश्यक पर्दछ।

| क्र.सं. | सामानको नाम | ईकाई | सामानको परिमाण |
|---|---|---|---|
| १. | खामोको लागि तारु बाँस | संख्या | १० |
| २. | भाटाको लागि तामा बाँस | संख्या | ८ |
| ३. | बलोको लागि तामा वा तारु बाँस | संख्या | ६ |
| ४. | बांध्नको लागि प्लाष्टिकको डोरी | के.जी. | २ |
| ५. | ५० जि.एस.एमको ग्ख् प्लाष्टिक | बर्ग मि. | १७५ |
| ६. | प्लाष्टिक जोड्ने वा गास्ने टेप | रोल | २ |
| ७. | जुटको सुतली | के.जी | ३ |
| ८. | सेतो नाईलनको जाली | के.जी | १०५ |
| ९. | हाईग्रोमिटर (Dry र Wet bulb) | सेट | १ |
| १०. | Max र Min देखिने थर्मोमिटर | सेट | १ |
| ११. | थोपा सिँचाइ | सेट | १ |
| १२. | अलकत्रा | लिटर | २ |
| १३ | ज्यामी | संख्या | १५ |

प्लाष्टिक घरको साईज - ५ x १० = ५० वर्गमिटर, यस मोडलको प्लाष्टिक घर तल दिएको चित्रानुसारको हुनु पर्दछ।

**चित्र नं. १ : १० मिटर x ५ मि. को प्लाष्टिक घरको रेखांकन विधि (Layout)**








सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

चित्र नं. २ : चौडाई भागबाट प्लाष्टिक घरको उचाई स्थिति





चित्र नं. ३ : १० मिटर x ५ मि. को प्लाष्टिक घरमा भाटा राख्ने तरिका




नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

चित्र नं. ४ : गर्मी तथा बर्षा सिजनको लागि तयार पारिएको प्लाष्टिक घरको डिजाईन




चित्र नं. ५ : हिउँदको लागि प्लाष्टिक घरको डिजाईन





सचिव


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ग) धरातलिय उचाई १४०१ देखि २००० मिटर सम्मको लागि मोडल


- ✓ प्लाष्टिक घरको साईज - ५ x १२ = ६० वर्गमिटर उपयुक्त हुन्छ ।
- ✓ यस मोडलको प्लाष्टिक घर निर्माणको लागि आवश्यक सामाग्रीहरुको विवरण तल तालिकामा दिए बमोजिम आवश्यक पर्दछ ।

| क्र.सं | निर्माण सामाग्रीको प्रकार | परिमाण |
|---|---|---|
| १. | ठाडो भाटा (१० मी) लामो | २५ (५) |
| २. | तर्सो भाटा (१२ मी) लामो | ११ (५) |
| ३. | धुरी खामो (३ मी) लामो | ५ (२) |
| ४. | बलेसी खामो (२ मी) लामो | १० (५) |
| ५. | सुतली | ३ के.जी. |
| ६. | मिस्त्री | २ जना |
| ७. | ज्यामी | १ जना |
| ८. | अलकत्रा | १ लि |
| ९. | थर्मोमिटर | १ थान |
| १०. | हाइग्रोमिटर | १ थान |
| ११. | ५०० गेजको प्लाष्टिक | २१ के.जी |

प्लाष्टिक घरको साईज - ३.६० x १२.०० = ४३.२० वर्गमिटर, यस मोडलको प्लाष्टिक घर तल दिएको चित्रानुसारको हुनु पर्दछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं




- ✓ बढी वर्षाले निम्त्याउने रोग कीराबाट बालीलाई जोगाउन र जाडो मौसममा पनि वर्षे तरकारी खेती गर्न परेमा प्लाष्टिक घर प्रविधि अपनाइ तरकारी खेती गर्न सकिन्छ ।
- ✓ यस भित्र सबै प्रकारका तरकारी बालीहरु लगाउन सकिएता पनि बेमौसममा बढी मूल्य जाने तरकारी बालीहरु जस्तै गोलभेंडा, कांक्रो, स्कुस, फर्सी र भेंडे खोर्सानीबाट धेरै फाईदा हुने कुरा विभिन्न अध्ययनहरुले देखाएको पाइएता पनि निम्नानुसारका तरकारी बालीहरु विभिन्न महिनामा लगाउन सकिन्छ ।
- ✓ **चैत्र देखि श्रावण महिनासम्म** मुख्य बालीको रुपमा गोलभेडा, भेडेखुर्सानी, हात्तीसुँडे खुर्सानी, अकवरे खुर्सानी, काँक्रा, जुकिनी फर्सी, तितेकरेला, तने वोडी मध्ये कुनै एक बालीको खेती गर्ने ।
- ✓ घुसुवा बालीको रुपमा बोडी, रातो कोसा हुने हिमाली लहरे राजमा, होचो बोडी र झाँङ्गे सिमी मध्ये कुनै एक मुख्य बाली सँगसङ्गै लगाई खेती गर्ने ।
- ✓ **श्रावण देखि मंसिर महिनासम्म** मुख्य बालीको रुपमा गोलभेडा, भेडेखुर्सानी, हात्तिसुडे खुर्सानी, काउली, काँक्रा, रातो कोसा हुने हिमाली राजमा, चौमासे सिमी मध्ये कुनै एक बालीको खेती गर्ने ।
- ✓ घुसुवा बालीको रुपमा प्याजको लागि सेट र लसुन, झाँङ्गे सिमी, झाँङ्गे बोडी, रायो, तोरी, पालुङ्गो, धनियाँ, ४० दिने मुला मध्ये कुनै एक बालीको खेती गर्ने ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ **मंसिर देखि फाल्गुण महिनासम्म** श्रावणमा लगाईएको मुख्य बाली भित्र जुकिनी फर्सि, काँक्रो, केराउ, काउली, ब्रोकाउली, बन्दा, ग्याँठ, रायो, पालुङ्गो, चम्सुर मध्ये कुनै एक बालीको खेती कार्तिक भित्र गर्नुपर्दछ ।
- ✓ **बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर देहाय वमोजिम वनाउनु पर्दछ ।**
  - आफनै गाउंघरमा पाईने बाँसको प्रयोग गरी कम लगानीमा नै बनाउन सकिने छ ।
  - बाँसको प्रयोग गर्दा पाकेको सोझो र खिरीलो बाँस छान्नुपर्दछ ।
  - नपाकेको काँचो बाँस प्रयोग गर्नु हुदैन ।
  - काँचो बाँस प्रयोग गर्दा चांडै कुहिएर नोक्सान हुने भएकोले राम्रोसँग पाकेको बाँस प्रयोग गर्न सिफारिस गरिएको हो ।

### २.२.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

- ✓ धरातलिय उचाई ८०० मिटर सम्मको लागि मोडल तराई र भित्री मधेशको लागि स्थानीय रुपमा पाईने बाँस र मिस्त्री र ज्यामी खर्च कृषकले व्यहोर्ने र यसको बांकी खर्च को ८०% रु अनुदानको रुपमा दिने ।
- ✓ धरातलिय उचाई ८०० देखि १४०० मिटर सम्मको लागि मोडल मध्य पहाडको लागि ५० वर्ग मिटरको नमूना प्लाष्टिक घरको लागि आवश्यक पर्ने रकम मध्ये स्थानीय रुपमा उपलब्ध हुने निर्माण सामाग्रीहरु बाँस, सुतली, ज्यामीको कृषकले आफैले व्यहोर्ने गरी बांकी रहन आउने रकमको ८०% अनुदानको रुपमा कृषकहरुलाई उपलब्ध गराउने ।
- ✓ धरातलिय उचाई १४०१ देखि २००० मिटर सम्मको लागि मोडल उच्च पहाडको लागि ६० वर्ग मिटरको नमूना प्लाष्टिक घरको लागि आवश्यक पर्ने रकम मध्ये नेपालमा स्थानीय रुपमा उपलब्ध हुने निर्माण सामाग्रीहरु बाँस, सुतली, ज्यामीको कृषकले आफैले व्यहोर्ने गरी बांकी रहन आउने रकमको ८०% अनुदानको रुपमा कृषकहरुलाई उपलब्ध गराउने ।

**क) धरातलिय उचाई ८०० मिटर सम्मको लागि मोडल (तराई र भित्री मधेशको लागि) प्लाष्टिक घर निर्माणको लागि आवश्यक सामाग्रीहरु र अनुमानित खर्चको विवरण**

| क.सं. | निर्माण सामाग्रीको प्रकार | परिमाण | दर (रु) | जम्मा (रु) |
|---|---|---|---|---|
| १ | ठाडो भाटा (५ मी.) | १३ (१) | १००.०० | १००.०० |
| २ | तर्सो भाटा (१२ मी.) | ५(१) | १००.०० | १००.०० |
| ३ | धुरी खामो (२.२० मी.) | ७(१) | १००.०० | १००.०० |
| ४ | बलेसी खामो (१ मी.) | २६(१) | १००.०० | १००.०० |
| ५ | सुतली | २ केजी | ६०.०० | १२०.०० |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | निर्माण सामाग्रीको प्रकार | परिमाण | दर (रु) | जम्मा (रु) |
|---|---|---|---|---|
| ६ | मिस्त्री | १ जना | २५०.०० | २५०.०० |
| ७ | ज्यामी | १ जना | १५०.०० | १५०.०० |
| ८ | अलकत्रा | १ लि | १००.०० | १००.०० |
| ९ | थर्मोमिटर | १ थान | ३०००.०० | ३०००.०० |
| १० | हाइग्रोमिटर | १ थान | ५००.०० | ५००.०० |
| ११ | ५०० गेजको प्लाष्टिक | ११ केजी | १६०.०० | १७६०.०० |
| | | | जम्मा | ६२८०.०० |
| | | | | |

२) धरातलिय उचाई ८०० देखि १४०० मिटर सम्मको लागि मोडल
५ मी. चौडाइ र १० मी. लम्वाइको प्लाष्टिक घर बनाउँदाको अनुमानित खर्च

| क्र. सं. | निर्माण सामाग्रीको प्रकार | इकाई | परिमाण | दर (रु) | जम्मा (रु) |
|---|---|---|---|---|---|
| १ | खामोको लागि बाँस | संख्या | १० | १०००।०० | १०००।०० |
| २ | भाटाको लागि बाँस | संख्या | ८ | १००।०० | ८००।०० |
| ३ | बलोको लागि बाँस | संख्या | ६ | १००।०० | ६००।०० |
| ४ | बाँधनको लागि प्लाष्टिकको डोरी | के.जी. | २ | १००।०० | २००।०० |
| ५ | ५० जि.एस.एमको UV प्लाष्टिक * | व.मि. | १७५।०० | ४५।०० | ७८७५।०० |
| ६ | प्लाष्टिक जोड्ने वा गास्ने टेप | रोल | २ | ५०।०० | १००।०० |
| ७ | सेतो नाइलनको जाली * | व.मि. | १०५ | ४०।०० | ४२००।०० |
| ८ | हाइग्रोमिटर (Dry र Wet bulb) | सेट | १ | ३०००।०० | ३०००।०० |
| ९ | Max र Min देखिने थर्मोमिटर | सेट | १ | ५००।०० | ५००।०० |
| १० | थोपा सिंचाई | सेट | १ | २०००।०० | २०००।०० |
| ११ | अलकत्रा | लिटर | २ | १००।०० | २००।०० |
| १२ | ज्यामी | संख्या | १५ | १००।०० | १५००।०० |
| | | | | जम्मा | २१,८७५।०० |
| | | | | | |

* सेतो नाईलनको जाली रु ३५ देखि रु ८० प्रति के.जी. सम्म पर्दछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३) धरातलिय उचाई १४०१ देखि २००० मिटर सम्मको लागि मोडल (उच्च पहाड)

यस मोडलको (५ *१२ मी.) प्लाष्टिक घर निर्माणको लागि सामाग्रीहरु र खर्चको विवरण

| क्र.सं. | निर्माण सामाग्रीको प्रकार | परिमाण | दर (रु) | जम्मा (रु) |
|---|---|---|---|---|
| १ | ठाडो भाटा (१० मी लामो २५ गोटा) | बाँस ५ थान | १००।०० | ५००।०० |
| २ | तेर्सो भाटा (१२ मी) लामो ११ गोटा) | बाँस ५ थान | १००।०० | ५००।०० |
| ३ | धुरी खामो (३ मी लामो ५ गोटा) | बाँस २ थान | १००।०० | २००।०० |
| ४ | बलेसी खामो (२ मी लामो | बाँस ५ थान | १००।०० | ५००।०० |
| ५ | सुतली | ३ के.जी. | ६०।०० | १८०।०० |
| ६ | मिस्त्री | २ जना | २५०।०० | ५००।०० |
| ७ | ज्यामी | २ जना | १५०।०० | ३००।०० |
| ८ | अलकत्रा | १ ली | १००।०० | १००।०० |
| ९ | थर्मोमिटर | १ थान | ३००० | ३०००।०० |
| १० | हाइग्रोमिटर | १ थान | ५००।०० | ५००।०० |
| ११ | ५०० गेजको प्लाष्टिक | २१ के.जी | १६०।०० | ३३६०।०० |
| | | | जम्मा | ९६४०।०० |

✓ प्लाष्टिक घर निर्माणको लागि आवश्यक सामाग्रीहरु खरिद गर्दा माथि उल्लेखित अनुमानित खर्च स्विकृत स्थानीय दररेट / प्रचलित वजार दर अनुसार थपघट हुन सक्नेछ ।

## ७.२ बीउ उत्पादन/बीज बृद्धि कार्यक्रम (खाद्यान्न बाली)

**७.२.१ कार्यक्रमको पृष्ठभूमिः** कृषि उत्पादनका विभिन्न आवश्यक सामग्रीहरुमध्ये बीउको आपूर्तिलाई सरल र सुलभ रुपमा कृषकस्तरमा उपलव्ध गराई खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नवौं योजनादेखि स्पष्ट दिशा निर्देशन गरेको छ। कार्यक्रम सञ्चालन गर्दा जिल्लाहरुले भोगेका समस्याहरु र अनुगमनबाट प्राप्त अनुभवका आधारमा उल्लेख गर्दा वीज वृद्धि कार्यक्रम ठूलो क्षेत्रफलमा/चक्लावन्दीमा सञ्चालन हुन नसकिरहेको, मूलबीउबाट उत्पादित बीउ कृषकहरुले संचय गरी राख्न नसकेकाले गुणस्तरीय बीउ खाद्यान्नको रुपमा विक्री वितरण भई गुणस्तरीय बीउको दुरुपयोग भइरहेको देखिएकोछ। यसले गर्दा उद्देश्य अनुसार कार्यक्रम प्रभावकारी हुन सकिइरहेको छैन। यही कुरालाई दृष्टिगत गरी गुणस्तरीय बीउ बढी भन्दा बढी मात्रामा उत्पादन गरी कृषकबाट कृषकमा साटफेर हुने बीउलाई गुणस्तरयुक्त बीउले प्रतिस्थापन गरी प्रति इकाई क्षेत्रफलमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उत्पादित गुणस्तरयुक्त बीउको सुरक्षित संचय एवं सर्वसुलभ वितरण गर्न उपयुक्त कार्यक्रम ल्याउन आवश्यक ठानी बीउ विजन आत्मनिर्भर सहयोग कार्यक्रम सञ्चालन गर्न लागिएको छ। यस लक्ष्य प्राप्तिको लागि उत्पादनका

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रमुख कारक तत्वहरू सिँचाइ, मलखाद, बाली संरक्षणको अलावा उन्नत बीउको प्रयोजन अति नै महत्त्वपूर्ण छ।स्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत वृद्धि हुने तथ्य सर्वत्र सावित भई सकेको छ।

नेपालमा हाल बीउ आपूर्ति गर्ने विभिन्न श्रोतहरू मध्ये कृषकहरू नै अग्रपंक्तिमा पर्दछन्। लगभग ९५% नेपाली कृषकहरूमा परम्परागत ढंगले खेती गरिएको बालीबाट बीउ संचय गरी धेरै वर्ष सम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ। यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको आनुवंशिक गुणस्तरमा ह्रास आई उत्पादनमा कमी भएको पाइन्छ। विद्यमान अवस्थामा कृषकले आफैं संचय गरेको बीउमा उम्रने शक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ। अतः लगभग ९५% कृषकहरूले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले वृद्धि गर्न सकिन्छ।

नेपालमा संस्थागत रुपमा कृषि सामग्री कम्पनीले प्रत्येक वर्ष कृषकको मागको करिब ३-५ प्रतिशत उन्नत बीउको आपूर्ति गर्दछ। कम्पनीबाट विक्री वितरण गर्दै आएको बीउ एकातिर कृषकको माग एवं चाहाना बमोजिम उपलब्ध हुन सकिरहेको छैन भने अर्कोतिर बीउ गुणस्तरको भए पनि मूल्य धेरै हुने, समयमा नपाईने, स्थान विशेषको लागि उपयुक्त जात उपलब्ध नहुने आदि कारणले गर्दा कृषकहरू कम्पनीको बीउमा भर पर्न चाँहदैनन्। तसर्थ आफैंले उत्पादन गरेको बालीबाट नै बीउको लागि संचय गर्न बाध्य हुन्छन्। तसर्थ यो प्रतिकूल परिस्थितिलाई समयोचित परिस्कृत गर्दै कृषकहरूलाई सरल र सुलभ तरिकाबाट सस्तो र गुणस्तर बीउ उपलब्ध गराउन जिल्ला तथा स्थानीय तहलाई आत्मनिर्भरता तर्फ अग्रसर बनाउनु वर्तमान समयको माग हो। यसको लागि स्थानीय स्तरमा बीउ उत्पादक र वितरक कृषक समूहहरू परिचालन गरी सुनियोजित र प्रभावकारी ढंगले खाद्यान्न बालीको वीउ उत्पादन/बीज बृद्धि र वितरण कार्यक्रम सञ्चालन गर्न आवश्यक महसुश गरिएको छ।

### ७.२.२ कार्यक्रमको उद्देश्यः

- ✓ कृषकहरूको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउने।
- ✓ राष्ट्रिय बीउ बिजन समितिबाट उन्मोचित नयाँ जातका बीउको समयमै वृद्धि तथा प्रसारण गराई उत्पादन अभिबृद्धिमा सहयोग पुर्याउने।
- ✓ बीज वृद्धि कार्यक्रमलाई कृषक समुदायमा गुणस्तरीय बीउको महत्त्व बारे व्यावसायिकरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई अभिप्रेरित गराउने।



सचिव

- ✓ बीउ विजन आत्मनिर्भर कार्यक्रमबाट उत्पादित खाद्यान्न बालीको गुणस्तरीय बीउ अर्को पुस्ताको बीउ उत्पादन गर्नका लागि सुरक्षित रुपले संचय गर्न कृषक समूहहरुलाई अभिप्रेरित गराउने ।
- ✓ कृषक समूहहरुलाई खाद्यान्न बालीको विजवृद्धि कार्यक्रम संस्थागत र व्यावसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- ✓ गुणस्तरीय बीउको उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण एवं चक्लावन्दी/ठूलो क्षेत्रफलमा विजवृद्धि कार्यक्रम सञ्चालन गर्न कृषक समूहहरुलाई जागरुक बनाउन ।

**७.२.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ आवश्यक उन्नत बीउको परिमाण यकिन गर्न तथ्याङ्क संकलन गर्नु पर्नेछ ।
- ✓ तथ्याङ्क संकलन गर्दा, जिल्लामा सम्बन्धित बालीले ढाकेको क्षेत्रफल, उन्नत तथा स्थानीय जातको बीउले ढाकेको क्षेत्रफल, प्रमाणित दोश्रो पुस्ताको बीउलाई तीन चार वर्ष सम्म खाद्यान्न उत्पादनको लागि प्रयोग गर्न सकिने तथ्य, बालीको बीउ दर, उत्पादकत्व आदि पक्षहरूलाई मध्यनजर राखि कुन वर्षमा कति क्षेत्रफलमा मूल बीउबाट प्रथम तथा प्रथमबाट दोश्रो पुस्ताका बीउहरू उत्पादन गर्ने हो सो को निधो गर्नु पर्दछ ।
- ✓ बीउ बिजनको महत्त्व एवं जिल्ला भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरूबारे कृषकहरूलाई जानकारी दिई उनीहरूलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्ने ।
- ✓ प्रोत्साहित कृषकहरूसँग छलफल गरी सोही समयमा सही कृषकहरूको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउ उत्पादन कार्यक्रममा संलग्न गराउने ।
- ✓ कृषक छनौट गर्दा बीउ संचय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समूह हुनुपर्नेछ ।
- ✓ यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरूलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी वेच विखन गर्नु पर्ने, बेचबिखन कृषक आफैंले वा कृषक समूहले नै गर्नु पर्ने जानकारी दिनुअति आवश्यक छ ।
- ✓ छनौट गरिएका कृषकहरूको खेत जग्गामा सिँचाइ सुविधा हुनु पर्दछ, बीउ उत्पादनका लागि प्रति कृषक समूह पहाडमा न्यूनतम् पाँच रोपनी र तराईमा एक हेक्टरको प्लट हुनु पर्दछ ।
- ✓ प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरूको प्लट वा एउटा मात्र कृषकलाई समावेश गर्न सकिनेछ ।
- ✓ कृषि विकास शाखाले कृषकलाई आवश्यक पर्ने गुणस्तरिय बीउ श्रोत केन्द्र तोकी उपलब्ध गराउने व्यवस्था गराउनु पर्दछ ।

- ✓ बीज वृद्धि कार्यक्रमबाट उत्पादन गरिएको बाली, जात, बीउको स्तर, क्षेत्रफल, उत्पादन परिमाण र गुणस्तरको प्रतिवेदन आदि सम्पूर्ण विवरण हरेक बालीको कटानी पछि बीउ परिक्षणका लागि कृषि विकास शाखाले विउविजन प्रयोगशालामा पठाउनुपर्नेछ।

७.२.४ **कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष)**:

- ✓ जिल्लाको बीज वृद्धि कार्यक्रम सञ्चालनको लागि मूल बीउको श्रोत नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत तोकिएका फार्म/ केन्द्रहरू हुनेछन्।
- ✓ बीउ उत्पादनको लागि प्रयोग गरिने मूल बीउको मूल्यमा ८०% अनुदान सहुलियत प्रदान गरिनेछ।
- ✓ सम्बन्धित कृषि विकास शाखाले मूल बीउ फार्म वा केन्द्रहरूबाट समयमै उत्पादन स्थलसम्म शत प्रतिशत अनुदानमा ढुवानी गर्नु पर्नेछ।
- ✓ विनियोजित वजेटको परिधि भित्र रहि श्रोत बीउको ढुवानी गर्न (श्रोत बीउ उपलब्ध हुने स्थान देखि सम्बन्धित कृषक वा कृषक समूहसम्म) आवश्यक ढुवानी अनुदान रकमको बजेटमा व्यवस्था गर्ने।
- ✓ कदमकदाचित दैवी प्रकोप अथवा अन्य कारणबाट मूल बीउ विग्रन गई पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको खण्डमा प्रमाणित प्रथम पुस्ताबाट पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## ८. माटो परिक्षण सेवा कार्यक्रम:

८.१ **कार्यक्रमको पृष्ठभूमिः** बालीबाट आशातित उत्पादन पाउन उत्पादनका कारक तत्वहरु (जमिन, माटो, मल, जल, विऊ र उन्नत प्रविधि) मा बिशेष ध्यान दिनु पर्ने हुन्छ।त्यसमा पनि जमिन र माटो बालीको आधार भएकोले विशेष भुमिका हुन्छ। माटो पृथ्वीको सतहको त्यो पदार्थ हो जुन चट्टानहरु खिइएर वा टुक्रिएर तथा जीवजन्तु र वनस्पतिका अवशेषहरुबाट बनेको हुन्छ।

जमिनमा माटो, मल, जल र प्रविधिको उचित उपयोग र व्यवस्थापनद्वारा बालीबाट बढि र दिगो उत्पादन लिन सकिन्छ। माटोमा कुन कुन तत्वहरुको मात्रा के कति छन्। कुन बालीको लागि कुन मल कति प्रयोग गर्नुपर्छ। माटोमा के समस्या छन् भन्ने कुराहरु जानकारी को लागि माटोको परीक्षण गराउनु पर्दछ।त्यसैले माटोको नमुना लिनुपर्छ।

माटो परीक्षणवाट माटोमा बाली विरुवाको लागि आवस्यक पर्ने खाद्यतत्वको मात्रा वा अवस्था थाहा पाउन सकिने, माटो परीक्षण नतीजाको आधारमा कुन बालीको लागि कुन मल कति प्रयोग गर्नु पर्दछ भन्ने कुरा ज्ञान हुन्छ। साथै उर्वराशक्तिको सिघ्र जानकारी हुन्छ।माटो परीक्षणको आधारमा चाहिने मलखाद मात्र प्रयोग गरिने भएकोले अनावस्यक मलखाद प्रयोगमा कटौती हुन्छ। त्यसवाट



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

लाग्ने खर्चमा वचत हुन्छ । साथै प्रदुषणवाट पनि जोगाउंछ ।समस्या मुक्त माटोको पहिचानले समस्या समाधान गरि उत्पादन वढाउन टेवा पुर्याउंछ । जस्तै अम्लियपना वढि भएमा कृषि चून र क्षरीयपना बढि भएमा जिप्समको प्रयोग गर्नुपर्छ । कमि वा वढि हुदा प्रयोग गर्ने वा नगर्ने कुरो थाहा हुन्छ ।

माटोको उर्वराशक्ति कायम राख्दै बढि र दिगो उत्पादन लिन एकिकृत खाद्यतत्व व्यवस्थापन जरुरी भएको छ । यस्मा कुन बालीमा खाद्यतत्वहरुको आवश्कता कति छ ? माटोमा खाद्यतत्वहरु उपलब्ध कति छ ? नपुग खाद्यतत्वहरु कुन कुन श्रोतबाट कुन कुन बेला प्राप्त गरी प्रयोग गर्ने ? र बालीका उपलब्ध खाद्यतत्वहरुका श्रोतहरुको प्रयोग कति र कहिले गर्ने ? वारे जानकारी लिन सकिन्छ । माटोको अवस्थाबारे जानकारी पाइने र प्राप्त जानकारी अनुसार माटो व्यवस्थापन, बाली व्यवस्थापन र खाद्यतत्व व्यवस्थापन गरी माटोको उर्वराशक्ति कायम राख्दै उत्पादन बढी र दीगो रुपमा लिन सकिन्छ । बिरूवालाई आवश्यक पर्ने सबै खाद्यतत्वहरू आवश्यकता अनुरूप, ठीक मात्रामा उपलब्ध गराउन, रासायनिक मल सहित प्राँगारिक मलहरूमा सबै सम्भाव्य स्रोतहरूलाई अधिकतम उपभोगमा ल्याई बाली व्यवस्थापन, माटो व्यवस्थापन र खाद्यतत्व व्यवस्थापनलाई टेवा दिदै वातावरणमा न्यून असर पार्दै माटोको दिगो उर्वराशक्ति व्यवस्थापन गर्नुपर्दछ।

यो माटोको उर्वराशक्तिको दीर्घकालीन व्यवस्थापन गर्ने भरपर्दो उपायको साथै माटो, मल, पानी र बालीको उचित व्यवस्थापनद्वारा जमिनबाट बढी तथा दिगो उत्पादन लिन सकिन्छ ।कृषकले आफ्नो खेतबारीकोलागि आफैले परीक्षण गरी सोको मूल्यांकनद्वारा निर्णय लिने क्षमताको वृद्धि गराउँदछ र यसले स्थानीय तथा वाह्य स्रोतहरूको प्रभावकारी उपयोगद्वारा उत्पादन बढाउनुका साथै माटोको दिगोपनामा जोड दिँदै वातावरणको सुधार गर्ने मात्र नभई खाद्यतत्वहरूको सदुपयोग तथा तिनको प्रभावकारिता बढाउन मद्दत गर्दछ । माटोको उर्वराशक्ति कायम गर्न एकीकृत खाद्यतत्व व्यवस्थापनले बिभिन्न स्रोतलाई एकीकृत रूपमा माटोको अवस्था, माटो व्यवस्थापन, बाली व्यवस्थापन, खाद्यतत्व व्यवस्थापनको साथै निर्णयको अवस्थाहरूलाई मध्यनजर गरी कार्यक्रम कार्यन्वयनमा ल्याउँदछ । यसकारण योजनावद्ध रुपले खास ठाउँको माटोको समस्यालाई प्रस्टयाउन अभियानको रुपमा माटो परिक्षण सञ्चालन गरिन्छ।

### ८.२ कार्यक्रमको उद्देश्यः

- ✓ कृषक सहभागितामा उर्वराशक्तिको जानकारीका साथ माटो विश्लेषण गर्नु ।
- ✓ बाली उत्पादन क्षेत्रमा माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिस गर्नु ।
- ✓ लक्षित बाली उत्पादन हासिल गर्न र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

✓ दीर्घकालिन रूपमा माटोको उर्वराशक्ति कायम राख्नकोलागि स्थानीय तथा वाह्य स्रोतहरू स्थानीय अवस्था अनुकूल प्रभावकारी रूपमा आवश्यकता अनुरूप प्रयोगमा ल्याउनु हो ।

**८.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ माटो परिक्षण प्रयोगशालाले माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ।
- ✓ कृषकहरुलाई कार्यक्रमबारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नु पर्दछ।
- ✓ माटो परीक्षणका लागि माटो नमुना संकलन गर्नुपर्छ ।
- ✓ माटो नमूना संकलन गर्दा आवस्यक सामाग्रीहरु स्वयल अगर वा खुर्पी वा कोदालो आदि र माटो जम्मा गर्ने प्लाष्टिकको वाल्टी वा, अखवार, कपडाको थैला वा प्लाष्कि थैला, मार्कर पेन्सिल आदि आवश्यक पर्दछ।
- ✓ माटो नमुना संकलन गर्दा देहाय वमोजिमको तरिका अपनाउनु पर्दछ ।
  - खेतवारीको माटो जांच गराउनु पर्दा त्यस खेतवारीको पुरै प्रतिनिधित्व हुने गरि लिनुपर्छ ।
  - सहि ढंगवाट लिइको माटोको नमुनाले त्यस खेतवारीको पुरै प्रतिनिधित्व गर्दछ ।
  - माटो नमुना लिंदा सो ठाउमा लगाइने बाली अनुसार फरक पर्दछ ।
  - अन्न तथा तरकारी बालीको जरा जमिनको सतहको माथिल्लो तहमा हुने हुंदा माटोको नमुना पनि माथिल्लो भागवाट लिनु पर्छ भने फलफूलको जरा गहिरो तहसम्म पुग्ने हुंदा सो अनुसारको गहिराईवाट नै लिनुपर्ने हुन्छ ।
  - त्यसै गरी बाली अनुसार माटोको नमूना दुइ किसिमवाट लिइन्छ ।

**क) अन्नबाली र तरकारी बाली लगाउने ठाउको माटोको नमुना लिने तरिका**

- ✓ नमुना लिनु अगाडी खेतवारीलाई राम्ररी निरीक्षण गरी एकै किसिमको जग्गावाट एउटा नमुना आउने गरी विभाजन गर्नेपर्छ ।
- ✓ जग्गालाई विभाजन गर्दा विभिन्न गुणहरु जस्तै माटोको रंग, वनौट, जमिनको भिरालोपन, लगाइएको बाली आदिलाई लिनु पर्दछ ।
- ✓ एकै किसिमको गुण भएको जग्गावाट करिव १०–१२ ठाउँवाट माटोको नमुना झिकी एउटै भाडोमा जम्मा गर्नु पर्छ ।
- ✓ त्यसवाट एउटा नमुना तयार हुन्छ ।
- ✓ नमुना झिक्दा स्वायल अगर वा कोदालो को पयोगवाट गर्न सकिन्छ ।
- ✓ यसको लागि नमुना झिक्ने ठाउको वरिपरि को घांसपात,ढुंगालाई हटाउनुपर्छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- ✓ त्यसपछि अग्रजी अक्षरको ख आकार हुने गरी करिब ६–९ इन्च गहिराईको वा १५ से.मि.खाल्डो वनाउने ।
- ✓ अब खाल्डोको माथि देखि तलसम्मको माटो आउने गरि करिब ३ से.मी मोटाइको चपरी निकाल्नु पर्छ ।
- ✓ यसरी नै सवै ठाउवाट माटो लिनु पर्छ ।
- ✓ यसरी एउटै भाडोमा जम्मा गरेको माटो लाइ डल्ला फुटाई ढुंगा, जरा, पातपतिंगरलाई हटाउने र रामो्रसंग मिलाउने ।
- ✓ त्यसपछि माटोलाई सफा अखवार वा प्लाष्टिकको कागज आदि माथि राखेर एकैनासले मिलमएर फैलाउने र सो माटो लाइ ४ भाग लगाउने।
- ✓ ४ भाग मध्ये अगाडी र पछाडी वा आमुन्ने सामुन्ने दुइ भाग राखेर वाकी दुई भाग हटाउने र सो वांकी रहेको भागलाई फेरी ४ भाग लगाउने र पहिलेकै तरिका अनुसार नै गर्ने ।
- ✓ एबंम तरिकाले माटोको तौल आधा किलो नभएसम्म दोहोर्याई रहनु पर्छ ।
- ✓ त्यसपछि माटोलाई शितल छायामा सुकाउनु पर्छ ।
- ✓ यसरी लिएको माटोको नमुनालाई एउटा सफा प्लाष्टिक वा कपडाको थैलामा राखुलर्छ ।
- ✓ थैलामा निम्नानुसारको विवरण कागजमा लेखी राख्नु पर्छ ।

| | |
|---|---|
| १) कृषकको नाम थर | २) ठेगाना |
| ३) नमुना लिएको मिति | ४) नमुना लिएका ठाउको नाम |
| ५) पहिलो लगाएको बालीको नाम | ६) मलखाद प्रयोग गरेको मात्रा |
| ७) उत्पादकत्व | ८) सिचाईको सुबिधा |
| ९) निकासको सुबिधा | १०) लगाउन चाहेको बाली |

**ख) फलफूल वगैंचाको लागि लगाउने ठाउको माटोको नमुना लिने तरिका**

- ✓ यसको लागि जमिनको सतहवाट ३ फिट मुनी संमको माटो संकलन गर्नु पर्छ ।
- ✓ यस्तो खाडल खन्दा १ रापनीको लागि १ खाडल भए पुग्दछ ।
- ✓ जमिनको सतहवाट आधा फिटसम्मको एक नमुना , आधा देखि एक फिट सम्मको दाश्रो नमुना ।
- ✓ एक फिट देखि दुइ फिट सम्म तेश्रो नमुना र २– ३ फिट सम्मको चौथो नमुना लिनुपर्छ ।
- ✓ यसरी लिएको चारै थहको माटे मध्येको अलग अलग रुपमा नमुना तयार गर्ने ।
- ✓ अन्य कार्यहरु माथि कै तरिका वाट गर्ने र माटो जांचको लागि सम्वन्धित माटो परीक्षण प्रयोगशालामा पठाउने ।
- ✓ जांचको रिपोर्ट प्राप्त भएपछि सोही अनुसार मलखाद व्यवस्थापन गर्न पर्छ ।



सचिव

✓ माटो नमुना संकलन गर्दा ध्यान पुरयाउनु पने कुराहरु

१) यो कार्य बाली लगाउनु भन्दा पहिले गर्ने ।

२) खेतवारीमा मलखाद प्रयोग गर्नु भन्दा पहिले गर्ने ।

३) खेतवारीको पुरै प्रतिनिधित्व हने गरि नमुना लिनुपर्छ ।

४) नमुना लिदा खेतवारीको छेउछाउवाट लिनु हुदैन

८.४ **कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

✓ विनियोजित वजेटको परिधि भित्र रहि वजेट माटो परिक्षण प्रयोगशालामा लाग्ने नमुना विश्लेषण शुल्क र माटो नमूना ढुवानीमा खर्च गर्न सकिने छ ।

**माटो परिक्षण प्रयोगशाला नमुना विश्लेषण शुल्क दर**

*(नेपाल सरकार (सचिव स्तर) को मिति २०६५/९/१ को निर्णयानुसार)*

| सि.नं. | माटो परिक्षण | दर | कैफियत |
|---|---|---|---|
| १ | प्राङ्गारिक पदार्थ परिक्षण/विश्लेषण | १०० | कृषक आफैंले ल्याएको वा सरकारी स्वामित्व रहेका निकायबाट आएका सिफारिस पत्र पेश गरेमा नमुना विश्लेषण शुल्कमा ७५ प्रतिशत छुट हुने। |
| २ | माटोको पि.एच. परिक्षण/विश्लेषण | १० | |
| ३ | टेक्स्चर परिक्षण/विश्लेषण | ३० | |
| ४ | नाइट्रोजन परिक्षण/विश्लेषण | ८० | |
| ५ | विरूवाले प्राप्त गर्ने फोस्फरस परिक्षण/विश्लेषण | १०० | |
| ६ | विरूवाले प्राप्त गर्ने पोटासियम परिक्षण/विश्लेषण | ८० | |
| ७ | शुक्ष्मतत्व परिक्षण/ विश्लेषण: मोलिब्डेनम र बोरोन प्रति तत्व | ४०० | |
| ८ | शुक्ष्मतत्व परिक्षण/ विश्लेषण: जिन्क, आइरन, कपर, म्याङ्गनिज प्रति तत्व | २५० | |

✓ माटोको नमुना परीक्षणका लागि आवश्यक रिएजेन्ट खरिद वा अन्य स्वीकृत सरकारी/ जिल्ला/स्थानीय दर रेट अनुसार आवश्यक सामग्री खरिद गरी माटो परीक्षण गर्न सकिने छ ।

✓ विनियोजित वजेटको परिधि भित्र रहि वजेट घुम्ति माटो परीक्षण सेवा मार्फत माटो परीक्षण गराएमा आवश्यक सामग्री खरिद र प्राविधिकको दै.भ.भ मा पनि खर्च गर्न सकिने छ।

## ९. आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम

९.१ **कार्यक्रमको पृष्ठभूमि:** बाली विरुवामा रोग ,किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा बाली उत्पादनमा वर्षेनी १५-२०% सम्म ह्रास भएको पाईएको छ। कृषकहरुले बाली बिरुवाहरुका समस्याहरुको सहि उपचार प्राप्त गर्न सकिरहेका छैनन्। कृषिसेवाकेन्द्रतथाउपकेन्द्रहरुमा जे.टी. वा जे.टी.ए.हरु मार्फत र पहुँचबाट टाढा रहेका एग्रोभेट वा छिमेकीको सल्लाह बमोजिम बाली उपचार



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

गर्ने गरेको यथार्थ छ। एग्रोभेटबाट दिईने सेवा हेर्ने हो भने कृषकहरुले भनेको मौखिक भरमा बिना कुनै निरीक्षण तथा परिक्षणबाट विषादीहरु सिफारिस गरेको पाईन्छ भने कार्यालयमा आउने अधिकांश कृषकहरु पनि रोगकीराको नमुना नलिई आउने गर्नाले अन्दाजिको भरमा सल्लाह प्रदान गरेको स्थिति छ। समस्याको सही पहिचान बिना कुन विषादी कति मात्रामा प्रयोग गर्ने र कसरि प्रयोग गर्ने भन्ने ज्ञानशिपको अभावमा अन्धाधुन्ध विषादी छर्ने प्रचलनका कारण एकातिर कृषकहरुको लगानीखेर गैरहेकोछ भनेअर्कोतर्फ समयमानै समस्या समाधान नहुनु र विषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा नकारात्मक असर परिरहेको छ। सिंचाई उपआयोजनाको प्रभाव क्षेत्रभित्रमा कीरा, रोग आदिले प्रायः वर्षैपिच्छे बालीनाली आक्रमण गरेका हुन्छन्। कहिले काँही यसले प्रकोपकै रुप लिन पनि सक्दछ। यस्तो अवस्थामा सिंचाई उपआयोजनाको प्रभाव क्षेत्रभित्र आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराउने व्यवस्था छ।

**९.२ कार्यक्रमको उद्देश्यः** जिल्लामा आकस्मिक रोग कीराको प्रकोपबाट हुने क्षति कम गर्न कृषकहरुलाई सहयोग पुर्याउनु ।

**९.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ सिंचाई उपआयोजनाको प्रभाव क्षेत्रभित्र रोग र कीराको प्रकोप देखिना साथ कृषि विकास शाखालाई प्रकोपको विवरण सहित नियन्त्रणको लागि १० रु टिकट टास गरी निवेदन सहित अनुरोध गर्नुपर्नेछ।
- ✓ निवेदन प्राप्त हुनासाथ कृषि विकास शाखाको प्राविधिकलाई तत्काल स्थलगत अनुगमन गराई आवश्यक देखिएमा रोग किरा नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- ✓ खाद्यतत्वको कमी भै प्रकोप देखिएमा पनि यस कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- ✓ विषादी, शुक्ष्म खाद्धतत्व, स्प्रेयर र डस्टर आदि के कति आवश्यक परेको हो सोको माग गरी प्रकोप नियन्त्रण गर्न कृषक समूहहरूलाई समेत परिचालन गराउन तयार गर्नुपर्नेछ।
- ✓ प्रकोप नियन्त्रण भैसके पछि प्रयोग भएको विषादी तथा उपकरण खरिद गरेको विवरण कार्यालयबाट स्विकृत गराउनु पर्ने छ ।
- ✓ सकभर जैविक विषादी खरिदमा प्राथमिकता दिनु पर्नेछ ।

**९.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ सिंचाई उपआयोजनाको प्रभाव क्षेत्र भित्र बाली/कृषि वस्तु विशेषमा आकस्मिक रोग, किरा तथा अन्य प्रकोप सम्बन्धी सूचना प्राप्त भएमा मागको आधारमा विनियोजित वजेटको परिधि भित्र रहि वजेट वढीमा रु. १५,०००।– सम्म एक पटक वा आवश्यकता अनुसार बाली संरक्षण विषादी अथवा सामग्री वा दुवै खरिद गरी शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिने छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १०. अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ /स्प्रेयर /सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट)

**१०.१ कार्यक्रमको पृष्ठभूमिः** व्यावसायिक रुपमा कृषि उत्पादन, प्रशोधन तथा वजारिकरण गर्ने क्षेत्रलाई मात्र अनुदानमा कृषि उत्पादन सामग्री सहयोगमा खरिद गरी उपकरण उपलव्ध गराई उत्पादन तर्फ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई आकर्षित गर्न कृषि उत्पादन सामग्री अनुदान सहयोगमा खरिद गरी वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

**१०.२ कार्यक्रमको उद्देश्यः**

- ✓ कृषि क्षेत्रमा कृषि श्रम अभाव भएको कृषि श्रम यान्त्रीकरण मार्फत न्यूनिकरण गर्न र कृषकको उत्पादन लागत कम गर्न कृषि औजार उपकरण अनुदानमा कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई उपलव्ध गराउने ।
- ✓ राष्ट्रिय बीउ बिजन समितिबाट उन्मोचित नयाँ जातका बीउको समयमै वृद्धि तथा प्रसारण गराई उत्पादन अभिबृद्धिमा सहयोग पुर्याउने।
- ✓ अनुदानमा कृषि उत्पादन सामग्री (उन्नत विउ /स्प्रेयर सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) वितरण गरी प्रविधि हस्तान्तरण गरी कृषकको उत्पादन लागत कम गर्न ।
- ✓ व्यावसायिकरण गर्ने तर्फ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई लाई अभिप्रेरित गराउने।

**१०.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ सञ्चालन हुने क्षेत्र सिंचाई उप आयोजनाको कमाण्ड क्षेत्र भित्र हुनेछ ।
- ✓ तपसिलका कृषि उत्पादन सामग्रीहरुको खरिद मूल्यमा अनुदान सहयोग उपलव्ध गराईने छ ।

  क) हार्भेष्टिङ्ग कार्य सम्बन्धी मेशीन उपकरण
  ख) धान रोप्ने मेशीन र वीउ रोप्ने अन्य मेशीन
  ग) सीड र फर्टिलाइजर ड्रिलर अन्य सम्बन्धित मेशीन उपकरण
  घ) पावर ट्रिलर र यससँग सम्बन्धित अन्य उपकरणहरु
  ङ) मिनी टीलर
  च) उन्नत वीउ
  छ) आधुनिक हलो
  ज) स्प्रेयर/डस्टर
  झ) सीड विन



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ञ) हर्मेटिक व्याग

ट) प्लाष्टिक सिट

- ✓ कृषि क्षेत्रमा कृषि श्रम अभाव भएको र कृषकको उत्पादन लागत कम गर्न कृषि औजार उपकरण अनुदानमा कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई उपलव्ध गराईने छ ।
- ✓ कृषि उत्पादन सामग्री खरिदमा अनुदान सहयोगको लागि अनुसूची १ वमोजिम इच्छा निवेदन पेश गर्ने सूचना प्रवाह गरिने छ ।
- ✓ कृषि उत्पादन सामग्री अनुदानको लागि अनुसूची २ वमोजिम आवेदन फाराम माग गरिनेछ ।
- ✓ सूचना वमोजिम अनुदानमा उक्त कृषि उत्पादन सामग्रीहरु अनुदानमा उपलव्ध गराउन आवश्यक मापदण्ड वनाई कृषक / समूह/ समिति छनौट गरिनेछ ।
- ✓ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीले अनुदानमा कृषि उत्पादन सामग्री (उन्नत विउ /स्प्रेयर सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) खरिद गर्नका लागि अनुसूची ४ वमोजिम श्रोत केन्द्र/आपूर्तिकर्ता सिफारीस माग गर्नेछ ।
- ✓ कृषि उत्पादन सामग्री अनुदान सहयोगमा खरिद गरी वितरण कार्यक्रम सञ्चालनको लागि अनुसूची ३ वमोजिम सम्झौता गरिने छ ।
- ✓ कृषि विकास शाखाले अनुदानमा कृषि उत्पादन सामग्री (उन्नत विउ /स्प्रेयर सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) खरिद गर्नका लागि श्रोत केन्द्र/आपूर्तिकर्ताहरुमध्ये मूल्य, मोडल, आकार, जात, आवश्यक मापदण्ड र गुणस्तरका आधारमा नियमानुसार श्रोत केन्द्र/आपूर्तिकर्ता तोकी सिफारीस गर्नेछ ।
- ✓ कृषि उत्पादन सामग्री सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि अनुदानमा उपलव्ध गराएको कृषि उत्पादन सामग्री प्रगति विवरण नामावली सहित कृषि विभाग अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) को आयोजना कार्यान्वयन ईकाई (Project Implementation Unit, PIU) लाई उपलव्ध गराउनु पर्नेछ ।
- ✓ सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):

- ✓ आयोजनाबाट उपलब्ध हुने अनुदान लागत साझेदारीमा (५०:५० अनुपात) कृषि उत्पादन सामग्रीको खरिद मूल्यमा अनुदान सहयोग उपलब्ध गराईने छ ।
- ✓ कृषि उत्पादन सामग्री अनुदान सहयोगमा खरिदमा विनियोजित वजेटको परिधि भित्र रहि कम्तिमा ५०% रकम नबढाई अनुदान दिन सकिनेछ।
- ✓ कृषक / समूह/ समितिका पदाधिकारीहरु चैते धानको क्षेत्रफल विस्तारका लागि ईच्छुक भएको खण्डमा चैते धानको उन्नत वीउ खरिदको हकमा विनियोजित वजेटको परिधि भित्र रहि कम्तिमा ८०% अनुदान रकम नबढाई अनुदान दिन सकिनेछ।
- ✓ कृषि उत्पादन सामग्री खरिद गरी विल पेश गरेमा भुक्तानी गरिने छ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची १

**अनुदानमा कृषि उत्पादन सामाग्री वितरण कार्यक्रमको लागि इच्छा निवेदन पेश गर्ने सूचना**

**सूचना नं. .................. (सूचना प्रकाशित मितिः ...................)**

चालू आ.व. ........मा यस आयोजना, ............अन्तर्गत तपसीलका क्षेत्रहरुमा अनुदानमा कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ /स्प्रेयर /सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषक सहकारीहरु, जल उपभोक्ता समिति/समूहका सदस्यहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति................गते भित्र) यस कार्यालयमा इच्छा निवेदन तोकिएको ढाँचामा दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क) कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ/स्प्रेयर/ सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) खरिद मूल्यमा अनुदान सहयोग

ख) सञ्चालन हुने क्षेत्रः सिंचाई उपआयोजनाको कमाण्ड क्षेत्र भित्र

ग) आयोजनाबाट उपलब्ध हुने अनुदान सहयोगः लागत साझेदारीमा (५०:५०अनुपात) कृषि उत्पादन सामग्रीको खरिद मूल्यमा अनुदान सहयोग

**पेश गर्नुपर्ने कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँस भएको निवेदन फाराम
२. कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको फोटोकपी।
३. समूह/सहकारी/जलउपभोक्ता संस्थाले उल्लेखित कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ /स्प्रेयर /सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) अनुदान सहयोगमा खरिद गर्ने निर्णय र लागत साझेदारीको श्रोत सम्बन्धी जानकारी पत्र।
४. समूह/सहकारी/जल उपभोक्ता संस्थाले उल्लेखित कृषि औजार उपकरणको भाडा निर्धारण विधि र कृषि औजार प्रयोग गरे वापत प्राप्त हुने भाडा रकमको परिचालन गर्ने विधि सम्बन्धी निर्णय।
५. कृषि उद्यमी/कृषि फर्मको हकमा जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा ५बर्षको करारनामा।
६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी।
७. सम्बन्धित नगरपालिका/गाउँपालिकाको वडा कार्यालयको सिफारिस पत्र।
८. सम्बन्धित जल उपभोक्ता समितिको सिफारिस पत्र।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची २

## कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरण/उन्नत विउ /स्प्रेयर /सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) अनुदानको लागि आवेदन फाराम

**(क) निबेदकको विवरणः (व्यक्तिगत प्रयोजनको लागि)**

१. नामः– ..................................नागरिकता प्र.प.नं....................... र मिति.........................

२. स्थायी ठेगानाः– जिल्ला ............ गा.पा/न.पा.............. वडा नं. ......... टोल ............

३. सम्पर्कः– मोवाइल नं. ........................................ फोन नं. ......................

४. प्राप्त गर्न चाहेको कृषि उत्पादन सामाग्री हरुको विवरण

| सि.नं. | सामाग्रीको नाम | मोडेल/साइज/जात | मुल्य | अनुदान रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मलाई माथी उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायीक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयवाट व्यवस्था भए वमोजिमको अनुदानमा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

निवेदकको सहीः .........................................................मितिः ...............................

**(ख) निबेदकको विवरणः (संस्थागत वा समुहको प्रयोजनको लागि)**

१. संस्थाको नामः..................................................................................................................

२. संस्थाको ठेगानाः...........................................................................................................

३. सम्पर्क नम्वरः फोन .......................... मोवाइल नं...............................................

४. सदस्य संख्याः महिला .......... पुरुष ................. दलित ............. जनजाती ..............

५. सम्पर्क व्यक्तिको ............................................................ पदः ..........................

६. प्राप्त गर्न चाहेको कृषि उत्पादन सामग्रीहरुको विवरण

| सि.नं. | कृषि उत्पादन सामग्रीको नाम | मोडेल/साइज/जात | मुल्य | अनुदान रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

हामीलाई माथि उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामग्री व्यवसायीक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयवाट व्यवस्था भए वमोजिमको अनुदानमा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

निवेदकको सहीः ...............................................मितिः ........................



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ३

## कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता– पत्र

....... गा.पा/ न.पा. / उप.मा.न.पा. मार्फत सञ्चालन गरिने चालु आ.व. ....... को स्वीकृत .................. कार्यक्रम सञ्चालन गर्न गा.पा/ न.पा. / उप.मा.न.पा. कार्यालय, यस भन्दा पछाडि पहिलो पक्ष भनिने) सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमीको तर्फबाट श्री/सुश्री/श्रीमती ........................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. यो सम्झौता पत्र सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमी र कार्यालय बीच योजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।

३. उपभोक्ता समूहहरुले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

४. कार्यालयले सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक/ उद्यमीलाई कृषि उत्पादन सामाग्री खरिद सम्पन्न भई सम्पूर्ण कार्य सम्पन्न भै सकेपछी नगद/चेक मार्फत भुक्तानी गरिनेछ।

५. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट परिमाण र गुणस्तरको आधारमा रकम भुक्तानी गरिनेछ।

६. सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/व्यावसायिक कृषक/उद्यमीले कृषि उत्पादन सामाग्री खरिद गर्दा तोकिएको श्रोत केन्द्र वा आपूर्तिकर्ताबाट खरिद गर्नुपर्नेछ।

९. कृषि यन्त्र उपकरणको हकमा सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्थाले सामूहिक निर्णय गराएर अनुदानमा उपलव्ध भएको सामग्री उपयोग गर्नुपर्ने छ।

१०. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

..........................
अध्यक्ष/प्रतिनिधिको हस्ताक्षर
उपभोक्ता संस्था/ समूह/ सहकारी/ कृषकको नाम
संस्थाको छाप:

..........................
प्राविधिक/कृषि विकास अधिकृतको हस्ताक्षर

..........................
प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर
कार्यालयको छाप

साक्षीहरु
२. ........................................................
२. ...............................................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ४

**अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने संस्था वा कृषकले**
**श्रोत केन्द्र/आपूर्तिकर्ता सिफारीस पाउन दिइने निवेदनको ढांचा ।**

मितिः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ......................... गा.पा/ न.पा. / उप.मा.न.पा.
मार्फत
श्री कृषि विकास शाखा ......................... गा.पा/ न.पा. / उप.मा.न.पा.

**विषयः सम्वन्धित श्रोत केन्द्र/आपूर्तिकर्ता तोकी सिफारीस पाउ ।**

हामीलाई मलाई व्यवसायीक कृषि कार्यमा उपयोग गर्नका लागि निम्न अनुदानमा कृषि उत्पादन सामाग्री वितरण कार्यक्रममा छनौट भएकोले उक्त कृषि उत्पादन सामाग्रीहरु पाउन सम्वन्धीत श्रोत केन्द्र/आपूर्तिकर्तामा सिफारीस गरी दिनु हुन यो निवेदन पेश गरेका छौं/छु ।

तपसिल
अनुदानमा खरिद गर्न चाहेको कृषि उत्पादन सामाग्रीहरुको विवरणः
१.
२.
३.
संलग्न कागजातः
१.
२
३

**निबेदक**
नामः
दस्तखतः
ठेगानाः
मोबाइल नं.
संस्थाको नामः
पदः
संस्थाको छाप

स्विकृत गर्ने अधिकारी—————————————



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ११. कृषि उत्पादन सामग्री ढुवानी कार्यक्रम

**११.१ कार्यक्रमको पृष्ठभूमिः** कृषि व्यावसायिक रुपमा कृषि उत्पादन, प्रशोधन तथा वजारिकरण गर्ने क्षेत्रलाई मात्र अनुदानमा कृषि उत्पादन सामग्री) उन्नत विउ स्प्रेयर/सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट आदि) उपलव्ध गराई उत्पादन तर्फ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई आकर्षित गर्न कृषि उत्पादन सामग्री ढुवानी कार्यक्रम सञ्चालन गरिन्छ ।

**११.२ कार्यक्रमको उद्देश्यः**

- ✓ कृषि उत्पादन सामग्री कृषकहरूलाई ढुबानी गरी सहुलियत प्रदान गर्ने।
- ✓ अनुदानमा कृषि उत्पादन सामग्री (उन्नत विउ/स्प्रेयर सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट आदि) वितरण गरी प्रविधि हस्तान्तरण गरी कृषकको उत्पादन लागत कम गर्ने ।
- ✓ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीलाई नयाँ सामग्री एवं प्रविधि अवलम्वन गर्न अभिप्रेरित गराउने ।

**११.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):**

- ✓ कृषि उत्पादन सामग्री ढुवानी अनुदान दिने स्विकृत कार्यक्रम भएमा विनियोजित वजेटको परिधि भित्र रहि कृषक/समूह/सहकारी/समितिका पदाधिकारीबाट आवेदन फाराम माग गरिनेछ ।
- ✓ कृषि उत्पादन सामग्री नजिकको श्रोत केन्द्र वा आपूर्तिकर्ताबाट ल्याउने व्यवस्था गर्नुपर्नेछ ।
- ✓ कृषक/समूह/सहकारी/समितिका पदाधिकारीले उत्पादन सामग्री (उन्नत विउ/स्प्रेयर सीड विन/ हर्मेटिक व्याग/प्लाष्टिक सिट) मूल्य, मोडल, आकार, जात, आवश्यक मापदण्ड र गुणस्तरका आधारमा नियमानुसार श्रोत केन्द्र वा आपूर्तिकर्ताबाट खरिद गर्नु पर्नेछ ।
- ✓ कृषि उत्पादन सामग्री ढुवानी अनुदानको भुक्तानीका लागि कृषि उत्पादन सामग्री र ढुवानी गरेको विल पेश गर्नु पर्नेछ ।

**११.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ कृषि उत्पादन सामग्री ढुवानी अनुदान कार्यक्रममा विनियोजित वजेटको परिधि भित्र रहि शत प्रतिशत अनुदानमा ढुवानी गर्न सकिनेछ।

## १२. उप-आयोजना प्रोफाइल तयारी कार्यक्रम

**१२.१ कार्यक्रमको पृष्ठभूमिः** उप– आयोजनाको प्रभाव क्षेत्रको उप– आयोजनाको प्रोफाइल तयार गर्दा कृषि क्षेत्रको सम्पूर्ण जानकारी संकलन गरी विश्लेषण गर्न सकिन्छ । उप आयोजनाको

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रोफाइल तयार गर्दा आयोजनाबाट प्रत्यक्ष लाभ पाएका घरधुरी एवं जनसङ्ख्या, लैङ्गिक अवस्था, सामाजिक अवस्था, लगाइएका बालीको क्षेत्रफल एवं उत्पादन, सिंचाइको अवस्था, सिंचाइको स्रोत, भौतिक पूर्वाधारको अवस्था, जमिन उपयोग पद्धति, बाली प्रणाली, पकेट क्षेत्रहरु एवं सरोकारवाला निकाय वा संस्थाहरुको विवरण समेत उल्लेख गर्नुपर्नेछ । तथ्याङ्क संकलन गर्दा कृषकहरुको सहभागिता अनिवार्य रुपमा हुनुपर्नेछ ।

**१२.२ कार्यक्रमको उद्देश्यः**

- ✓ उपआयोजना कमाण्ड क्षेत्रका मानचित्र झल्किने गरी आवश्यक तथ्यांकहरु संकलन गर्न ।
- ✓ उपआयोजनाको प्रभाव क्षेत्रको सम्पूर्ण जानकारीको विश्लेषण गर्न ।
- ✓ कार्ययोजना तयारीमा थप मदत गर्न ।
- ✓ आयोजनाको उपलब्धि प्राप्तिका लागि लक्ष्य तय गर्न ।

**१२.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष)ः**

- ✓ उप आयोजना कमाण्ड क्षेत्रका मानचित्र झल्किने गरी आवश्यक तथ्यांकहरु समाबिष्ट भएको प्रोफायल तयार गर्नुपर्दछ ।
- ✓ गा.पा./न.पा, वडा, जिल्ला, भूस्वामित्व, कृषक परिवार संख्या, महिला, पुरुष, साक्षरता, खेती गरिएको जग्गा, बाली प्रणाली, जातहरु, उत्पादन, उत्पादकत्व, कृषि बजार, सिंचाईको श्रोत, पानीको उपलब्धता, निजी सेवा प्रदायकहरु, नक्सा आदि समावेश भएको उप– आयोजना प्रोफायल छुटै प्रोफायल तयार गर्नुपर्नेछ ।
- ✓ उपआयोजनाको प्रोफायल तपसिल वमोजिमको नमूना ढाँचामा तयार गर्न सकिन्छ ।

१. सिंचाइ उपआयोजनाको नामः ..................................

२. सिंचाइ उपआयोजनाको संक्षिप्त ठेगाना र परिचयः ..................................

३. भु स्वामित्वको स्थिति (कमाण्ड क्षेत्रको मात्र)

| क्र.सं. | जग्गाको आकार | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

४. लाभान्वित कृषक संख्या (कमाण्ड क्षेत्रको मात्र)

| क्र.सं. | कमाण्ड क्षेत्रफल हे. | लाभान्वित कृषक घरधुरि | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

५. लाभान्वित कृषकको सामाजिक विवरण (कमाण्ड क्षेत्रको मात्र)

| दलित | ब्राहमण | क्षेत्री | जनजाति | अन्य जम्मा |
|---|---|---|---|---|
| | | | | |

६. खेती गरिएको जमिनको विवरण (कमाण्ड क्षेत्रको मात्र)

| वर्ष | जम्मा खेतीयोग्य जमिन हे | जम्मा खेती गरिएको जमिन हे |
|---|---|---|
| आधारवर्ष | | |
| | | |
| | | |
| | | |

७. बाली प्रणाली (कमाण्ड क्षेत्रको मात्र)

| वर्ष | बाली प्रणाली | बाली सघनता (प्रतिशत) |
|---|---|---|
| आधारवर्ष | | |
| | | |
| | | |
| | | |

८. विभिन्न बालीनालीले ओगटेको क्षेत्रफल तथा उत्पादन विवरण

| वर्ष | धान हे. | मकै हे | गहु हे. | तरकारी हे | आलु हे | तोरी हे. | मुसुरो हे. | अन्य हे. |
|---|---|---|---|---|---|---|---|---|
| आधार वर्ष | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

९. विभिन्न वालीहरुको (आयोजनाको कमाण्ड क्षेत्रमा) जातहरुको स्थिति (आयोजनाको कार्यान्वयन पछि केहि परिवर्तन भयो कि भएन भन्ने सन्दर्भमा )

| वर्ष | धान | मकै | गहु | तरकारी | आलु | तोरी | मुसुरो |
|---|---|---|---|---|---|---|---|
| आधारवर्ष | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. आयोजनको कमाण्ड क्षेत्रमा रहेका कृषक समुहको विवरण

| वर्ष | जम्मा कृषक समुह | जम्मा हितकोष (रु. हजारमा | परिचालन (रु हजारमा | कार्य क्षेत्र |
|---|---|---|---|---|
| आधारवर्ष | | | | |
| | | | | |
| | | | | |

११. आयोजनाको कमाण्ड क्षेत्रमा खाद्य सुरक्षाको स्थिति

| वर्ष | वाह्रै महिना खान पुग्ने परिवार | ९ देखि १२ महिना | ६ देखि ९ महिना | ३ देखि ६ महिना | ३ महिना भन्दा कम |
|---|---|---|---|---|---|
| आधारवर्ष | | | | | |
| | | | | | |
| | | | | | |

१२. सिचाइ सम्वन्धि विवरण:

| वर्ष | उपलब्ध पानीको परिमाण | वालीको आवश्यकता अनुरुप पानीको पर्याप्तता | बाह्रै महिना सिंचित क्षेत्रफल | मौसमी सिंचित क्षेत्रफल हे | | |
|---|---|---|---|---|---|---|
| | | | | वर्षे सिजन | हिउदे सिजन | वसन्ते सिजन |
| आधारवर्ष | | | | | | |
| | | | | | | |
| | | | | | | |

१३. लाभ लागत सम्वन्धि विवरण

| वाली | विवरण प्रति हेक्टरमा | आधार वर्ष | | |
|---|---|---|---|---|
| धान | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| मकै | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| गहुँ | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| तरकारी | जम्मा लागत प्रति हे. | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| वाली | विवरण प्रति हेक्टरमा | आधार वर्ष | | |
|---|---|---|---|---|
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| आलु | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| तोरी | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| मुसुरो | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |
| अन्य (चना) | जम्मा लागत प्रति हे. | | | |
| | जम्मा आम्दानी प्रति हे. | | | |
| | लाभ लागत अनुपात | | | |

१४. आयोजनाको कमाण्ड क्षेत्रमा माटोको स्थिति

| वर्ष | पि एच | N (High, Medium, Low) | P (High, Medium, Low) | K (High, Medium, Low) |
|---|---|---|---|---|
| आधारवर्ष | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१५. कृषकको जिविकोपार्जनको श्रोत (संख्या)

| कृषि | व्यापार | वैदेशिक रोजगार | स्वदेशि रोजगार | ज्यालादारी | अन्य | जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१६ आयोजना संचालन पछि आएको मननयोग्य परिवर्तन के के छन् ?

| वर्ष | आम्दानी औषत प्रति परिवार (वार्षिक) | ज्ञान सिपमा आएको परिवर्तन ( सामान्य, मध्यम, उच्च) | अन्य.................... |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१७. आयोजना संचालनका दौरान संचालन भएका पाठशालाको विवरण

| वर्ष | संचालन गरिएका पाठशाला संख्या | वाली | सहभागी | | | पाठशालाको प्रतिफल |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | |
| | | | | | | |

१८. आयोजना स्थलमा विभिन्न कृषि सामाग्री खपतको अवस्था

| वर्ष | विषादि प्रयोग के.जि । हे. | रासायनिक मल खपत के.जि । हे. | कम्पोष्ट मल प्रयोग प्रति हे. |
|---|---|---|---|
| आधारवर्ष | | | |
| | | | |
| | | | |

१९. आयोजनाको कमाण्ड क्षेत्रमा देखिएका समस्या सम्वन्धि विवरण :

| वर्ष | रोग | | | कीरा | | |
|---|---|---|---|---|---|---|
| | हिउदे वाली | वर्षे वाली | वसन्ते वाली | हिउदे वाली | वर्षे वाली | वसन्ते वाली |
| आधारवर्ष | | | | | | |
| | | | | | | |
| | | | | | | |

२०. कृषि गतिविधि संचालन गर्दा देखिएका मुख्य मुख्य समस्याहरु, सिंचाई सम्वन्धि समस्या समेत गरी ( रोग/कीरा वाहेक)

..........................................................................................

२१. सिचाइ प्रणाली भरिको वाली योजना छ कि छैनं ? यदि छैन भने पानी वाडफाड र वितरण के का आधारमा कसरी हुन्छ

..........................................................................................

२२. संस्था (जल उपभोक्ता समिति) को दीगोपना (Sustainablility) सम्वन्धमा

..........................................................................................

२३. श्रोत परिचालन व्यवस्था

..........................................................................................

२४. अन्य आवश्यकता अनुसार थप गर्ने

..........................................................................................



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**१२.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):** प्रश्नावली तयार गर्न, स्टेशनरी, तथ्यांक संकलन गर्न, दैनिक भ्रमण भत्ता, ईन्धन, प्रोसेसिङ्ग तथा प्रोफायल तयारीको लागि लाग्ने खर्चको सरकारी/जिल्ला/स्थानीय दर अनुसार ईष्टिमेट तयार गरी विनियोजित बजेटभित्र रहि स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## १३. एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला कार्यक्रम (ICWM-FFS)

**१३.१ कार्यक्रमको पृष्ठभूमिः** समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF) अन्तरगत कृषि तर्फ सिंचाई उप आयोजनामा एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला सञ्चालन गरिने कार्यक्रम रहेको छ । यस कार्यक्रममा एकिकृत बाली तथा जल व्यवस्थापनका लागि कृषक पाठशाला सञ्चालन गर्ने व्यवस्था रहेको छ । यस कार्यक्रममा २० देखि २५ जनासम्म कृषकहरुलाई नियमित रुपमा भेला गराई एकिकृत बाली तथा जल व्यवस्थापनका सिद्धान्त वारेमा वृहत अन्तक्रिया गरिन्छ । कृषक पाठशाला कृषि तथा जल ब्यबस्थापनका प्रबिधिहरु एकिकृत प्याकेजको रुपमा कृषक समूह तथा जल उपभोक्ता समितिलाई प्रयोगात्मक विधि मार्फत उपलब्ध गराउने राम्रो थलो हो । कृषक पाठशाला कुनै एक बालीलाई समेट्ने गरी उक्त बालीको वारेमा वृहत ज्ञान दिइन्छ ।यस कार्यक्रमलाई छुट्याईएको रकम उक्त कृषक पाठशाला बाहेक कुनै अन्य प्रयोजनको लागी प्रयोग गर्न सकिने छैन ।

नेपाल कृषि प्रधान देश भई वहुसंख्यक जनसंख्या कृषिमा निर्भर रहे पनि कृषि उत्पादन र उत्पादकत्वमा आशातित प्रतिफल प्राप्त गर्न नसकिएको अवस्था छ ।यस परिप्रेक्षमा सिंचाइ तथा सिंचाइको पानीको समुचित उपभोग मार्फत कृषि उत्पादन र उत्पादकत्व दुवै वढाउन अति आवश्यक देखिन्छ। अधिकांश सिंचाई आयोजनाहरुको नहरमा क्षमता भन्दा कम पानी हुने र भएको पानी कहिले पनि सिंचित क्षेत्रलाई प्रयाप्त पानी उपलब्ध नभैको दखिन्छ। त्यसमा पनि मुहानको किसानहरु अत्यधिक मात्रामा पानी उपभोग गर्छन भने पुछारको कृषकहरुले प्रायः पानी पाउदैन यस्तो अवस्थामा एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम सिचिंत क्षेत्रका लागी अति उपयोगी कार्यक्रम महशुस भएको छ। यस कार्यक्रमबाट कृषिको उत्पादन बढ्नुको साथै पानीको उत्पादकत्व बढ्न जाने संभावना हुन्छ।

एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रममा कृषक पाठशालालाई एउटा विधि वा तरिका को रुपमा लिइएको छ जसमा एकिकृत बाली तथा जल व्यवस्थापनको वृहत क्रियाकलापहरुको वारेमा कृषकहरुलाई जानकारी गराइन्छ । यसरी कृषकहरुले तालीम प्राप्त गरिसकेपछि अन्य कृषकहरुलाई कृषक देखि कृषक सम्मका प्रसारको कार्य गर्छन भन्ने मान्यतामा यो कार्यक्रम

सञ्चालन गरिन्छ । यसमा ध्यानदिनु पर्ने मुख्य विषय के हो भने कृषक पाठशाला उप– आयोजनाको एउटै पकेटमा कृषि तथा सिंचाई तर्फवाट अलग– अलग सञ्चालन नगरी एउटै कृषक पाठशाला सञ्चालनमा ल्याउनु पर्दछ । कृषक पाठशालामा दिइने प्राविधिक ज्ञान बाली अनुसार कृषि तर्फ वाट कुन– कुन विषयमा कति पटक दिन त्यसै गरी सिंचाई तर्फ वाट जल व्यवस्थापन संग सम्बन्धित विषयमा बाली अनुसार के– के ज्ञान तथा सीप कति पटक प्रवाह गर्ने भन्ने कुराको तय गरी प्रस्ताव गर्नु पर्दछ ।कृषक पाठशालामा सम्बन्धित उप– आयोजनाका कृषक समूहलाई कृषि प्रविधिज्ञहरु एवं जल व्यवस्थापन विज्ञहरु वाट नियमित रुपमा एकिकृत बाली तथा जल व्यवस्थापन वारेमा विस्तृत ज्ञान प्रदान गरिन्छ ।

एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम एउटा बाली अवधिभर गरिने प्याकेज कार्यक्रम हो। जसमा सिचिंत क्षेत्रमा कृषि तथा सिचांइ व्यबस्थापनको कार्यक्रम सगंसगै सञ्चालन गरिन्छ। यस कार्यक्रममा कृषि सम्बन्धी सम्पुर्ण आधुनिक ज्ञान तथा पद्धति, जल व्यवस्थापन तरिकाको साथै सस्थाँको सस्थागत विकास सगंसगै गरिन्छ। जसले गर्दा कृषिको उत्पादनमा वृद्धि हुन जान्छ। यस कार्यक्रमको सम्पुर्ण जिम्मेवारी कृषि सम्बन्धी कामहरु हाल स्थानीय निकायमा रहेको कृषि शाखाले गर्छ भने खेत स्तरमा निर्माण हुने स-साना संरचना हरु जिल्ला स्तरिय सिंचाइ कार्यालयले गर्छ।

एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न ६ प्रकारका कार्यहरु गरिन्छन।

१. खेत स्तरमा आवश्यक हुने स-साना संरचनाहरुको निर्माण
२. जल उपभोक्ता समितिको संस्थागत विकास
३. तुलनात्मक अध्ययन तथा नमुना प्रदर्शन
४. जल व्यवस्थापन कार्यक्रम तथा तालिम
५. उन्नत कृषि प्रविधीको प्रसार
६. एकिकृत बाली तथा व्यवस्थापन कार्यक्रम सम्वन्धि गोष्ठी तथा अनुगमन एवं मुल्याङकन
   - ✓ एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमको लागी खेत स्तरमा निर्माण गरिने स-साना संरचनाहरु जस्तै फिल्ड च्यानल, डिभिजन वक्स र च्यानल गेट आदि तथा पानी व्यवस्थापनको कार्य धेरै महत्वपूर्ण रहेको छ।
   - ✓ पानी व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न कार्य गरिने छ ।
     - क. बाली तथा बाली चक्रको छनौट
     - ख. बालीको लागि पानीको आवश्यकता पहिचान
     - ग. सिंचाईको आवश्यकता, वितरण तथा प्राप्त अवस्था
     - घ. बाली तथा जल व्यवस्थापन सम्वन्धि तालिम
     - ङ. पानी मापन तथा प्रभावकारी वितरण

- ✓ सिचांइ योजनाहरुमा प्रायः एउटा नमुना प्रदर्शनी प्लटको छनौट गरिन्छ।
- ✓ उक्त प्लट करिव ३ कठ्ठा वा २ रोपनीको हुन्छ।
- ✓ जसमा कृषक पाठशाला सचांलन गँरिन्छ।
- ✓ कृषक पाठशालामा २०– २५ जना कृषकहरुको समुह भेला गरी कक्षा कोठामा पठनपाठन गराउनुको सट्टा कृषकको खेतबारीलाई पाठशालाको रुपमा लिई सोही खेतमा प्रयोगात्मक र खोजपुर्ण तरिकाहरु अपनाई नियमित रुपमा बालिको अवलोकन, विश्लेषण तथा समुह छलफलको आधारमा प्रशिक्षकहरुको सहजिकरणको माध्यमबाट आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरु समाधान गर्न सक्ने गरी दक्ष हुने वातावरण श्रृजना गरीन्छ ।
- ✓ बाली अनुसार पानीको आवश्यकता (Water Requirement) एवं सम्बन्धित बालीको लागि संवेदनशिल अवधि (Critical Period) हरुको वारेमा जानकारी गराइन्छ ।
- ✓ बाली विशेष अनुसार वृहत प्राविधिक ज्ञानको प्याकेज उपलब्ध गराइन्छ ।
- ✓ त्यस पाठशाला मार्फत कृषकहरुलाइ सिंचाइ गर्ने विभिन्न विधि र सिंचाई व्यवस्थापनको समूचित तरिका तथा खेती प्रणालीको विभिन्न तरिकाहरु सिकाइन्छ।
- ✓ पानीको समुचित उपभोगको लागि खेत स्तरिय स-साना संरचनाहरु जस्तैः टर्न आउट, डिभिजन बक्स चेनल फिल्ड, पानी नाप्ने संरचना, नहर लाइनिङ आदिको निर्माण अत्यन्त जरुरी रहेको छ।
- ✓ यस कामको लागि योजनाको डिटेल डिजाइन प्रतिवेदनमा आवश्यक बजेट समावेश गरिएको हुन्छ।
- ✓ एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमको लागि विभिन्न चरणको छलफल तथा कृषक पाठशालाको तालिम आवश्यक हुन्छ।

**१३.२ कार्यक्रमको उद्देश्यः**

- ✓ खेत स्तरिय प्रदर्शनी तथा कृषक पाठशालाको माध्यमबाट प्रयोगात्मक सिकाई गर्नु गराउनु,
- ✓ कृषकहरुलाई पानीको संयुचित तथा न्यायोचित वितरण सम्बन्धी ज्ञान अभिबृद्धि गर्नु,
- ✓ सफल कृषि उत्पादनका लागि आवश्यकताको आधारमा सिंचाई गर्नु र आवश्यकता भन्दा बढि मात्राको सिंचाईको नकारात्मक असर वारे सिकाउनु,
- ✓ कृषकहरुलाइ कृषि सम्बन्धी आधुनिक ज्ञानको साथै बालीको कुन अवस्थामा कति सिंचाइ गर्नुको साथै मल बिउ आदिबारे समुचित ज्ञान दिनु,
- ✓ स्वस्थ विरुवा हुर्काउनु , मित्रजिवहरुको सुरक्षा गर्नु , बालीनालीको नियमित अवलोकन गर्नु , लगाईएका बालीका लागी उचित जल व्यवस्थापन गर्नु,
- ✓ कृषकहरुलाइ अन्तर जिल्ला कृषक भ्रमण गराई विभिन्न क्षेत्रका सिंचाई व्यवस्थापन सम्वन्धि व्यबहारिक ज्ञान वृद्धि गर्न।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

### १३.३ कार्यक्रमको सञ्चालन प्रकृया (प्राविधिक पक्ष):

- ✓ एकिकृत बाली तथा व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि जलश्रोत तथा सिंचाई विकास डिभिजन/सव डिभिजन कार्यालय र स्थानीय तहको कृषि इकाईको समन्वयमा कार्यक्रम कार्यान्वयन समिति गठन गर्न सकिने छ ।
- ✓ बाली तथा व्यवस्थापन कार्यक्रम कुनै एक सिंचाई उप आयोजना कमाण्ड क्षेत्र भित्र सञ्चालन गर्नु पर्नेछ यसरी सञ्चालन हुने पाठशालामा बाली व्यवस्थापन , रोगकिरा व्यवस्थापन, माटो व्यवस्थापन एवं जल व्यवस्थापन समेत हुने गरी एकिकृत रुपमा सञ्चालन गर्नुपर्छ ।
- ✓ मौसमी कार्य योजना तयार गर्दा सिंचाई प्रणालीका कृषकहरुसँग छलफल गरि कुन बालीमा सञ्चालन गर्ने पूर्व यकिन हुनु पर्दछ ।
- ✓ पाठशाला सञ्चालन हुने स्थान सकभर सडकसँग जोडिएको वर्ष भरि पुग्न सकिने पानी मापन संरचना नजिक , सहज पानी उपलब्धता कृषक वीच राम्रो समन्वय , सीर देखि पुच्छार सम्मका कृषकलाई पायक पर्ने हुनु पर्दछ ।
- ✓ छानिएको प्लट सबैलाई मान्य हुने हुनु पर्दछ ।
- ✓ पाठशाला सञ्चालनको लागी समुह गठन गर्दा कमाण्ड क्षेत्रका सिर देखि पुच्छार सम्मका कृषकहरुको प्रतिनिधित्व हुने गरि समय दिन सक्ने, अगुवा कृषक , समाजमा मान्य व्यक्ति , निस्वार्थ भावले सहभागिता जनाउन सक्ने पाठशालाको नियम पालन गर्ने र महिला वढी प्रतिनिधित्व हुने गरी हुनु पर्दछ ।
- ✓ पाठशालामा कमाण्ड क्षेत्रको Head, Middle र Tail का कृषकहरु प्रतिनिधित्व हुने गरी ठाउँ अनुसारको प्रविधि कृषक समक्ष हस्तान्तरण गर्नुपर्छ ।
- ✓ एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला सञ्चालन गर्न सकिने सम्भाब्य उप आयोजना मा जल उपभोक्ता समितीले निम्न विषयमा छलफल गरी निर्णय गरी एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला सञ्चालन गर्न सहमती भएको निर्णय जिल्लामा भएको स्थानीय तहको कृषि विकास शाखालाई निर्णयको पत्र पठाउनु पर्ने छ ।
- ✓ छनौट भएका बालीको लागि छनौट भएका समूहलाई सहभागी गराइ छनौट भएको प्लटमा पाठशाला सञ्चालन गर्ने ।
- ✓ पाठशालाको चरणहरु बालीको संवेदनशिल (Critical Period) अवस्थामा पर्ने गरी सञ्चालन गर्ने ।
- ✓ संवेदनशिल अवस्थामा देखा पर्ने बाली सम्बन्धी समस्याहरु निक्यौंल गर्ने गरि कृषि सम्बन्धी आधुनिक प्रविधिको ज्ञान पाठशाला सञ्चालन प्लटमा नै समूहलाई दिने । बाली सम्बन्धी समस्याहरु समूहबाट नै पहिले आउने गरि समूहलाई सदा क्रियाशिल बनाई रहने वातावरण बनाउनु पर्दछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ भरसक सिंचाई दिनु पर्ने समय पारेर पाठशालाको दिन तोकिएमा राम्रो हुनेछ । बालीलाई आवश्यक पर्ने पानीको गणना गर्ने र सोही बमोजिम सिंचाईको रुपमा पानी उपलब्ध गराउने र उपलब्ध गराईएको पानी मापन गर्ने । बालीले बाली अवधिभर खपत गरेको पानीको तथ्यांक राख्ने र अन्तमा बाली कटानी गरे पछि उत्पादित बाली कति पानी प्रयोग भएर भएको हो सो हिसाव गरि पानी उत्पादकत्व (Water Productivity) निकाली मौसमी प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ । सिंचाई सम्बन्धी व्यवहारिक ज्ञान दिदाँ बाली र स्थानीय अवस्था सुहाउदो कुन तरिकाले सिंचाई गर्नु पर्ने हो सो बारेमा पनि पाठशालामा जानकारी गराई सोही बमोजिम सिंचाई दिने व्यवस्था मिलाउनु पर्नेछ ।
- ✓ कृषि निकायका विषयगत विषेशज्ञले यस कृषक पाठशालामा बढी प्रभावकारी भुमिका निभाउनु पर्नेछ ।
- ✓ पाठशाला सञ्चालन अवधिमा गरिएका प्रत्येक क्रियाकलापहरुको अभिलेखिकरण भएको हुनु पर्नेछ
- ✓ यसरी गरिएको अभिलेखिकरण मौसमी प्रतिवेदनमा समावेश गरिनु पर्नेछ ।
- ✓ एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला सञ्चालन गर्न देहाय वमोजिम छलफल गरी निर्णय गर्नु पर्नेछ ।

  १. एकिकृत बाली तथा जल व्यवस्थापनः एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशाला सञ्चालन गर्न शाखा नहरमा पानी सञ्चालन भएको शाखाबाट पानी प्लटमा पुर्याउनको लागी कुलो निमार्णको लागी ब्यबस्थीत शाखाको शाखा वा आउटलेट छनोट गर्ने वा यस बारे निर्णय गर्ने ।

  २. कृषक पाठशाला सञ्चालनः कृषक पाठशाला सञ्चालन गर्ने सिजनको निर्कोल गर्ने । कृषक पाठशालामा जल ब्यबस्थापनबारे पानी पनि अध्ययन गर्ने भएकोले वर्षा याममा एकिकृत बाली तथा जल व्यवस्थापन - कृषक पाठशालामा कुनै काम नहुने भएकोले, कृषक पाठशाला हिउँद वा बसन्ते याममा मात्र सञ्चालन हुने हुनाले कुनै एक सिजन (हिउँद वा वसन्ते) छान्नु पर्ने छ ।

  ३. कृषक पाठशालामा समाबेश गरीने बालीः कृषक पाठशालामा समाबेश गरीने बालीको छनोट गर्ने । हिंउँदे बालीको लागी कुनै एक बालीको (गहूँ वा आलु वा हिउँद मकै वा तरकारी) छनोट गर्ने र बशन्ते बालीको लागी (बशन्ते मकै वा बशन्ते धान वा बशन्ते तरकारी) कुनै एक बालीको छनोट गर्नु पर्ने छ ।

  ४. कृषक पाठशाला सञ्चालनका लागी आबश्यक प्लटः कृषक पाठशाला सञ्चालनका लागी करीव दुई रोपनी जमीनको आबश्यक पर्ने हुनाले उक्त दुई रोपनी जमीन दिन ईच्छुक कृषक पाठशाला सञ्चालनका लागी ब्यक्तिको नाम दिने ।

✓ कृषक पाठशाला गठन प्रकृयाः ३ पटक तयारी बैठकमा अन्तरकृया गरी कृषक पाठशाला गठन गरिन्छ ।

**क) पहिलो तयारी बैठक**

**सहभागीहरुः** उप– आयोजनाका कृषकहरु, स्थानीय तह/ सेवा केन्द्रका प्राविधिकहरु, आयोजनाका कृषि प्राविधिकहरु, स्थानीय निकायका प्रतिनिधि, समुदायका प्रभावशाली व्यक्तिहरु, कृषक अगुवाहरु र कृषक पाठशाला सहजकर्ताहरु आदि।

**सहभागी संख्याः** करीब ४०

**कहिले गर्नेः** कृषक पाठशाला सुरु हुनु अगावै

**अवधिः** १ दिन

**बैठक सञ्चालन विधिः**

- ✓ सहभागीहरु, आमन्त्रीत व्यक्तिहरुलाई बैठकको स्थान, मिति र समयबारे अग्रीम जानकारी गराउने
- ✓ बैठक सञ्चालन गर्ने
- ✓ सहभागी एवं आमन्त्रीतलाई स्वागत गर्ने, परिचयात्मक कार्यक्रम गर्ने, उपस्थिति गराउने
- ✓ सामुदायिक सिंचाई आयोजनामा कृषक पाठशाला कार्यक्रमको बारेमा जानकारी दिने, उद्येश्य बताउने ।
- ✓ कृषक पाठशालाको आधाभुत आवश्यकता, विशेषता र तरिकाको बारेमा जानकारी गराउने ।
- ✓ कृषक सहजकताको भूमिकाबारे प्रष्ट पार्ने
- ✓ कृषक छनोटका आधारबारे जानकारी गराउने
- ✓ सहभागी एवं सरोकारवालाहरु बाट पाठशाला सञ्चालनबारे प्रतिवद्धता लिने
- ✓ बैठकको निर्णय राख्ने
- ✓ बैठक समाप्त गर्ने ।

**ख) दोश्रो तयारी बैठक**

**सहभागीहरुः** उप– आयोजनाका कृषकहरु, स्थानीय तह/ सेवा केन्द्रका प्राविधिकहरु, आयोजनाका जेटीएहरु र कृषक पाठशाला सहजकर्ताहरु ।

**सहभागी संख्याः** ३० – ४०

**कहिले गर्नेः** पहिलो तयारी बैठक पछि

**अवधिः**१ दिन



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

बैठक सञ्चालन विधि

- ✓ लैङ्गिक विश्लेषण र समावेशिताको अध्ययन गरी सोहि आधारमा २५ जना कृषक पाठशालामा सहभागि हुने कृषक छनोट गर्ने ।
- ✓ बाली/जातको प्राथमिकरण गर्ने
- ✓ समुह अभ्यास गरी बालि पात्रो तयार गर्ने
- ✓ बालि पात्रो विश्लेषणका आधारमा उक्त बालिको सहायक परिक्षणहरु यकिन गर्ने
- ✓ कुनै पनि एक बालीमा कृषक तरिका र उन्नत तरिका तुलनात्मक Complete Package of technology रुपमा उक्त बालीको पाठशालामा मुख्य परिक्षण हुने छन् ।
- ✓ समुहको मञ्जुरी अनुसार कृषक पाठशालाको जग्गा छनोट गर्ने ।
- ✓ मुख्य परिक्षण र सहायक परीक्षणको लागि जम्मा कति जग्गा चाहिन्छ यकिन गर्ने
- ✓ बैठक समापन गर्ने

**ग) तेश्रो तयारी बैठक**

**सहभागीहरुः** पाठशालाको लागि छानिएका कृषकहरु, कृषि प्राविधिक एवं आयोजनाका जेटीएहरु, पाठशाला सहजकर्ताहरु

**सहभागी संख्याः** २५– ३०

**कहिले गर्नेः** दोश्रो तयारी बैठक पछि

**अवधिः** १ दिन

**बैठक सञ्चालन विधि**

- ✓ कृषक पाठशालाका (समुह) का पदाधिकारीहरुको चयन गर्ने (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष)
- ✓ माटोको नमुना संकलन गर्ने र प्रयोगशालामा परिक्षणको व्यवस्था गर्ने
- ✓ पाठशाला सञ्चालनको उपयुक्त समय दिन र स्थान छनोट गर्ने ।
- ✓ टोली नेता सहित उप– समुहको चयन गर्ने
- ✓ पाठशालाको निति नियमको निर्धारण गर्ने
- ✓ कृषकको अपेक्षा संकलन गर्ने
- ✓ बैठक निर्णयको माइन्यूट राख्ने र बैठक समापन गर्ने

**पाठशाला र तालिम**

- ✓ कृषक पाठशाला सम्बन्धी जानकारी
- ✓ एकि.वा.तथा ज.व्य. कृषक पाठशालाको उद्देश्य
- ✓ पाठशालाबाट कृषकहरुलाइ फाइदा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- ✓ पानी व्यवस्थापनमा हुने कठिनाइको पहिचान
- ✓ पाठशालाको लागी शिक्षण पुस्तिकाहरु
- ✓ सहजकर्ता तथा स्रोत व्यक्तिको भुमिका

**सहभागिताहरु छनौट**

- ✓ इच्छुक किसान हरु छनौट
- ✓ बालीको छनौट
- ✓ बालोको जात छनौट
- ✓ प्रदर्शनी स्थल (Plot) छनौट
- ✓ बाली पात्रो बारे जानकारी
- ✓ लैङ्गिक समानता अनुसार कृषक छनौट तथा सहभागिता

**कृषक समुहको गठन**

- ✓ समुहको गठन
- ✓ उप समुहको गठन
- ✓ पाठशालाको सम्वन्य कर्ताको छनौट
- ✓ पाठशालाको लागि प्रर्दशनी स्थलको अन्तिम छनौट
- ✓ कृषक पाठशालाको तालिमको लागि दिन तथा समयावधि को छनौट
- ✓ तालिम दिन (कति पटक) को छनौट
- ✓ बाली तथा बालीको जात छनौट

**कृषक पाठशालाको प्लट छनौट**

- ✓ कृषक पाठशालाको लागि प्लट छान्दा सिचिंत क्षेत्र भित्र छान्नु पर्ने छ।
- ✓ जहाँ चाहिएको बेलामा सजिलै सिंचाइ पानिमा उपलव्ध होस।
- ✓ प्लट सम्म प्रायः गाडि जाने बाटो हुनु पर्छ।
- ✓ प्लटको क्षेत्रफल ३ कठ्ठा / २ रोपनी हुनु पर्नेछ।

**कृषक पाठशालाको लागि सहभागीको छनौट**

- ✓ इच्छुक कृषकहरुबाट २५ जना कृषकहरु छान्नु पर्छ।
- ✓ शाखा नहर समितिको अध्यक्ष तथा ज.ऊ.स. को कार्यकारी सदस्यहरुलाई प्राथमिकता दिनु पर्छ।
- ✓ करिव ४०% महिला सहभागी हुनु पर्नेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृषक पाठशालाका परिक्षणहरु खेतबारीमा रोप्ने

- ✓ मुख्य परिक्षण र सहायक परिक्षणहरुको खेतमा आवश्यकता अनुसार लेआउट गर्ने (जग्गा नाप जाँच गर्ने) ।
- ✓ लेआउट गर्दा परिक्षण प्लटहरुको विचमा ४०– ५० से.मी. दुरी होस र सिंचाईको परिक्षण छ भने ३०– ४० से.मि. आली बनाउनु पर्ने कुरा ध्यानमा राख्ने ।
- ✓ परिक्षण प्लटहरु छरिएर नभै हेर्दा एकै साथ भएमा राम्रो देखिन्छ ।
- ✓ मुख्य परिक्षणमा उन्नत तरिका र कृषक तरिका र सहायक परिक्षणमा जातिय परिक्षण, मलखाद परिक्षण, रोप्ने दुरी परिक्षण, सुक्ष्म तत्व परिक्षण, रोग÷किरा नियन्त्रण परिक्षण, सिंचाई परिक्षण आदि हुन सक्दछन् ।
- ✓ यो बाली अनुसार पनि फरक पर्न सक्दछ ।
- ✓ उन्नत र कृषक तरिकाको लागि बनाईने प्लट करीब २५० वर्ग मिटरको होस् र अन्य अध्ययनको लागि एउटा प्लटको साईज ४० वर्ग मिटर भन्दा कम हुनु हुदैन ।

**कृषक पाठशाला सञ्चालन गर्दा संकलन गर्नु पर्ने आकडा**

- ✓ विरुवाको उचाई, बोटको पैmलावट, सरा संख्यामा, पात संख्यामा, झारपातको स्थिति, शत्रु जिव, मित्र जीव र रोगको अवस्था आदि हुन ।
- ✓ बाली अनुसार फरक पर्न सक्दछ ।
- ✓ अन्तमा प्रत्येक परिक्षण प्लटको अन्नलाई घाममा सुकाई प्रति हे. उत्पादन दर निकाल्नु पर्दछ ।

**कृषक पाठशालाको साप्ताहिक कार्ययोजना**

- ✓ विरुवा उम्रेपछि वा वेर्ना सारेर जमेपछि कृषक पाठशाला सुरु हुन्छ ।
- ✓ यो कार्य विहान ७ वजे देखि १२ वजे सम्म गरिन्छ ।
- ✓ यो साधारणतया निम्नानुसार गरीन्छ ।

| क.सं. | समयावधि | क्रियाकलाप |
|---|---|---|
| १ | १० मिनेट | हाजिरी |
| २ | १० मिनेट | पूर्व क्रियाकलापहरुको सिंहावलोकन |
| ३ | १० मिनेट | पूर्नताजगि |
| ४ | १० मिनेट | उक्त दिनका क्रियाकलापको संक्षेपिकरण |
| ५ | ३० मिनेट | खेतबारी अवलोकन एवं आंकडा संकलन |
| ६ | ३० मिनेट | उप– समुहले प्रस्तुति गर्ने विवरण तयारी |
| ७ | ३० मिनेट | सबै उप– समुह बाट तयारी विवरण प्रस्तुतिकरण, छलफल एवं सामुहिक निर्णय |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| क्र.सं. | समयावधि | क्रियाकलाप |
|---|---|---|
| ८ | ३० मिनेट | खाजा समय |
| ९ | ३० मिनेट | विशेष कक्षा सञ्चालन (विशेषज्ञ बाट) |
| १० | ५ मिनेट | आगामी हप्ताको कार्यक्रम |
| ११ | ५ मिनेट | उक्त दिनमा सम्पन्न कृयाकलापहरुको संक्षेपीकरण |

**बालीहरुमा अपनाउनु पर्ने प्रविधि**

| बाली | जात | बिउ परिमाण के.जी./हे | बिरुवाको लागि आवश्यक तत्व र कम्पोष्ट (के.जी./हे) | | | | बिउ/बिरुवा लगाउने दुरी (से.मि.) | | सिंचाई दिने मुख्य अवस्था | कृषक पाठशाला सञ्चालन हप्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ना | फो | पो | कम्पोष्ट | ला – ला | बी –बी | | |
| धान | क्षेत्र सुहाउँदो | ५० | १०० | ३० | ३० | ६००० | २० | २० | - | १४- २० |
| गहुँ | क्षेत्र सुहाउँदो | १२० | १०० | ५० | २५ | ६००० | २० | निरन्तर | ४ अवस्था | १४- १८ |
| मकै | क्षेत्र सुहाउँदो | ३० | ६० | ३० | ३० | ६००० | ६५-७५ | २०- २५ | ४ अवस्था | १४- १६ |
| काउली | क्षेत्र सुहाउँदो | ०.८ | २०० | १२० | ८० | ३०००० | ६५-७५ | ४५- ६५ | आवश्यकता अनुसार | १४- १६ |
| बन्दा | क्षेत्र सुहाउँदो | ०.६ | २४० | १८० | ८० | २०००० | ६५-७५ | ४५- ६५ | आवश्यकता अनुसार | १४- १६ |
| टमाटर | क्षेत्र सुहाउँदो | ०.५ | २०० | २०० | १५० | ४०००० | ६५-७५ | ४५- ६५ | २ अवस्था | १४- १६ |
| प्याज | क्षेत्र सुहाउँदो | ०.५ | २४० | १८० | ८० | ३०००० | १५ | १० | आवश्यकता अनुसार | १४- १८ |
| खुर्सानी | क्षेत्र सुहाउँदो | १ | १०० | १०० | १०० | ३०००० | ६० | ३० | आवश्यकता अनुसार | १४- १६ |
| लौका | क्षेत्र सुहाउँदो | १.५ | ४० | २० | २० | ३०००० | २०० | २०० | आवश्यकता अनुसार | १४- १८ |
| आलु | क्षेत्र सुहाउँदो | १५०० | १२० | ६० | ६० | ३०००० | ७० | २५ | ३ अवस्था | १४- १६ |
| भीण्डी | क्षेत्र सुहाउँदो | ७५० | १० | ६ | ३ | १००० | ५० | ३० | आवश्यकता अनुसार | १४- १६ |
| करेला | क्षेत्र सुहाउँदो | १०० | १० | ६ | ३ | १५०० | १५० | १०० | आवश्यकता अनुसार | १४- १६ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

विभिन्न बालीमा गर्न सकिने मुख्य परिक्षण र सहायक परिक्षण

| बाली | तरिका (उन्नत र कृषक) | जातीय | मलखाद | सिंचाई | रोग नियन्त्रण | किरा नियन्त्रण | सुक्ष्म तत्व | रोप्ने दुरी |
|---|---|---|---|---|---|---|---|---|
| धान | √ | √ | √ | – | √ | √ | – | √ |
| गहुँ | √ | √ | √ | √ | √ | √ | – | – |
| मकै | √ | √ | √ | – | √ | √ | – | √ |
| काउली | √ | √ | √ | √ | √ | √ | √ | √ |
| बन्दा | √ | √ | √ | – | √ | √ | √ | √ |
| खुर्सानी | √ | √ | √ | – | √ | √ | √ | – |
| टमाटर | √ | √ | √ | – | √ | √ | √ | √ |
| प्याज | √ | √ | √ | – | √ | √ | – | – |
| लौका | √ | √ | √ | – | √ | √ | – | √ |

**कार्यक्रमको जिम्मेवारी**

- ✓ कृषि विकास शाखा वा इकाईको प्रमुख वा कृषि प्राविधिक यस कार्यक्रमको संयोजक रुपमा कार्य हुनेछ।
- ✓ यस कार्यक्रमका लागि यस आयोजनाको परामर्शदाता एकिकृत बाली तथा जल व्यवस्थापन विशेषज्ञ र वरिष्ठ कृषि विशेषज्ञ/ कृषि विशेषज्ञले कार्य योजना तयार, प्लट छनौट, प्लट डिजाइन तथा लेआउट कक्षा योजना तथा सैद्धान्तिक र व्यवहारिक कक्षाको कार्यमा प्रमुख सहयोगीको भुमिका निर्वाह हुनेछ। सम्बन्धित योजनाको सोसल मोबिलाइजर दैनिक कार्य तथा चाहिएको बेलामा सहयोग गर्ने छन।

**१३.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):**

- ✓ कृषक पाठशाला सञ्चालनका लागि सम्बन्धीत स्थानीय निकायमा आवश्यक बजेट रु १ लाख २८ हजार बिनियोजन भएको छ ।
- ✓ कृषक पाठशाला सचांलनको लागि देहाय वमोजिमको लागत इस्टिमेट अनुसार खर्च गर्नुपर्छ ।

**क) कृषक समुह गठनको लागि कार्यशाला गोष्ठी/ छलफल खर्च**

| विवरण | सहभागी सङ्ख्या | खाजा खर्च | जम्मा |
|---|---|---|---|
| प्रथम छलफल गोष्ठी | ४० | १०० | ४०००.०० |
| दोस्रो छलफल गोष्ठी | ३० | १०० | ३०००.०० |
| तेस्रो छलफल गोष्ठी | ३० | १०० | ३०००.०० |
| तिनै छलफल गोष्ठीको लागि शैक्षिक सामग्री | | | १०००.०० |
| जम्मा | | | ११०००.०० |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ख) स्रोत व्यक्ति व्यवस्थापन खर्च

| सहभागी स्रोत व्यक्ति | दिन सं. | स्रोत व्यक्ति सं. | भत्ता रु दिन | जम्मा |
|---|---|---|---|---|
| कृषकको आवश्यकता पहिचान(३x२) | ३ | २ | ५०० | ३०००.०० |
| इन्धन / परिवहन एकमुष्ट | ३ | २ | १०० | ६००.०० |
| | | | | ३६००.०० |

ग) कृषक पाठशालाको लागी सामाग्री खर्च

| कृषि उत्पादन सामग्री | | | | जम्मा |
|---|---|---|---|---|
| बिउ बिजन (एकमुष्ट) | | | | ८०००.०० |
| मलखाद (एकमुष्ट) | | | | २५००.०० |
| किटनाशक औषधी (एकमुष्ट) | | | | १५००.०० |
| पानी नाप्नको लागि भी नोच (V – Notch) | | | | ६०००.०० |
| जम्मा | | | | १८०००.०० |

घ) कृषक पाठशाला सचांलन खर्च

| विवरण | सहभागि संख्या | स्कुल सप्ताह | प्रति व्यक्ति | जम्मा |
|---|---|---|---|---|
| खाजा खर्च | २७ | १६ | १०० | ४३२००.०० |
| शैक्षिक सामग्री तथा अन्य व्यवस्थापन खर्च (प्लाइ बोर्ड,रगिंन कलम,ब्राउन पेपर,वाँस,१ मि लामो स्केल-५, मार्कर, पेन-४८,पोलिथिन झोला, रवर ब्याण्ड, कैचि र मार्कर इत्यादि) | | | | ७०००.०० |
| स्रोत व्यक्ति भत्ता | २ | १६ | ५०० | १६०००.०० |
| इन्धन परिवहन खर्च | | | | ३२००.०० |
| जम्मा | | | | ६९४००.०० |

ङ) कृषक पाठशाला दिवस खर्च

| विवरण | सहभागी | खर्च दर | जम्मा |
|---|---|---|---|
| खाजा खर्च | १०० | १०० | १००००.०० |
| पुरस्कार प्रथम (१०००) द्वितिय (७००) तृतिय (३००) | ३ | | २०००.०० |
| स्टेज निर्माण, ध्वनि प्रणाली, टेबुल कुर्सि, कागज कलम, | १ | | ९०००.०० |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| विवरण | सहभागी | खर्च दर | जम्मा |
|---|---|---|---|
| निमन्त्रणा कार्ड, सास्कृतिक कार्यक्रम आदि | | | |
| भैपरी आउने | १ | | ५०००.०० |
| | | | २६०००.०० |

✓ प्रत्येक शिर्षकको खर्चको देहाय वमोजिम एकमुष्ट जम्मा खर्च हुने छ ।

| विवरण | जम्मा |
|---|---|
| छलफल गोष्ठी | १४६००.०० |
| सामाग्री (कृषक पाठशाला) | १८०००.०० |
| कृषक पाठशाला सञ्चालन | ६९४००.०० |
| कृषक दिवस मनाउने | २६०००.०० |
| कुल जम्मा | १२८०००.०० |

✓ सिंचाई मापन गर्ने यन्त्र उपकरण (नाप्ने टेप, स्केल, भी नोच र डिजिटल तराजु आदि) खरिद वाहेक खर्च बाहेक अन्य खर्चहरु आई.पी.एम. कृषक पाठशालाको विभागिय नर्म्सको परिधि भित्र रहि गोष्ठि, स्रोत व्यक्ति भत्ता, कृषक पाठशालाको लागी सामाग्री,, कृषक दिवस मनाउने तथा अन्य व्यवस्थापन खर्च गर्ने ।


✓ सिंचाई मापन गर्ने यन्त्र उपकरण (नाप्ने टेप, स्केल, भी नोच र डिजिटल तराजु आदि) खरिद स्विकृत स्थानीय दर वा प्रचलित वजार दर अनुसार खर्च गर्ने ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

द्रष्टव्य

१) कृषक पाठशालाको लागी फिल्ड ले– आउट (नमूना लेआउट)






सचिव

२) कृषक पाठशालामा राखिने वोर्ड (नमूना वोर्ड)

| |
|---|
| एकिकृत बाली तथा जल व्यबस्थापन कार्यक्रम<br>..................कृषक पाठशाला<br>...............सिंचाइ उपआयोजना |
| सदस्य संख्या ........ , महिला...... , पुरुष ...<br>जातजाती विवरणः दलित......, जनजाती...... अन्य........<br>बालीः मकै<br>बिरुवा तत्व (के.जी.प्र.हे) ...... ना., ......फो, .......पो.<br>मुख्य परिक्षणः १. उन्नत तरिका प्लट १, २ र ३<br>२. कृषक तरिका प्लट ४<br>जातियः १. ........................<br>२. ........................<br>३. ..............................<br>४. .............................. |

३) कृषि विकास तथा कृषक पाठशाला सञ्चालनमा निकाय र पदाधिकारीहरुको काम

३.१ **कम्युनिटी अर्गेनाइजर (CO)**: सस्थांगत विकास, जल व्यवस्थापन र कृषि सम्बन्धी कार्यमा सघाउने।

३.२ **सोसल मोवीलाइजर (SM)**: सोसल विकास विशेषज्ञहरुको सुपर भिजनमा रही लाए अह्राएको काम गर्ने ।

३.३ **जुनिएर टेक्नीसियन (JT)**: कृषि सम्बन्धी कार्य योजना तैयार गर्ने र सो कार्यक्रम सिंचाइ उप योजनामा कृषि सल्लाहकारहरुको निर्देशनमा सञ्चालन गर्ने र आवश्यक तथ्याकं संकलन गर्ने ।

३.४ **जल उपभोक्ता संस्था (WUA)**: सिंचाइ आयोजनाको निर्माण कार्यको लागि आवश्यक पहल गर्नुको साथै कृषि उत्पादन बढाउनको लागि कृषि विकास कार्यक्रममा समेत सक्रिय सहभागी हुने / गराउने ।

३.५ **उप आयोजना व्यवस्थापन इकाइ (SMU)**: उप आयोजना सचांलनमा रहेको अवस्था आइ पर्ने समस्याहरु समाधानमा सहजीकरण गर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## परिशिष्ट १

# सिंचाई नभई नहुने बालीहरूको महत्वपुर्ण अवस्थाहरू

### (कृषकले खेतीमा अत्यावश्यक सिंचाईका लागि याद गर्नुपर्ने अवस्थाहरु)

| | |
|---|---|
| धान | औसत उपभोग्य पानी : ९०-१५० से.मी.<br>औसत बाली अवधि : १००-१२० दिन<br>पानी नभई नहुने अवस्था : बाली बढ्ने समय (Crop elongation period)<br>डोलाउँदा (Jointing stage)<br>फूल फुल्दा (Flowering stage)<br>दूध पस्दा (Dough stage) |
| मकै | औसत उपभोग्य पानी : ५०-८० से.मी.<br>औसत बाली अवधि : ९०-१२० दिन<br>पानी नभई नहुने अवस्था : बाली बढ्ने र घुँडासम्म हुँदा (Knee high stage)<br>दाना लाग्दा (Grain formation)<br>दाना पाक्ने (Grain maturity) |
| गहुँ | औसत उपभोग्य पानी : ४५-६५ से.मी.<br>औसत बाली अवधि : ११०-१३० दिन<br>पानी नभई नहुने अवस्था : जरा निस्कँदा (Crown root initiatyion stage)<br>गाँज हाल्दा (Tillering stage)<br>आँख्ला गर्दा (Jointing stage)<br>फूल फुल्दा (Flowering stage)<br>दूध पस्दा (Dough stage) |
| जौ | औसत उपभोग्य पानी : ३० से.मी.<br>औसत बाली अवधि : ११०-१३० दिन<br>पानी नभई नहुने अवस्था : बाली बढ्ने र बाली पोटाउँदा<br>(Flowering & grain formation stage) |
| चना | औसत उपभोग्य पानी : ४० से.मी.<br>औसत बाली अवधि : १४०-१५५ दिन<br>पानी नभई नहुने अवस्था : फूल निस्कँदा (Flowering stage)<br>हाँगा लाग्दा (Branching)<br>कोसा लाग्दा (Pod formation) |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| भटमास | औसत उपभोग्य पानी : | ४५-७० से.मी. |
| | औसत बाली अवधि : | १००-१२० दिन |
| | पानी नभई नहुने अवस्था : | बिरुवा विकास समय (Growing stage) |
| | | कोसा लाग्दा (Pod formation) |
| मुंग | औसत उपभोग्य पानी : | करिब ४० से.मी. |
| | औसत बाली अवधि : | ९०-१०० दिन |
| | पानी नभई नहुने अवस्था : | उम्रँदा (Germination) |
| | | फूल फुल्दा (Flowering stage) |
| | | फल लाग्दा (Pod formation stage) |
| तोरी | औसत उपभोग्य पानी : | ३५-४५ से.मी. |
| | औसत बाली अवधि : | ९०-१२५ दिन |
| | पानी नभई नहुने अवस्था : | बिरुवा वृद्धि अगावै (Before flowering) |
| | | कोसा लाग्दा (Pod/grain formation) |
| | | ४-६ पात आउँदा, फूल फुल्दा दाना लाग्दा पानी दिन उपयुक्त |
| सुर्यमुखी | औसत उपभोग्य पानी : | ९०-१३० से.मी. |
| | औसत बाली अवधि : | ६०-१०० दिन |
| | पानी नभई नहुने अवस्था : | बिरुवा वृद्धि समय (Before Flowering) |
| | | (बर्खे बालीभन्दा हिउँदे बालीमा पानी बढ्ता चाहिन्छ । |
| बदाम | औसत उपभोग्य पानी : | ५५-६० से.मी. |
| | औसत बाली अवधि : | १४०-१६० दिन बाली वृद्धि समय |
| | पानी नभई नहुने अवस्था : | फूल फुल्दा (Flowering stage) |
| | | आँख्ला गर्दा (Jointing stage) |
| | | फल शुरु हुँदा (Nut formation stage) |
| उखु | औसत उपभोग्य पानी : | २७०-३६५ से.मी. |
| | औसत बाली अवधि : | १५०-२५० दिन |
| | पानी नभई नहुने अवस्था : | वनस्पति वृद्धि गाँज राख्दा (Tillering) |
| | | काण्डको विकासमा (Stem & node development phase) |

## परिशिष्ट २

# वार्षिक कार्यक्रम फाराम (स्थानीय तहको कृषि इकाईले कार्यक्रम वनाउँदा भर्ने फाराम)

१. आ.ब. :
२. बजेट उपशिर्षक नं. :
३. कार्यालय

११. आयोजनाको कूल लागत
क. आन्तरिक १) नेपाल सरकार रु.
२) स्थानीय निकाय/संस्था :-
ख. बैदेशिक १) ऋण :- रु.
२) अनुदान :-रु.

४. ठेगाना

| क्र. सं. | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | इकाई | आ.व. वार्षिक लक्ष्य परिमाण | भार | बजेट | प्रथम चौमासिक लक्ष्य परिमाण | भार | बजेट | द्वितीय चौमासिक लक्ष्य परिमाण | भार | बजेट | तृतीय चौमासिक लक्ष्य परिमाण | भार | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | |
| १ | पुँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| २ | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | चालु खर्च कार्यक्रमको जम्मा | | | | | | | | | | | | | | | |
| | कुल जम्मा खर्च (क+ख) | | | | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## परिशिष्ट ३

# प्रगति प्रतिवेदन फाराम (स्थानीय तहको कृषि इकाईले प्रगति प्रतिवेदन पठाउदा भर्ने फाराम)

## ३.१ चौमासिक/वार्षिक प्रगति प्रतिवेदन फाराम

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालयः कृषि विकास मन्त्रालय
४. आयोजनाको नामः
५. कार्यालय प्रमुखको नामः
६. बार्षिक बजेट रु:

१) नेपाल सरकारः-
२) स्थानीय निकाय/संस्थाः
३) जनसहभागीताः
 १) ऋणः
 २) अनुदानः

रु हजारमा

| क. सं. | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | इकाइ | वार्षिक लक्ष्य | | | आ.व. .......... को | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | .....चौमासिक लक्ष | | | .... चौमासिक प्रगति | | बार्षिक प्रगति | | यस आयोजनाको कुल मध्ये | | |
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | भौतिक | भारीत | भौतिक | भारीत | सम्पन्न परिमाण | भारित प्रगति प्रतिशत | |
| १ | २ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| अ) | पुँजिगत कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| आ) | चालु खर्चका कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | ख) चालु कार्यक्रमको जम्मा | | | | | | | | | | | | | | | |
| | कुल जम्मा खर्च | | | | | | | | | | | | | | | |

........चौमासिक भारित प्रगति प्रतिशत

........चौमासिक वित्तीय प्रगति प्रतिशत



सचिव

३.२ अनुदान सम्वन्धी प्रगति विवरण फाराम

## आ.व. ............ को ........चौमासिक

रु हजारमा

| क्र. सं. | कार्यक्रम | बार्षिक विनियोजित अनुदान रकम | ........ चौमासिक विनियोजित रकम | ............... चौमासिक विनियोजित अनुदान रकम | खर्च भएको अनुदान रकम | जम्मा लाभान्वित कृषक संख्या | अनुदानको बजेटबाट मात्र भएको मुख्य मुख्य उपलब्धिहरु (क्षेत्रफल, उत्पादन, रोजगारी, मेशीनरी औजार तथा उपकरण लगायतको विवरण अदि) | कैफियत (कृषकहरुको नामावली ठेगाना विवरण) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१) यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धीहरु ..........................................................................................................

२) कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू..........................................................................................................

३) समस्या समाधान गर्न गरिएका प्रयासहरु..........................................................................................................

४)समस्या समाधानार्थ सुझावहरू..........................................................................................................



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिशिष्ट ४

# अनुगमन फाराम

(कर्मचारीहरुहरुले अनुगमन गर्दा भर्ने फाराम)

अनुगमन भ्रमण मितिः ..........................................
ठेगाना ..............................................................
सिंचाइ प्रणालीः ....................................................

१. अनुगमनमा सहभागी सदस्यहरुः

२. अनुगमनको क्रममा सम्पर्कमा आएका जल उपभोक्ता समिति पदाधिकारीहरु/कृषक उपभोक्ताहरुः

३. अनुगमन भ्रमणको उद्देश्यः

४. अनुगमनमा देखापरेका मुख्य कृयाकलापहरु र कार्यान्वयन स्थिती

क) सिंचाइ प्रणाली व्यवस्थापन र ज.उ.स. ले गरिआएको कृयाकलापको सम्बन्धमाः ......................

ख) खेतस्तरको जल व्यवस्थापन कार्यक्रम सम्बन्धमाः..........................................................

ग) वाली व्यवस्थापन र कृषि उत्पादन सम्बन्धमाः........................................................

घ) जिल्ला प्राविधिक टोलीले पुर्याएको प्राविधिक सेवा सम्बन्धमाः ......................................

ङ) खेतस्तरमा गरिएको/गरिने संरचना सुधारको सम्बन्धमाः....................................................

च) अन्यः ......................................................................

५. अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु एवं सवल पक्ष र कमी कमजोरीहरुः

...........................................................................................................................

६. देखिएका समस्याहरुलाई समाधानार्थ दिईएको सुझाव र निर्देशनः

क) ज.उ.स. का उपभोक्ताहरुलाईः....................................................................

ख) स्थानीय तहलाईः........................................................................................

ग) आयोजना कार्यान्वयन इकाईलाईः.........................................................................

च) अन्यः ..........................................................................................................

७. अनुगमन कर्ताको समष्टिगत धारणाः ..........................................................................

अनुगमन भ्रमण मितिः ..........................................

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिशिष्ट ५

# अनुगमन मूल्याङ्कनका सूचकहरु फाराम

(कर्मचारीहरुहरुले अनुगमन गर्दा भर्ने फाराम)

(क) वाली उत्पादन सम्बन्धमा

| सि.नं |  | कार्यक्रम शुरु हुनु अघि | कार्यक्रम संचालन पछि पहिलो वर्ष | कार्यक्रम संचालन पछि दोश्रो वर्ष | कार्यक्रम संचालन पछि तेश्रो वर्ष |
|---|---|---|---|---|---|
|  |  |  | .................. | .................. | .................. |
| १. | वालीको सघनता % | .................. | .................. | .................. | .................. |
| २. | वालीको विविधता | .................. | .................. | .................. | .................. |
| ३. | वालीको उत्पादकत्व | .................. | .................. | .................. |  |

नोट : उत्पादकत्व प्रत्येक वालीको छुट्टाछुट्टै गर्नु पर्नेछ ।

(ख) जल व्यवस्थापन सम्बन्धमा

| सि.नं. |  | कार्यक्रम शुरु हुनु अघि | कार्यक्रम संचालन पछि पहिलो वर्ष | कार्यक्रम संचालन पछि दोश्रो वर्ष | कार्यक्रम संचालन पछि तेश्रो वर्ष |
|---|---|---|---|---|---|
|  |  |  |  |  | .................. |
| १. | समानुपातिक पानी वितरण व्यवस्था | .................. | .................. | .................. | .................. |
|  |  |  | .................. | .................. | .................. |
| २. | उपलब्ध पानीको परिमाण | .................. | .................. | .................. | .................. |
| ३. | वालीको आवश्यकता अनुरुप पानीको पर्याप्तता | .................. | .................. | .................. | .................. |
| ४. | सिंचित क्षेत्र र Irrigation efficiency | .................. | .................. | .................. |  |

(ग) ज.उ.स.को संस्थागत विकास सम्बन्धमा

| सि.नं. |  | कार्यक्रम शुरु हुनु अघि | कार्यक्रम संचालन पछि पहिलो वर्ष | कार्यक्रम संचालन पछि दोश्रो वर्ष | कार्यक्रम संचालन पछि तेश्रो वर्ष |
|---|---|---|---|---|---|
|  |  |  |  | .................. | .................. |
| १. | नियमित बैठक र निर्णय कार्यान्वयनको अवस्था | .................. | .................. | .................. | .................. |
| २. | श्रोत संकलन तथा परिचालन | .................. | .................. | .................. | .................. |
| ३. | सुशासन (पारदर्शिता, सहभागिता, उत्तरदायित्व र नियमको सासन) | .................. | .................. | .................. |  |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिशिष्ट ७

# प्रशासनिक खर्च विवरण फाराम

## (स्थानीय तहले चौमासिकमा आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्ने फाराम)

**L2102-NEP: CMIASP**

**STATEMENT OF EXPENDITURES (SOE) for category 8B – Project Management (DoA)**

**For the period: ………, 2019 To ……., 2019 (NFY 2075 /76)**

**Name of Office: ………………**

| **SOE Sheet No.** | | | | **Date:** | |
|---|---|---|---|---|---|
| Item No. (1) | Description of Expenses [a] (2) | Expenditure During this Period (NRs.) (3) | Budget Line Item (4) | Mode of Payment (5) | Voucher No. (6) |
| 1 | Communication | | **22112** | | |
| 4 | Fuel | | **22211** | | |
| 3 | Repair and Maintenance | | **22212** | | |
| 2 | Official | | **22311** | | |
| 5 | Miscellaneous | | **22711** | | |
| | **Total [b]** | | | | |

**CERTIFICATION**

It is hereby certified that the above amounts have been paid for proper execution of project activities within the terms and conditions of the loan agreement. All documentation authenticating these expenditures has been returned in (insert location) and will be made available upon request of review missions. It is further certified that payments have been not been split to enable them to pass through the threshold prescribed under the SOE.

Prepared by : Approved by:

(Signature over Printed Name, Position and Date) (Signature over Printed Name, Position and Date)

**Notes:**

a. Indicate against each Item of Expenditure, whether the payment is a down payment or an installment payment (if so, the number of installments)

b. Ensure that the total amount or the aggregate of all summary sheets agrees with the sum indicated in the application which should be equivalent to US$100,000 or above

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिशिष्ट ९

# तालिम तथा कार्यक्रम खर्च विवरण फाराम

## (स्थानीय तहले चौमासिकमा आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्ने फाराम)

**L2102-NEP: CMIASP**

**STATEMENT OF EXPENDITURES (SOE) for category 4B – Training (DoA)**

**For the period: ........., 2019 To ........, 2019 (NFY 2075 /76)**

**Name of Office: ..................**

| SOE Sheet No. | | | | | | Date: | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Item No. (1) | Topic of Training (2) | No. of Participants (3) | Date and Place of Training (4) | Expenditure During this Period (NRs.) (5) | Particulars of Payment[a] (6) | Date of Payment (7) | Budget Line Item (8) | Mode of Payment (9) | Voucher No. (10) |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **Total b** | | | | | | | | | |

**CERTIFICATION**

It is hereby certified that the above amounts have been paid for proper execution of project activities within the terms and conditions of the loan agreement.

All documentation authenticating these expenditures has been returned in (insert location) and will be made available upon request of review missions.

It is further certified that payments have been not been split to enable them to pass through the threshold prescribed under the SOE.

Prepared by : ______________________ Approved by : ______________________

(Signature over Printed Name, Position and Date) (Signature over Printed Name, Position and Date)

**Notes :**

a. Indicate against each Item of Expenditure, whether the payment is a down payment or an installment payment (if so, the number of installments)

b. Ensure that the total amount or the aggregate of all summary sheets agrees with the sum indicated in the application which should be equivalent to US$100,000 or above



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिशिष्ट ८

# अनुगमन तथा मूल्याङ्कन खर्च विवरण फाराम

## (स्थानीय तहले चौमासिकमा आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्ने फाराम)

**L2102-NEP: CMIASP**

**STATEMENT OF EXPENDITURES (SOE) for category 6B – Monitoring and Evaluation (DoA)**

**For the period: ………, 2019 To …….., 2019 (NFY 2075 /76**

**Name of Office: ………………**

| SOE Sheet No. | | | | | | Date: | |
|---|---|---|---|---|---|---|---|
| Item No. (1) | Description of Expenditure (2) | Expenditure incurred by (Position only) (3) | Expenditure During this Period (NRs.) (4) | Date of Payment (5) | Budget Line Item (6) | Mode of Payment (7) | Voucher No. (8) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **Total b** | | | | | | |

**CERTIFICATION**

It is hereby certified that the above amounts have been paid for proper execution of project activities within the terms and conditions of the loan agreement.

All documentation authenticating these expenditures has been returned in (insert location) and will be made available upon request of review missions.

It is further certified that payments have been not been split to enable them to pass through the threshold prescribed under the SOE.

Prepared by : ______________________________
(Signature over Printed Name, Position and Date)

Approved by : ______________________________
(Signature over Printed Name, Position and Date)

**Notes :**

a. Indicate against each Item of Expenditure, whether the payment is a down payment or an installment payment (if so, the number of installments)

b. Ensure that the total amount or the aggregate of all summary sheets agrees with the sum indicated in the application which should be equivalent to US$100,000 or above

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५

सिंहदरबार
काठमाडौं, नेपाल

प.सं : यो.ब.का. २०७५/०७६
च.नं. : ३८४

मितिः २०७५/१०/१४

विषयः स्वीकृत कार्यविधि पठाईएको सम्बन्धमा ।

श्री कृषि विभाग,
हरिहरभवन, ललितपुर।

प्रस्तुत विषयमा तहाँबाट पेश भएको "समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना अन्तर्गत स्थानिय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ (नमुना)" नेपाल सरकार (सचिवस्तर) मिति २०७५।१०।०४ को निर्णय अनुसार स्वीकृत भएकोले आवश्यक कार्यार्थको लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..................
महिमा बज्राचार्य
बागवानी विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपंछी बिकास मन्त्रालय
**कृषि विभाग**
(योजना, कार्यक्रम तथा अनुगमन शाखा)

☎ ५५२४२२९
Email:
doa_planning@yahoo.com
www.doanepal.gov.np

पत्र संख्याः- यो.का.अ.-२०७५/७६ हरिहरभवन, पुल्चोक, ललितपुर
चलानी नं.:- ११४ मितिः- २०७५/१०/१७

विषयः- स्वीकृत कार्यबिधि पठाईएको सम्बन्धमा ।

श्री समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना,
हरिहरभवन, ललितपुर ।

प्रस्तुत विषयमा कृषि तथा पशुपंछी बिकास मन्त्रालय, योजना तथा बिकास समन्वय महाशाखाको प.सं. यो.व.का. २०७५/०७६ च.नं. ३८४ मिति २०७५/१०/१४ को पत्रसाथ प्राप्त भएको स्वीकृत ताहाँ **आयोजना अन्तरगत स्थानिय तह मार्फत कार्यान्वयन हुने कृषि बिकास कार्यक्रम संचालन कार्यबिधि, २०७५** आवश्यक प्रयोजनको लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

(बिष्णुकान्त सिंढाई)
कृषि अर्थविज्ञ

बोधार्थः-
श्री कृषि तथा पशुपंछी बिकास मन्त्रालय,
योजना तथा बिकास समन्वय महाशाखा, सिंहदरवार।